


संख्या ८३, पुस २०६१

**प्रधान सम्पादक**
विष्णु रिमाल

**सम्पादन समूह**
मुकुन्द न्यौपाने
उमेश उपाध्याय
विन्दा पाण्डे
कविन्द्र शेखर रिमाल
अग्निशिखा

**ले-आउट**
**नेस्वप्रेमयूका लागि**
महेन्द्र श्रेष्ठ
वुद्धि आचार्य
किरण माली

**व्यवस्थापन**
जितेन्द्र श्रेष्ठ

**प्रकाशक**
नेपाल ट्रेड यूनियन महासंघ
कार्यालय तथा प्रकाशन विभाग
पो.ब.नं. १०,६५२
मनमोहन मजदुर भवन
पुतलीसडक, काठमाडौं।
फोन : ४२४८०७२
फ्याक्स : ४२४८०७३
ई-मेल : office@gefont.org
वेभ साइट : www.gefont.org
मूल्य : रु. १५।-

**आवरण**
एम्ज माउस, ४२६५९४४

**मुद्रक**
इन्द्रेणी अफसेट,
४७७१४४८, अनामनगर।

Partly supported by
ILO/IPEC/DECL

**श्रमिक खबरको विज्ञापन दररेट**

| | |
|---|---|
| कभर बाहिरी रंगीन १ पेजको | १५,००० |
| कभर भित्री रंगीन १ पेजको | १२,००० |
| भित्री १ पेजको | १०,००० |
| भित्री आधा पेजको | ६,००० |
| भित्री चौथाइ पेजको | ४,००० |

नोटः अग्रिम भुक्तानीमा १०% छुट तथा वार्षिक विज्ञापन ग्राहकका लागि १५% छुट दिइनेछ।

"बालबालिका शान्ति क्षेत्र" भन्ने उद्घोषका साथ नेपाल ट्रेड यूनियन महासंघले यो वर्षको अन्तरराष्ट्रिय बालअधिकार दिवस (२० नोभेम्बर) यही मंसीर ५ गते बुटवलमा विशाल जन प्रदर्शन गरी सम्पन्न गऱ्यो। दिनको ११ बजे पुष्पलाल चोकबाट शुरू भएको प्रदर्शनमा बुटवल र वरपरका गाउँबाट निजी आवासीय एवं सामुदायिक स्कुलमा अध्ययनरत विद्यार्थीहरू, सडक बालबालिका तथा अनाथालयमा बस्ने केटाकेटीदेखि बौद्ध-विहारमा दिक्षा प्राप्त गर्ने स-साना शिष्यहरूको समेत सहभागिता थियो।

५





२०

नेपालमा जारी द्वन्द्व र यसले मुलुकको आन्तरिक जीवनका विभिन्न पक्षमा पारेको असरका बारेमा दैनिक जस्तो समाचार र लेखहरू सुन्न र पढ्न पाइन्छ। तर बढ्दो हिंसात्मक घटनाले नेपालको अन्तरराष्ट्रिय सम्बन्ध, प्रतिष्ठा र अन्य मुलुकहरूको नेपालप्रतिको चासो अर्थात नेपाल र यस क्षेत्रको भूराजनीतिमा पारेको असरका बारेमा भने त्यति धेरै चर्चा-परिचर्चा भएको पाइन्न।

स्वीडेन जेण्डर समानताको रूपमा संसारकै पहिलो नम्बरमा पर्ने देश हो। यहाँको संसद र स्थानीय निकायमा महिला सहभागिता ४८ प्रतिशत र मन्त्री परिषदमा ५० प्रतिशत रहेको छ। समाजमा आधा हिस्साको रूपमा रहेका महिलाहरूको हरेक क्षेत्रमा आधा सहभागिता हुनु पर्ने कुरालाई पहिलो शर्त मान्ने यस देशको संसदमा एकजना सभामुख र तीन जना उप सभामुखमा पनि महिला र पुरुष दुई-दुई जना रहेका छन्।

२५





२८

जोर्डनभित्र नै अराफातले आफ्नो सेना र संगठनको शक्तिमा आफ्नो स्वतन्त्र अस्तित्व कायम गरेर इजरायल विरुद्ध गुरिल्ला आक्रमण गर्दैरहे। तर यो कुरा जोर्डनका नरेश हुसेनलाई असह्य भयो र पिएलओ माथि पूर्ण प्रतिबन्ध लगाइयो।

**सचेत बनौं !** /२
**बितेको महिनामा नेपाल** /३
**यस अंकको शब्द कोष** /४
**बाल अधिकारसम्बन्धी महासन्धिमा के छ ?**/९
**तपाई हामीलाई उचित वातावरण दिनुहोस्, हामी तपाईलाई सुनौलो नेपाल दिन्छौं !**/११
**राजनीतिक स्वार्थको लागि हामीलाई नै आफ्नो...** /१२
**बालबालिकाहरूको राष्ट्रिय मञ्च** /१३
**सन्दर्भ : अन्तरराष्ट्रिय बाल अधिकार दिवस** /१४
**आइसिएफटियू, जीयूएफ उच्चस्तरीय मिशनको नेपाल भ्रमण** /१५
**विश्वमा गरिबी : एक झलक** /१६
**आफ्नै मामाको हलिया जस्तो म, मनोहरि ...** /१८
**इराकमा मान्छे काट्ने भनेको त खसी काट्नै जस्तै रहेछ !** /२४
**श्रमका क्षेत्रलाई शान्ति क्षेत्र घोषणा गर !** /२९
**महिला अधिकार अभिवृद्धि कार्यक्रमको योजना...** /३२
**नेपाल नाई ट्रेड यूनियनको गठन** /३२

## १० वर्ष अघिको श्रमिक खबरबाट

मध्यावधि निर्वाचन सकिएको छ। सरकारले आफ्नो नीति तथा कार्यक्रम मार्फत मजदुरका लागि श्रम अदालत गठन गरिदिने वचन व्यक्त गरिसकेको छ। यसले स्वाभाविक रूपमा उत्साह थपेको छ। कृषि मजदुरहरूको न्यूनतम ज्याला तय गर्ने प्रक्रिया थालनी गर्ने र बाँधा मजदुर प्रथा उन्मूलन गर्ने प्रतिबद्धताले सरकारप्रति आशा बढाएको छ।

**श्रमिक खबर** संख्या ४२, माघ, २०५१





# सचेत बनौं !

गैरसरकारी संस्था-सीविनले “जस्तो भोगाइ, त्यस्तै सिकाइ” शीर्षकमा वर्षौं अघि एउटा प्रचार पोष्टर प्रकाशमा ल्याएको थियो । पोष्टरमा हाम्रो व्यवहार र आचरणका कारण बालबालिकामा पर्ने असर सरल ढंगले ११ बुँदामा उल्लेख गरिएको थियो ।

- तनाव बीच हुर्केको बालकले झै-झगडा गर्न सिक्दछ ।
- दुर्व्यवहारमा हुर्केको बालकले पछुताउन सिक्दछ ।
- आलोचना बीच हुर्केको बालकले भर्त्सना गर्न सिक्दछ ।

यी वाक्यहरू आजको हाम्रो बालबालिकासँगको व्यवहारमा तुलना गर्न लायक छन् । हालै सम्पन्न अन्तरराष्ट्रिय बालअधिकार दिवसमा एक जना विदेशी मित्रले प्रश्न गरे- ‘डाक्टर, इन्जिनीयर, पाइलट र वैज्ञानिक जस्ता  दक्ष जनशक्ति निर्माण गर्ने तपाईंहरूका विद्यालयमा बम कसरी पड्किन्छ, बन्दुक कति प्रकारका छन्, धराप कसरी थापिन्छ जस्तो विषयमा शिक्षा दिँदै हुनुहुन्छ । तपाईंहरू कस्तो भविष्य तयार गर्दै हुनुहुन्छ?’

जिफन्टले यो वर्ष समाजका विभिन्न संघ-संस्थासित सहकार्य गर्दै अन्तरराष्ट्रिय बालअधिकार दिवसमा आफूलाई सामेल गऱ्यो । बुटवललाई केन्द्र मानेर थालिएको यो अभियानमा एक जना स्कुले बालिकाले प्रश्न गरिन्- “भनिन्छ, मर्निङ्ग सोज द डे, जुन बालकले जन्मिनासाथ बम गोलाको आवाज सुन्नु पर्छ र बारुदको धुवाँसँगै पहिलो स्वास लिनु पर्छ भने तपाईंहरू कस्तो भविष्यकोसपना देख्दै हुनुहुन्छ ? राजनीतिको खेल खेल्न माहिर तपाईं ‘साँढे-साँढे’को मिचाईमा हामी निर्दोष ‘बाच्छा-बाच्छी’ किन पर्ने ?”

बालअधिकारको प्रसंगमा यी प्रश्नहरू तपाईं, हामी र हाम्रो समाजका “मै हुँ” भन्नेहरूलाई सोधिएका यक्ष प्रश्न हुन् । प्रश्नमाथि फेरि प्रश्न उठ्छ- यसको जवाफ के हो त ? साँच्चिकै सत्ता संघर्षको हाम्रो राजनीतिक खेलको मूल्य निर्दोष बालबालिकाले किन तिर्ने ? खुरी खेल्ने हामी, मूल्य तिर्ने उनीहरू किन ?

एक जना प्रसिद्ध ग्रीक इतिहासकार भन्छन् “शान्तिमा सन्तानले अभिभावकको अन्तिम संस्कार गर्छन् । युद्धले प्रकृतिको नियम बिगारी दिन्छ र बाबु-आमाहरू आफ्ना बालबालिकालाई खाल्डोमा हाल्छन् ।” ग्रीक इतिहासकारको भनाइ आज हाम्रो जीवनमा अनुवाद हुँदैछ । समय बिति सकेको छैन तर ढिला भने भइसकेको छ । हामी हाम्रो भविष्यसँग खेलाँची नगरौं ।

त्यसैले आउनुस्, आजै प्रण गरौं, बालबालिका शान्ति क्षेत्र हुन्- बालअधिकारलाई संबर्द्धन गरौं । सचेत बनौं, हाम्रा बालबालिकाको निर्दोष आँखामा छ - देश र जनताको भविष्य !

# बितेको महिनामा नेपाल

**(२०६१ असोज १६ – २०६१ मंसीर १५)**

**असोजको तेस्रो साता :** अनेरास्ववियूको सत्रौं राष्ट्रिय अधिवेशन बीरगञ्जमा सम्पन्न भयो । त्यस अधिवेशनले खिमलाल भट्टराईलाई अध्यक्षमा निर्वाचित गर्‍यो । प्रमुख राजनीतिक दल र राजा मिले माओवादी समस्या समाधानको बाटोमा ल्याउन सकिने अमेरिकी विदेश मन्त्रालयका अधिकारीले विचार व्यक्त गरेको समाचार प्रकाशित भयो ।

**असोजको चौथो साता :** सरकारले विभिन्न समयमा वेपत्ता पारिएका मध्ये १ सय २६ जनाको स्थिति सार्वजनिक गर्‍यो । सरकार र माओवादी द्वन्द्वको शान्तिपूर्ण समाधानको निम्ति दवाव दिन नागरिक समाजका सदस्यहरूले पूर्व न्यायाधिश कृष्णजंग रायमाझीको अध्यक्षतामा नागरिक शान्ति आयोगको गठन गरी कार्यालयको पनि स्थापना गरियो ।

**कात्तिकको पहिलो साता :** कात्तिक ३ गते सरकारले आतंककारी तथा विध्वंसात्मक कार्य गर्न सक्ने आशंकामा कुनै पनि व्यक्तिलाई एक वर्षसम्म नजरबन्दमा राख्न सक्ने गरी आतंककारी ऐनको संशोधन गर्‍यो । यो विधेयकको राष्ट्रिय मानवअधिकार आयोग लगायत राजनीतिक पार्टी, नागरिक समाजले सर्वत्र विरोध गरे ।

माओवादीले दशैंभरी ९ दिनको निमित्त एकतर्फी युद्ध विरामको घोषणा गर्‍यो । माओवादीले गरेको यो घोषणाको लगत्तै सरकारले पनि अनाक्रमणको घोषणा गर्‍यो ।


**कात्तिकको दोस्रो र तेस्रो साता :** सरकारले दशैंको मुखमा विभिन्न व्यक्तिहरूलाई आर्थिक सहयोग गरेकोमा विवाद भयो । मुख्य सचिव विमल प्रसाद कोइरालाले सरकारले दशैंमा राष्ट्रिय ढुकुटीबाट अपारदर्शी ढंगले आर्थिक सहयोग बाँडेको रहस्योद्घाटन गरे । मलेसियाले अवैधानिक रूपमा बसेका सबै विदेशी मुलुकका कामदारलाई मुलुक छाड्न सूचना जारी गर्‍यो । जसको कारण दशौं हजार नेपालीले मलेसिया छोड्नु पर्ने भयो । चिठ्ठा प्रणालीद्वारा कोरियामा कामदार पठाउने श्रम मन्त्रालयले गरेको निर्णयलाई मन्त्रीपरिषदले उल्टाएर छनोट भएका उम्मेदवारलाई पठाउने निर्णय गर्‍यो । **कात्तिक** १७ गते माओवादीले मुगु जिल्लाको सदरमुकाममा आक्रमण गरी आठ सरकारी कार्यालयहरू ध्वस्त गर्‍यो ।

संयुक्त राज्य अमेरिकाको राष्ट्रपतिको चुनावमा जोन केरीलाई पराजित गरी जर्ज डब्लु बुस पुनः विजयी भयो । धनुषा देवपुराका युनिस कवारीलाई बगदादमा बन्दी बनाएकोमा सरकारले अवस्था पहिचानको लागि उच्चस्तरीय उद्धार समितिको गठन गर्‍यो । लगत्तै उनलाई छोड्यो । **कात्तिक २० गते** राप्रपाका संस्थापक नेता सूर्यबहादुर थापाले नयाँ प्रजातान्त्रिक शक्ति निर्माण गर्न भनी आफ्ना सहयोगी सहित पार्टी छोडेको घोषणा गरे ।

**कात्तिकको चौथो साता :** कात्तिक २३ गते संविधान दिवस विभिन्न कार्यक्रम साथ सम्पन्न भयो । कात्तिक २६ गते सरकारका प्रवक्ता मोहमद मोहसिनले वर्तमान सरकारले समस्या समाधन गर्न नसकेमा मुलुकमा अधिनायकवादी व्यवस्था लागू गर्नु पर्ने अवस्था आउने विचार व्यक्त गरे । उनको यस विचारको सरकारमा रहेका पार्टीहरूका साथै सबै राजनीतिक पार्टी र संघसंस्थाहरूले आलोचना गरे ।

**मंसीरको पहिलो साता :** मंसीर २ गते तिहार सकिएको लगत्तै कैलाली, धादिङ, बाँके र धनुषाका विभिन्न स्थानमा माओवादी र सुरक्षाकर्मीहरू बीच भएका भिडन्तमा एक प्रहरी निरिक्षक सहित १३ सुरक्षाकर्मीको मृत्यु भयो । दर्जनौं माओवादीहरू पनि हताहत भए । मंसीर ३ गते, कृष्णभीरमा सडकको अवरोध हटाउने क्रममा भएको भिडन्तमा आठ सशस्त्र प्रहरीको मृत्यु भयो । माओवादीले अछाम जिल्लामा तीन हजार भन्दा बढी सर्वसाधारणलाई जबर्जस्ती पूर्णकालीन सदस्य बनायो । यसै हप्ता दैलेख जिल्लाको विभिन्न गाविसहरूमा माओवादी ज्यादती विरुद्ध स्थानीय महिलाहरूको सक्रियतामा व्यापक जनप्रदर्शन भयो । **मंसीर ६ गते** दैलेखमा आफ्नो प्रतिकारमा जुटेका गाउँलेलाई माओवादीले आक्रमण गरी ३ जनाको हत्या गर्‍यो । कैलालीको पाण्डौन स्थित माओवादी तालिम केन्द्रमा सुरक्षा फौजले आक्रमण गर्‍यो । आक्रमणमा दश जना सुरक्षाकर्मीको मृत्यु भयो, ३१ भन्दा बढी माओवादीको लास भेटियो ।

**मंसीर ५ गते** अन्तरराष्ट्रिय बालअधिकार दिवस अधिराज्यभरी मनाइयो । यसै दिवसको उपलक्ष्यमा जिफन्टले बुटवलमा हजारौं बालबालिका तथा श्रमिकहरूको शान्ति ऱ्याली तथा सभा गर्‍यो । कतारमा वैदेशिक रोजगारीमा गएका पाँच जना नेपालीको सेफ्टी ट्यांकी सफा गर्न लाग्दा विषालु ग्यासले मृत्यु भयो । यसै हप्ता पूर्व प्रधानमन्त्री सूर्य बहादुर थापाले नयाँ शक्ति स्थापनाको प्रक्रियालाई अगाडि बढाउन सम्पर्क कार्यालयको स्थापना गरे ।




साभारः कान्तिपुर

**प्रस्तुति : विदुर कार्की**

# यस अंकको शब्द कोष

**तनाव** : कुनै झमेलाका काम, कुरा, सोचाइ आदिले मस्तिष्कमा हुने खिचातानी
**दुर्व्यवहार** : नराम्रो व्यवहार
**भर्त्सना** : कडा शब्दमा निन्दा
**खुरी खेल्ने** : एक आपसमा अनावश्यक विवाद खडा गरिरहने काम
**अनुवाद** : एक भाषावाट अर्को भाषामा रूपान्तरण
**नजरबन्द** : कुनै निश्चित ठाउँबाट बाहिर जान नपाउने गरी नियन्त्रणमा राख्नु, थुन्नु
**युद्धविराम** : युद्धरत पक्षहरूले अस्थायी रूपमा आक्रमण रोकेको घोषणा
**अनाक्रमण** : युद्धमा हमला नगर्ने नीति
**मानसिक विकास** : सोचमा परिपक्वता
**सामरिक** : लडाइ/युद्धसँग सम्बन्धित, युद्धको हिसावले उपयुक्त र महत्वपूर्ण विषय
**मापदण्ड** : नाप्ने कसी
**अनुमोदन** : समर्थन
**कानुनहीनता** : नियम नभएको अवस्था
**सौहार्द्रपूर्ण** : आत्मीय भावका साथ
**सशस्त्रदल** : हातहतियार सहितको जत्था
**पुनर्प्राप्ति** : फेरि पाउनु
**सुपुर्दगी** : कुनै वस्तु वा व्यक्ति जिम्मा लगाउने काम
**भयातुर** : डराएको अवस्था
**विषमता** : असमानता
**विस्थापन** : एउटा वस्तु, विचार वा समूहलाई अर्को वस्तु, विचार वा समूहले पाखा लगाउनु नै विस्थापित गर्नु हो। उदाहरणको लागि हिंसात्मक द्वन्द्वका कारण गाउँबाट शहर वा सदरमुकाम आउन बाध्य भएका परिवार विस्थापित हुन्।
**आप्रवासी** : एक देशबाट अर्को देशमा आएर बसेको व्यक्ति
**प्रतिनिधि मण्डल** : कुनै विशेष उद्देश्यका साथ कुराकानी गर्नाका लागि तय भएको प्रतिनिधिहरूको समूह
**सापेक्ष** : अर्कोसित सम्बन्ध वा तुलना गर्दा
**विनिमय** : साटासाट
**गिनी-इन्डेक्स** : तथ्यांकहरूको विश्लेषण गरी निष्कर्षमा पुऱ्याउने एउटा परिसूचक
**अन्तर्निर्भरता** : एक अर्कामा भर पर्ने
**समानुपातिक** : संख्याको आधारमा, दुई वा दुई भन्दा बढी विषय वा वस्तुको तुलना गर्दा बराबरको मात्रा वा अवस्थालाई समानुपातिक भनिन्छ। राजनीतिमा १०० जना नागरिकको समुदायमा महिला २० र पुरुष ८० छन् भने ५ जना रहने कुनै निकायमा प्रतिनिधित्व गर्दा १ महिला ४ पुरुष रहनु समानुपातिक हुन्छ। यस्तै प्रतिनिधित्व जातीय, क्षेत्रीय वा दलगत आधारमा पनि हुन सक्छ।
**सेल्टर** : आश्रय दिने ठाउँ
**सहअस्तित्व** : एक आपसमा समान हकहित, मान-मर्यादा कायम गरेर बाँच्न चाहने

**प्रस्तुति : पेम्बा लामा**



## माओवादीको यो ज्यादती !

नेपाल ट्रेड यूनियन महासंघको सदस्य यूनियन कृषि मजदुर संघ, नेपालको केन्द्रीय सदस्य तुलसी चौधरीलाई गत असोज २० गते नवलपरासी स्थित आफ्नै घरबाट राति माओवादीहरूले अपहरण गरे। त्यसको भोलिपल्ट तुलसी चौधरी मरणासन्न अवस्थामा घर नजिक फ्याँकिएको भेटियो। उनको दुवै हात र एउटा खुट्टा भाँचिएको थियो।

तुलसी चौधरीलाई तत्काल भैरहवा अस्पतालमा लगियो। त्यहाँबाट मात्र उपचार हुन नसक्ने भएपछि हाल काठमाडौं महाराजगंज स्थित टिचिङ अस्पतालमा उपचार गरिँदै छ।

नेपाल ट्रेड यूनियन महासंघ माओवादीहरूको यस खालको पासविक कार्यको निन्दा गर्दै कमरेड तुलसी चौधरीको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ।



# सचेत बनौं
## हाम्रा बालबालिकाको निर्दोष आखाँमा छ, देश र जनताको भविष्य

रमेश बड्डाल

“बालबालिका शान्ति क्षेत्र” भन्ने उद्घोषका साथ नेपाल ट्रेड यूनियन महासंघले यो वर्षको अन्तरराष्ट्रिय बालअधिकार दिवस (२० नोभेम्बर) यही मंसीर ५ गते बुटवलमा विशाल जन प्रदर्शन गरी सम्पन्न गऱ्यो । दिनको ११ बजे पुष्पलाल चोकबाट शुरू भएको प्रदर्शनमा बुटवल र वरपरका गाउँबाट निजी आवासीय एवं सामुदायिक स्कुलमा अध्ययनरत विद्यार्थीहरू, सडक बालबालिका तथा अनाथालयमा बस्ने केटाकेटीदेखि बौद्ध-विहारमा दिक्षा प्राप्त गर्ने स-साना शिष्यहरूको समेत सहभागिता थियो । जिफन्टको केन्द्रीय कार्यक्रम अन्तर्गत पश्चिमाञ्चल क्षेत्रीय समन्वय कमिटीको संयोजनमा आयोजित उक्त कार्यक्रममा कारखाना, सेवा र अन्य औपचारिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

झण्डै डेढ किलोमिटर लामो जुलुस बुटवल नगरका विभिन्न भागको परिक्रमा गरेपछि सिद्धेश्वर मा.वि.को प्राङ्गणमा सभामा परिणत भयो । उक्त कार्यक्रमको उद्घाटन सडक बालक, जनजाति तथा अनाथ बौद्ध शिक्षार्थी बालिकाहरूको समूहले परेवा उडाएर गरेका थिए । ती बालबालिकाहरूमा रोशनी गुरुङ, सम अस्लामी, अनु गुरुङ, संगिता लामा, सरोज भण्डारी, सवनम लामा, सुरज लामा, पासाङ दोर्जे, पेमा साङ्मो, पासाम वाङ्मो थिए । जिफण्टका अध्यक्ष क. मुकुन्द न्यौपानेको अध्यक्षतामा सम्पन्न उक्त  कार्यक्रमको संचालन अघि आजसम्म द्वन्द्वबाट मारिएका बालबालिकाको सम्मान तथा सम्झनामा सम्पूर्ण आमन्त्रित अतिथिहरूले सामूहिक रूपमा मैनबत्ती बाल्नुभएको थियो ।

**सभामा सहभागिता र व्यक्त प्रतिबद्धता**

महासंघका पश्चिमाञ्चल क्षेत्रीय संयोजक चूडामणि जंगलीको स्वागत मन्तव्यबाट शुरू भएको सभाको प्रथम तथा मुख्य वक्ता न्यू होराइजन बोर्डिङ स्कुलकी कक्षा ९ की बालिका ज्योत्सना श्रेष्ठ हुनुहुन्थ्यो । “अंग्रेजीमा एउटा भनाइ पनि छ

नि- मर्निङ सोज द डे अर्थात यदि दिनको सुरुवात गतिलो भएन भने पूरै दिन खराब हुन सक्दछ।" ज्योत्सनाको भनाइ थियो- यदि भर्खरै यस धर्तीमा पाइला टेकेको एउटा बालकले चित्कार सुनेर आँखा खोल्नु पर्छ भने ... उसले बम र गोला बारुदको धुवाँ फैलिएको हावामा सास फेर्नु पर्छ भने, अब भन्नुहोस् त्यस बालकको भविष्य भोलि गएर के होला ?"

"जब आपसमा मनमटुव हुन्छ, तब द्वन्द्व हुन्छ। यो द्वन्द्वको पनि कुनै कारण होला। कुनै एकपक्ष दोषि होलान् ? तर यसमा हामी अवोध बालबालिकाहरूको के दोष रहेको छ ?"

यो भनाइमा सहमति जनाउँदै आफ्नो प्रश्न जनाउने अर्का वक्ता थिए, सिद्धार्थ बोर्डिङ स्कुल कक्षा ७ का बालक सुभाङ्ग पराजुली। उनको भनाइ थियो- "बालअधिकारका नारा घन्किरहेको यस अवसरमा खै कसरी म आफ्ना मनका भावनाहरू अभिव्यक्त गरुँ ? म यहाँ उभिएर भाषण गरिरहेको बेला सायद देशको कुना-कुनामा म जस्तै निर्दोष कति बालकको हत्या भइरहेको होला ! मेरा उमेरका कति साथीहरू घातक औजार र थोत्रा बोरासँग लडीबुडी खेलिरहेका होलान् ?! मेरा कति साथीहरू जुठा भाँडाहरू मस्काउँदै होलान्?!"

साना बालबालिकाको कुरा सुनेर प्रभावित नहुने त्यहाँ कोही थिएन। राष्ट्रिय मानव अधिकार आयोगका सदस्य सुशिल प्याकुरेलले भन्नुभयो- "कुनै पनि रूपमा विद्यालयलाई सैन्य प्रयोजनको लागि उपयोग गर्नु हुँदैन। हाम्रा विद्यालय राजनीति गर्ने अखडा र युद्धभूमि होइनन्।"

कार्यक्रममा आईएलओका प्रतिनिधि यादव अमात्य, नेपाल उद्योग वाणिज्य महासंघका ज्ञानेन्द्र कसजु, रूपन्देही उद्योग संघका एजाज आलम, प्याव्सन-नेपालका रूपन्देही अध्यक्ष राजु गुरुङ लगायतका वक्ताले वोल्नु भएको थियो। ट्रेड युनियनका प्रतिनिधिका रूपमा डिकोण्टका उपाध्यक्ष अयोध्याप्रसाद यादव र नागरिक समाजको तर्फबाट गैर सरकारी संस्था महासंघ, नेपालका गोपाल पाण्डेले सभालाई सम्बोधन गर्नु भएको थियो।

कार्यक्रमको अन्त्यमा महासंघका अध्यक्ष मुकुन्द न्यौपानेले समापन मन्तव्य दिनु भएको थियो। "भाइबहिनीहरूको यो उमेर भनेको पठन-पाठन गर्ने उमेर हो, खेल्ने उमेर हो, पेटभरी खान पाउनु पर्ने उमेर हो। तपाईको यो उमेर मनोरञ्जन गर्ने र भविष्यको असल नागरिक बन्न तयारी गर्ने उमेर हो-" स-साना नानीहरूलाई सम्बोधन गर्दै अध्यक्ष न्यौपानेले भन्नु भयो- "यो उमेरमा साना बालकहरूका



## मा. सुशिल प्याकुरेल

### सदस्य, राष्ट्रिय मानवअधिकार आयोग

हाम्रो जस्तो गरिबीको रेखामुनि ठूलो जनसंख्या भएको देशमा बाबु-आमाले सकी नसकी आधापेट खाएर केटाकेटीलाई स्कुल पठाएका छन् भने अर्कोतिर नेकपा (माओवादी) ले विद्यार्थीहरूको हित गर्ने भनेर गठन गरेको अखिल (क्रान्तिकारी) भन्ने संगठनले पाँच महिनाको लागि विद्यालय बन्द गर्ने आव्हान गर्दछ। विद्यालयमा सुरुङ खन्ने कामहरू गरिरहेका छन्। यस्तो काम विश्वमा कतै पनि हुँदैन। हामीले धेरै ठाउँमा यस्तो द्वन्द्वका कुराहरू सुनेका छौं। श्रीलंकामा दशकौंदेखि द्वन्द्व छ। त्यहाँ पनि लडाइँ भइरहेको छ। त्यहाँ पनि राजनीतिक द्वन्द्व भइरहेको छ। त्यहाँ पनि आफ्नो स्वतन्त्र राष्ट्रको लागि भनेर तमिलहरूले विद्रोह गरिरहेका छन्। तर त्यो ठाउँमा विद्यार्थीहरूलाई लगिने गरिँदैन, त्यो ठाउँमा विद्यालयहरूमा गएर सुरुङ खनिंदैन। त्यो ठाउँमा केटाकेटीहरूलाई युद्धका लागि प्रयोग गर्दैनौं भनेर उनीहरूले युनिसेफसित सम्झौता गरेका छन्। तर यहाँ शाही नेपाली सेनाले गरेको पत्रकार सम्मेलनमा उनीहरूले बडो खुल्ला रूपमा भने- 'केही केही विद्यालयहरूमा हामीले सेनाको प्रयोगको लागि विद्यालयहरूलाई लिएका छौं। हामी त्यसको साटो विद्यालयको लागि अर्को ठाउँ खोजिदिन्छौ।' यो बेठिक हो- उनीहरूले विद्यालय हातालाई, सैनिक प्रयोजनको लागि लिनु नै मानव अधिकारको सिद्धान्तको विपरित हो।

विद्यालयहरूलाई शान्ति क्षेत्र घोषणा गरिनु पर्छ। बालबालिका शान्ति क्षेत्र हुन् भनेर बारम्बार मानव अधिकारकर्मीहरूले मानव अधिकार क्षेत्रहरूबाट आवाज उठाएका छन्, त्यसलाई राष्ट्रिय मानवअधिकार आयोगले प्राथमिकताका साथ उठाइरहेको छ। राष्ट्रिय मानव अधिकार आयोगले श्री ५ को सरकारलाई स्पष्टसँग भनेको छ- कुनै पनि रूपमा, कुनै पनि विद्यालयलाई सैन्य प्रयोजनको लागि उपयोग गर्नु हुँदैन। त्यो ठाउँबाट सेना तुरुन्त हट्नु पर्छ। जतिसुकै सामरिक महत्व भए पनि सेनाहरू त्यहाँ बस्न पाइँदैन। बस्न हुँदैन। त्यसको लागि अब बालबालिकाहरू नै आगाडि आउनु पर्दछ। स्कुलमा पढ्ने विद्यार्थीहरूले भन्नु पऱ्यो- हाम्रो विद्यालय राजनीति गर्ने अखडा हुनु हुँदैन। हाम्रो विद्यालय युद्धभूमि होइन। हामीले पढ्न पाउनु पऱ्यो भनेर तपाईहरूले आवाज उठाउनु पऱ्यो। शिक्षकहरूले आवाज उठाउनु पऱ्यो। अन्त्यमा आजको यो दिनप्रति हामी राष्ट्रिय मानव अधिकार आयोगको तर्फबाट शुभकामना व्यक्त गर्न चहान्छौं र राष्ट्रिय मानव अधिकार आयोग बालअधिकारका लागि, बालबालिका शान्ति क्षेत्र हुन् भन्ने कुरा स्थापित गर्नको लागि दृढ संकल्पित छ।

हातमा औजार थमाएर कारखानाभित्र होइन, कलम-कापी सहित विद्यालय पठाउनु पर्छ। यही सन्देशलाई देशभर बढी प्रचारित गर्न हामीले यस्तो अभियान थालेका हौं । आज हामी पहिलो पटक तपाईंहरू सामु बालअधिकार दिवस मनाउँदै छौं।"

कमरेड न्यौपानेले द्वन्द्व र शान्तिको प्रसंगमा भन्नुभयो- "शान्ति भनेको समुद्र हो। समुद्र कहिल्यै हराउनेवाला छैन । शान्तिसित खेलवाड गर्नेहरू समुद्रको पिंधमा पुग्ने छन्। एउटा समय त्यस्तो पनि आउनेछ- आमजनताको शान्तिको चाहना प्रति खेलवाड गर्ने, चाहे त्यो विद्रोही होस् वा राज्यपक्ष, त्यसैको विरुद्ध मेचीदेखि महाकालीसम्मका जनताहरू भेलसरी सडकमा उत्रने छन्। त्यसैले म नेपाल ट्रेड यूनियन महासंघको तर्फबाट विद्रोही र राज्यपक्ष दुवैलाई संयमतापूर्वक शान्ति वार्तामा आउन आव्हान गर्दछु। मुलुकलाई शान्तिको निकास दिएर फेरि प्रजातन्त्रको पुनर्स्थापनाको बाटो खोल्ने र जनतालाई शान्तिपूर्ण ढंगले आफ्ना कामहरू गर्ने वातावरण सृजना गरीदिनको लागि यो मञ्चबाट फेरि अनुरोध गर्दछु।"

महासंघका महासचिव विनोद श्रेष्ठले सञ्चालन गर्नु भएको उक्त सभामा लुम्बिनी अञ्चल अध्यक्ष कमल गौतमले सबै सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो।

**बालबालिकाका लागि दश वर्षे कार्ययोजना**

बालअधिकार दिवसको अवसरमा श्री ५ को सरकारले बालबालिकाका लागि दश वर्षे कार्य योजना लागू गर्ने घोषणा गऱ्यो। केन्द्रीय बाल कल्याण समितिले तय गरी प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा घोषित कार्यक्रम अनुसार बाल अधिकार र मौलिक स्वतन्त्राको लागि संस्थागत, प्रशासनिक र कार्यान्वयनको लागि मापदण्ड निर्माण गर्ने, अपांग, अनाथ, सडक बालबालिका, दलित, सुविधाविहीन, आन्तरिक विस्थापनमा परेका शरणार्थी, द्वन्द्व पीडित, यौन शोषणमा परेका, कारागारमा रहेका बालबालिकाको अधिकार सुनिश्चित गर्ने जनचेतना अभिवृद्धि गर्ने लगायतका छन्।

यसरी नै स्वास्थ्य, शिक्षा, बालअधिकार संरक्षण र एचआइभि/एड्स विरुद्धको अभियानमा यो केन्द्रित छ। यस्तै, बालबालिका विरुद्ध हुने सबै प्रकारका शोषणको अन्त्य गरी बालमैत्री वातावरणको विकास गर्ने कार्ययोजनाको लक्ष्य रहेको छ।

**यो कार्यक्रम किन?**

जिफण्टको चौथो राष्ट्रिय महाधिवेशनले क्षेत्रीय रूपमा श्रमिक परिचालन गर्ने गरी सम्बन्धित क्षेत्रका जनतासँग हातेमालो गर्ने पाँचवटा केन्द्रीय कार्यक्रम पारित गरेको थियो । बुटवलको कार्यक्रम यो अभियानको पहिलो श्रृंखला हो र यसलाई बालअधिकार दिवसको रूपमा मनाउने निर्णय गरियो । अन्य श्रृंखलामा डिसेम्बर १८ मा अन्तरराष्ट्रिय प्रवासी श्रमिक दिवस इटहरी, २८ अप्रिलमा अन्तरराष्ट्रिय दुर्घटना पीडित श्रमिक स्मृति दिवस सीमरा, ८ मार्चमा अन्तरराष्ट्रिय श्रमिक महिला दिवस र मे १ मा मे दिवस काठमाडौंमा सम्पन्न गर्ने निर्णय गरिएको छ।

यी कार्यक्रमहरूबाट त्यस क्षेत्रमा जिफण्टलाई परिचित गराउने र श्रमिकहरूसँगको सम्बन्धलाई घनिष्ठ एवं जीवन्त बनाउने विश्वास महासंघले

## यादव अमात्य
### आइ एल ओ-नेपाल



विशेष गरेर आजको दिन बालबालिकाको दिन हो, यसको अगुवाइ गरेर यो भव्य समारोह आयोजना गरेकोमा म नेपाल ट्रेड यूनियन महासंघप्रति हार्दिक धन्यवाद र कृतज्ञता पनि जाहेर गर्न चाहन्छु । अन्तरराष्ट्रिय मापदण्डमा हेर्ने हो भने हाम्रा बालबालिकाहरू धेरै तल परेका छन्। धेरै पिछडिएका छन्। महासन्धिको धारा कुनै पनि बालबालिकाहरूलाई श्रममा लगाउन नहुने, उनीहरूलाई राज्यले सुरक्षा दिनु पर्ने, उनीहरूको मानसिक विकास, शारीरिक विकासमा टेवा दिनु पर्ने कुराहरू उल्लेख गरेको छ। बालअधिकार सम्बन्धी विभिन्न महासन्धिले उनीहरूको सहभागिताको कुरा पनि व्याख्या गरेको छ। यसैगरी अन्तरराष्ट्रिय श्रम संगठन (आइएलओ) को अभिसन्धि १३८ र १८२ ले बालबालिकाहरूलाई काममा लगाउन नहुने र विशेष गरेर निकृष्ट प्रकारका बालश्रममा लगाउन नहुने कुरा उल्लेख गरेको छ। यसलाई श्री ५ को सरकारले अनुमोदन गरिसकेको छ। तर पनि खास सुधार आउन सकेको छैन। त्यसैले गर्दा हजारौं बालबालिकाहरू विस्थापित भएर श्रम बजारमा आफ्नो श्रम बेच्न बाध्य भएका छन्। यही परिप्रेक्ष्यमा हामी आज यो कार्यक्रम गर्दैछौं । मलाई लाग्छ, यदि हामीले एक घरबाट अर्को घरका घरेलु बालश्रमिकको रूपमा काम गरिरहेका बालबालिकाहरूको श्रमलाई आजदेखि प्रयोग नगरौं भन्ने प्रण गर्न सकेमा आजको दिनको महत्व रहने छ। यस विरुद्ध आवाज उठाउन साझेदार संस्थाको रूपमा ट्रेड यूनियन महासंघ लगायत अन्य संस्थाहरू नागरिक समाजसँग अगाडि बढेमा बालअधिकारलाई हामी बढी सुरक्षित पार्न सक्छौं। यो अभियानमा म प्रतिबद्धता जाहेर गर्न चाहन्छु। आजको दिन म अन्तराष्ट्रिय श्रम संगठनको तर्फबाट नेपालकै सम्पूर्ण बालबालीकाहरूलाई हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

लिएको छ। यस कार्यक्रमले श्रमिकहरूको समस्या र समाधानमा नेतृत्व र स्थानीय श्रमिक बीच विचारको साटासाट गर्न सहयोग पुऱ्याउने अपेक्षा पनि गरिएको छ।

ट्रेड यूनियन मजदुरहरूको मात्र संगठन हो र यसमा श्रमिक बाहेक अरूको सरोकार हुँदैन भन्ने भ्रमलाई चिर्दै यस पटकको कार्यक्रममा जिफण्टको आव्हानलाई स्वीकार्दै दर्जनौं संघसंस्था तथा विद्यालयहरू सहभागी भएका थिए।

नेपाल चिकित्सक संघ, नेपाल उद्योग बाणिज्य महासंघ, रूपन्देही उद्योग संघ, रूपन्देही व्यापार संघ, औषधि व्यावसायिक संघ, बुटवल औद्योगिक क्षेत्र, नेपाल अटो इन्जिनियरिङ एशोसिएशन, पश्चिम नेपाल बस व्यवसायी संघ, पश्चिम नेपाल यातायात व्यवसाय समिति, होटल तथा रेष्टुरेण्ट व्यावसायिक संघ, पुस्तक व्यवसायी संघ जस्ता औद्योगिक एवं व्यावसायिक संघले जिफण्टको कार्यक्रममा सहभागिता जनाएका थिए।

यसरी ऐक्यबद्धता जनाउनेमा नेपाल ट्रेड यूनियन कांग्रेस र नेपाल प्रजातान्त्रिक ट्रेड यूनियन महासंघ समेत थिए। जनसंगठनहरूमा अनेरास्ववियू, अखिल नेपाल महिला संघ, प्ररायूसंघदेखि नेकपा (एमाले) लगायतका राजनीतिक पार्टीका स्थानीय कमिटीहरूले कार्यक्रममा सक्दो सहयोग गरेका थिए।

रोटरी क्लब बुटवल, रोटरी क्लब डाउन टाउन, गैर सरकारी संस्था, महासंघ, जिल्ला बाल कल्याण समिति, पत्रकार महासंघ, प्रेस चौतारी, नेपाल राष्ट्रिय शिक्षक संगठन, बुटवल जेसिस, यातायात मजदुर भलाई कोष, चैतन्य विहार, ब्रम्हकुमारी इश्वरीय विश्वविद्यालय, रूपन्देही जि.वि.स. र बुटवल नगरपालिका जस्ता संस्थादेखि रण-अम्बिका आँखा अस्पतालसम्म र बुटवल टेक्नीकल इन्स्टीच्युट, बुटवल ऊनी धागो कारखाना लगायत औद्योगिक प्रतिष्ठानहरूको यस कार्यक्रममा सहभागिता रह्यो।

यस बाहेक निजी तथा आवासीय विद्यालय संघ (प्याप्सन)को उल्लेखनीय सहयोग यस कार्यक्रममा रह्यो। न्यू होराइजन बोर्डिङ स्कुल, सिद्धार्थ बोर्डिङ स्कुल, समिट इंग्लिस बोर्डिङ स्कुल, लुम्बिनी बोर्डिङ स्कुल, एभरेष्ट बोर्डिङ स्कुल, आर्दश विद्या मन्दिर इंलिस बोर्डिङ स्कुल, सिद्धि चिल्ड्रेन एकेडेमी, मुनाल बोर्डिङ स्कुल, पाइनउड बोर्डिङ स्कुल, प्यारामाउण्ट इं. बोर्डिङ स्कुल, दिप बोर्डिङ स्कुल, क्यानन बोर्डिङ स्कुल, ग्यालेक्सी बोर्डिङ स्कुल, स्कलर्श होम बोर्डिङ स्कुल, कान्ति बोर्डिङ स्कुल, पशुपति बोर्डिङ स्कुलले आफ्ना विद्यार्थी सहित प्रदर्शनमा उत्साहजनक सहभागिता जनाएका थिए।

यस क्रममा कार्तिक २५ गते वृहत भेला, मंसीर २ गते पत्रकार सम्मेलन गरिएको थियो। यस कार्यका लागि बुटवल र पाल्पा क्षेत्रबाट प्रशारण हुने मात्र नभई राजधानी र देशका विभिन्न भागबाट प्रशारण हुने एफएम स्टेशनहरू, स्थानीय पत्र-पत्रिकाहरूले कार्यक्रमको प्रचार, बालअधिकार दिवसको महत्वका बारेमा सन्देशमूलक कार्यक्रम प्रशारण गरी सहयोग गरेका थिए।



## रामनाथ ढकाल
**लुम्बिनी इञ्चार्ज, नेकपा (एमाले)**

करीव तीन हजार वर्ष पहिला गौतम बुद्धले सिंहासन छोडेर शान्तिको पक्षमा आफूलाई उभ्याउनु भएको थियो। आज संसारभरी एक अर्बभन्दा बढी मान्छेहरू गौतम बुद्धका अनुयायी बनेर बसेका छन्। तर विडम्बना त्यही गौतम बुद्धको पवित्र भूमिमा आज हिंसा बढेको छ। प्रजातन्त्र र गणतन्त्रको नाममा उठेको बन्दुकले दश हजार भन्दा बढीको ज्यान गइसकेको छ। बीसौं हजार अपांग बनेका छन्। लाखौं-लाख नेपाली नागरिकहरू विस्थापित भएका छन्। अर्बौं खरबौं सम्पत्ति बरबाद भएका छन्। वीर गोर्खालीको शीर निहुराउने यो युद्धको चपेटामा पाँच सय भन्दा बढी बालबालिका अपांग बनेका छन्। ८ हजार भन्दा बढी बालबालिकाहरू विस्थापित बन्न पुगेका छन्। यो सबै कुरालाई स्मरण गर्दै मलाई लाग्दछ नेपाल अधिराज्यमा शान्तिको पक्षमा निक्लेको जुलुसमध्ये सबै भन्दा विशाल जुलुस सम्भवतः आजको यो जुलुस नै हुनु पर्दछ। म नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डलाई यही मञ्चबाट आग्रह गर्न चाहन्छु- तपाईंहरूले साँच्चिकै जनताका लागि राजनीति गर्नु भएको हो भने भन्नु पऱ्यो, आजदेखि कुनै शैक्षिक क्षेत्रमा हामी प्रवेश गर्ने छैनौं। सरकारको प्रधानमन्त्री बनेर प्रजातन्त्रको दुहाइ दिने शेरबहादुर देउवालाई म आग्रह गर्न चाहन्छु, तपाई साँच्चिकै प्रजातन्त्रवादी हो भने कुनै पनि सुरक्षाबल शैक्षिक क्षेत्रभित्र प्रवेश गर्न नदिनुस् र शैक्षिक क्षेत्रभित्र सुरक्षाबल पस्यो भने त्यो कार्वाहीको विषय बन्न सकोस्।

यो युद्धबाट हार्ने नेपाली नै हुन्। कसैले नजित्ने युद्ध आजदेखि बन्द गर्नको लागि र शान्तिपूर्ण समस्याको समाधान खोज्नको लागि सम्पूर्ण राजनीतिक शक्तिहरू र नागरिक समाजलाई विनम्र अनुरोध गर्दछु।

# बाल अधिकारसम्बन्धी महासन्धिमा के छ?

सन् १९८९ मा संयुक्त राष्ट्रसंघको महासभाले बाल अधिकार सम्बन्धी महासन्धि पारित गरेको दिनको सम्झनामा यस पटक विश्वभर १५औं बाल अधिकार दिवस मनाइयो।

बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको महासन्धि विश्वभर सबैभन्दा बढी अनुमोदित महासन्धिमध्येमा पर्दछ। हालसम्म अमेरिका र सोमालिया बाहेक अरू सबै १९२ वटा सदस्य राष्ट्रले यसको अनुमोदन गरिसकेका छन्। नेपालले यस महासन्धिलाई १९९० सेप्टेम्बर १४ का दिन अनुमोदन गरेको छ।

प्रत्येक दिन विश्वमा ठुलो परिमाणमा बालबालिकाले सामना गर्न परिरहेको हेलाँ र दुर्व्यवहार विरुद्ध बालबालिकाको संरक्षण र व्यक्तित्व विकासका लागि आवश्यक मापदण्ड निर्धारित गरी जन्म हुनु अगाडिदेखि १८ वर्षको उमेरसम्म उनीहरूको हक र हितको संरक्षणको लागि कानुनी संरक्षण प्रदान गर्नु बालअधिकार सम्बन्धी महासन्धिको प्रमुख उद्देय रहेको छ।

भेदभाव रहित व्यवहार, बालबालिकाको सर्वोत्तम हित, दीर्घ जीवन तथा विकास र बालबालिकाको विचार तथा भावनाको कदर यस महासन्धिका चारवटा सिद्धान्तहरू रहेका छन्।

तीन भाग र ५४ वटा दफामा विभाजन गरिएको महासन्धिको अध्ययनलाई सरल बनाउन यसमा उल्लेख गरिएका कुराहरूलाई चार वर्गमा विभाजन गरी व्याख्या गर्न सकिन्छ।

**१. संरक्षण पाउने अधिकार**

प्रत्येक वालबालिकालाई समाजमा हुने जाति, लिंग, भाषा, धर्म, वर्ग, राष्ट्रियता, शारीरिक वा मानसिक अशक्तताका कारण हुने कुनै पनि भेदभावबाट मुक्त राखिनु पर्दछ। बालबालिकाको विरुद्ध हुने शोषण, दुर्व्यवहार, अपहेलना, उत्पीडन, युद्धमा संलग्न हुनु पर्ने स्थिति र ओसार-पसार वा बेचबिखनबाट जोगाउने दायित्व सरकारको हुन्छ। आमा-बाबु वा अभिभावकको गतिविधि, विचार र अभिव्यक्तिका कारण बालबालिकाहरूमाथि कुनै विभेद हुनु हुँदैन।

आफ्नो नागरिक पहिचान पाउनु हरेक बालबालिकाको आधारभूत अधिकार हो। कुनै पनि कानुनहिनताको कारण बालबालिकालाई यस अधिकारबाट बञ्चित गरिनु हुँदैन। कुनै कारणबस बालबालिकाको नागरिक पहिचानको समस्या आएमा छिटो-छरितो उपाय खोजी उनीहरूको अधिकारको सुनिश्चितता गरिनु पर्दछ। अपाङ्ग तथा अनाथ बालबालिकाको विशेष व्यवस्था सहित सम्पूर्ण बालबालिकालाई कानुनी संरक्षण प्रदान गरिनु पर्दछ।

**२. बाँच्न पाउने अधिकार**

इज्जतसाथ बाँच्न पाउनु हरेक बालबालिकाको जन्मसिद्ध अधिकार हो। बालबालिका गर्भमा आएदेखि नै उनीहरूको अधिकारको कुरा जोडिन्छ। गर्भमा रहँदा उनीहरूको आमाले पाउनु पर्ने सबै किसिमको हेरचाह, आराम र पौष्टिक आहारबाट शुरू हुने बालअधिकार अन्तर्गत सुरक्षित जन्म र तालिम प्राप्त स्वास्थ्यकर्मीको सेवा पनि पर्दछ। जन्म भइसकेपछि उनीहरूले पाउनु पर्ने सन्तुलित आहार, आवास, स्वस्थ वातावरण, सफा पानी, खोप तथा प्राथमिक उपचार लगायतका आधारभूत कुराको सुनिश्चितता बाँच्न पाउने अधिकारमा पर्दछ।

**३. व्यक्तित्व विकास गर्ने अधिकार**

स्वच्छ र सौहार्द्रपूर्ण वातावरणमा बाँच्न र सार्थक शिक्षा आर्जन गर्न पाउनु प्रत्येक बालबालिकाको आधारभूत अधिकार हो। खुशी, माया र समझदार पारिवारिक वातावरणमा रहनु र मनोरन्जन, आराम, आमा-बाबुको समान माया-ममता र उचित स्वास्थ्य उपचार, बालबालिकाको शारीरिक, मानसिक, मनोवैज्ञानिक, सामाजिक र नैतिक विकासको आधारभूत कुराहरू हुन्। यी सबै पक्षको विकासको लागि राज्यले उनीहरूलाई

## राजु गुरुङ

**अध्यक्ष–निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन – नेपाल, रूपन्देही**



आज हामी देखिरहेका छौं- कलम, किताब र कापी हुनुपर्ने बालबालिकाहरूको हातमा हँसिया, कोदालो र फाटेका झुत्रे कपडा, यहाँसम्म कि बन्दुक देखिएको छ। देशको भविष्य निर्माताहरू बगरमा गिट्टी कुटिरहेका छन्। बालुवा चालिरहेका छन्। जंगलमा भड्किरहेका छन्। भोलि राष्ट्रलाई काँधमा लिने ती कलिला हातहरूमा रगत लागेको छ। सम्झिदा कहाली लाग्ने स्थिति छ।

बालबालिकाको निम्ति खोलिएका एनजिओहरूलाई म यही मञ्चबाट आव्हान गर्दछु- आउनुहोस् आज सबैले प्रण गरौं, प्रतिबद्धता जाहेर गरौं- हाम्रा सडकमा अब खातेहरू हुने छैनन्, हाम्रो घरमा काम गर्ने बालबालिकाहरूलाई स्कुल पठाउने छौं, आज उपरान्त हाम्रा बालबालिकाको हातमा औजार होइन, हतियार होइन, कलम-कापी हुनेछन्। सबैले चाहयौं भने के सम्भव छैन ? पढ्न, लेख्न र ज्ञान सिक्न पाउनु बालबालिकाको नैसर्गिक अधिकार हो, कसैले यसको हनन नगरौं। प्याब्सनले तय गरेको "शिक्षाको निम्ति शान्ति, शान्तिको निम्ति शिक्षा" र "विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरियोस्" अभियानमा सबै संलग्न होऔं।

सम्पूर्ण बालबालिकाको पढ्न पाउने नैसर्गिक अधिकारको ग्यारेण्टी गरियोस्। बालबालिकालाई हिंसा र द्वन्द्वबाट टाढा राखियोस्। हामी द्वन्द्वरत र युद्धरत पक्षहरूलाई यस्तो प्रतिबद्धताको निम्ति अनुरोध गर्दछौं।

आवश्यक सुविधा र अवसरको सुनिश्चिता गर्नु पर्दछ ।

हरेक बालबालिकाले समाजमा आफूलाई एउटा सक्षम नागरिकको रूपमा आपसी समझदारी, सम्मान, शान्ति, ऐक्यबद्धता, स्वतन्त्रता, समानता र सहनशीलतासहितको व्यक्तित्वका रूपमा विकास गर्न आवश्यक वातावरण पाउनु पर्दछ ।

**४. सहभागी हुन पाउने अधिकार**

बालबालिका परिपक्व नभइसके पनि आफ्नो बारेमा के चाहिन्छ र कस्तो हुनपर्दछ भन्ने बारेमा जानकारी राख्न सक्दछन् । आफ्नो आवश्यकता र उपयुक्त वातावरणको बारेमा आफ्नो अनुभूति पोख्ने क्षमता राख्ने कारण उनीहरूलाई प्रभाव पार्ने कुनै पनि नीति बनाउँदा र निर्णयहरू गर्दा उनीहरूको कुराको सुनुवाइ र कदर हुनुपर्दछ । हरेक किसिमको रचनात्मक कार्य, सामाजिक-सांस्कृतिक क्रियाकलाप लगायत मानवीय जीवनमा प्रभाव पार्ने हरेक पक्षमा बिना रोकटोक र भेदभाव सहभागी हुन पाउने वातावरण प्रदान गरिनु पर्दछ । बालबालिकाहरू आफ्नो बारेमा आफैं आवाज निकाल्न सक्दछन् भन्ने कुरालाई महसुस गर्दै उनीहरूका लागि बोलिदिने भन्दा पनि उनीहरूलाई नै बोल्न दिने संस्कारको विकास गरिनु पर्दछ ।

बालबालिकाको जीवनसँग सरोकार राख्ने कुनै पनि काममा सहभागी हुन पाउने र जानकारी राख्ने कुराको सुनिश्चितता गरिनु पर्दछ । आफ्नो समुदायको हकहितका लागि संघसंस्था खोल्न, संचालन गर्न र सहभागी हुन पाउने वातावरण सबै बालबालिकाले पाउनु पर्दछ ।

यही महासन्धिको अभिन्न अंगका रूपमा सन् २००० को मे २५ मा "सशस्त्र युद्धमा बालबालिकाको संलग्नता" र "बालबालिकाको बेचबिखन, बाल देहव्यापार र बालबालिकाको अश्लिल चित्रण" सम्बन्धी दुईवटा ऐच्छिक सन्धिपत्रहरू पारित भएका छन् । यी सन्धिपत्रले बालअधिकारको विषयमा थप ध्यान केन्द्रित गरेको छ । नेपाल सरकारले हस्ताक्षर गरिसकेको यस सन्धिपत्र संसदको अभावमा अनुमोदन हुन बाँकी छ ।

**"सशस्त्र युद्धमा बालबालिकाको संलग्नता"** सम्बन्धी सन्धिपत्र अनुसार १८ वर्षमुनिका बालबालिकालाई युद्धमा प्रत्यक्ष संलग्न गराउनु हुँदैन । राज्यले उनीहरूलाई सशस्त्रदलमा संलग्न गराउन परेमा विशेष सुरक्षा अपनाउनु पर्दछ । राज्यबाहेक अरू कसैले संलग्न गराउन नपाउने कुराको सबै आवश्यक उपायको व्यवस्था गरिनु पर्दछ । यसको कार्यान्वयनको लागि प्रशासनिक र कानुनी उपाय अपनाउनुका साथै यसको बारेमा सबै वयस्कलाई जानकारी गराउनु पर्दछ ।

कसैले उनीहरूलाई युद्धमा संलग्न गराएका रहेछन् भने उनीहरूलाई त्यहाँबाट मुक्त गर्ने, उनीहरूको शारीरिक र मानसिक पुनर्प्राप्ति र सामाजिक पुनर्एकीकरण गर्ने र यस्तो काममा अन्तरराष्ट्रिय सहयोग जुटाउनको लागि राज्यले उचित सहयोग पुर्‍याउनु पर्दछ ।

**"बालबालिकाको बेचविखन, बाल देहव्यापार र बालबालिकाको अश्लिल चित्रण"** विरुद्ध ऐच्छिक सन्धिपत्र अनुसार बालबालिकाको यौन शोषण, नाफाका लागि अंग प्रत्यारोपण, जवरजस्ती श्रममा लगाउने, प्रस्ताव गर्ने, स्विकार गर्ने र हस्तान्तरण गर्ने तथा धर्मसन्तान लिनेदिने सम्बन्धी अन्तरराष्ट्रिय कानुनको उल्लंघनलाई अपराध कार्य भनिएको छ ।

बालबालिकाको अश्लिल चित्रण भन्नाले यौनिक प्रयोजनका लागि बालबालकिालाई वास्तविक वा कृत्रिम कुनै पनि किसिमले यौन क्रियाकलापमा सहभागी गराइएका कुरा निर्माण गर्नु, वितरण गर्नु, आयात, निर्यात, प्रस्ताव, बिक्री गर्नु जस्ता काम र उनीहरूको यौन अंग प्रदर्शन गर्ने कुरा पर्दछ । यस्ता कुरा अपराध कार्यमा पर्दछन् ।

यस्तै, यौनव्यापारमा बालबालिका उपलब्ध गराउने, लिने, दिने वा कुनै पनि किसिमले संलग्न गराउने जस्ता कुराहरूलाई अपराधिक कार्य ठहर गरिएको छ ।

यस्ता अपराधिक कार्यमा संलग्न अपराधीलाई कार्वाही गर्नुका साथै अनुसन्धान, सुपुर्दगी लगायतका कार्यविधिका बारेमा राज्य पक्षले आन्तरिक रूपमा भए कार्वाही गर्ने, एक–अर्को राष्ट्र बीच भए कार्वाहीमा एक-अर्कालाई सघाउने व्यवस्था मिलाउनु पर्दछ ।

**प्रस्तुति : बिन्दा पाण्डे**



## कुमार थापा

### अध्यक्ष– यातायात मजदुर भलाइ कोष

केही वर्षयता देशमा उत्पन्न असहज स्थिति एवं सशस्त्र द्वन्द्व र हिंसाले बालबालिकाहरू नराम्रोसँग प्रभावित भइरहेका छन् । विद्यालयमा पढ्दै गरेका, मैदानमा खेलिरहेका, करेसा बारीमा डुलिरहेका बालबालिकाहरू बेवारिसे अवस्थामा छोडिएका विष्फोटक पदार्थको विष्फोटन तथा दोहोरो भिडन्तमा शिकार हुने क्रममा तीव्रता आइरहेको छ । मारिने बालबालिकाको संख्या ४ सय नाघिसकेको छ । घाइते र अंगभंग हुने पनि हजारौं भइसकेका छन् । बालबालिकालाई अपहरण गर्ने, युद्धमा ढाल बनाउने, वलात्कार गर्ने घटनाहरू पनि दोहोरिएका छन् । विद्रोही र राज्यपक्ष दुवैले बालबालिकाको अगाडि आफ्ना आमा-बाबु, दाजु र अभिभावकलाई क्रूररूपले हत्या गर्ने, अंगभंग गर्ने, अनुसन्धानको नाममा शारीरिक यातना दिने, कानुनी कारवाही नचलाई आफन्तजनहरूलाई भेटघाट र पत्राचार गर्न नदिने, मन्द यातना दिने, पक्राउको वैध प्रकिया नअपनाउनाले हजारौंको संख्यामा बालबालिका टुहुरा, बेसहारा बन्न पुगेका छन् । विद्रोही पक्षले बाल सैन्यमा भर्ती गर्ने र सशस्त्र संघर्षमा उतार्ने गरेबाट बालबालिका सम्बन्धी महासन्धिको धारा ३७ र ३८ को व्यापक उल्लंघन भइरहेको छ । बालबालिकालाई हर हालतमा द्वन्द्वबाट मुक्त राखिनु पर्छ । बन्दुक र बारुदबाट जोगाउने वातावरण तयार गर्न र यस प्रकारको सर्वविनाश हुनुबाट जोगाउन सम्बन्धित पक्षको चेतनाको ढोका आजको दिनले खेलोस् र नागरिक समाजको तर्फबाट आवश्यक दवाव सिजना गर्न जोडदार पहल होस् ।

# तपाईं हामीलाई उचित वातावरण दिनुहोस्, हामी तपाईंलाई सुनौलो नेपाल दिन्छौं !




– ज्योत्सना श्रेष्ठ
कक्षा ९, न्यू होराइजन बोर्डिङ स्कुल, बुटवल

मानिसको जीवनमा थुप्रै चरणहरू हुने गर्दछ, जसको आ-आफ्नै विशेषता रहेको हुन्छ । जसमध्ये मानिसको पहिलो चरण बाल्यकाल हो । त्यो अवस्थामा एउटा बालक यस्तो स्थितिमा हुन्छ कि, उसले आफु वरपर रहेको वा भनौं आफ्नो वातावरणमा रहेको वस्तु, वातावरणमा घटिरहेको घटनालाई सजिलै टिप्न सक्दछ र व्यवहारमा उतार्न थाल्दछ । तसर्थ एउटा बालकलाई उज्ज्वल भविष्यतर्फ उन्मुख गराउनको निम्ति सर्वप्रथम उसलाई उचित वातावरणको आवश्यकता रहेको हुन्छ र यो दायित्व जान्छ परिवारजन र समाजमा रहेका व्यक्तिहरूलाई जान्छ । तर विडम्बना, हाम्रो देशको सन्दर्भमा भन्नु पर्दा, अहिले यस वातावरणमा नेपालीहरूका लाश बाहेक अन्य केही वस्तु पनि भेट्न सकिँदैन । मरेको र मारेको घटना बाहेक अरू केही सुन्न पाइँदैन । आफै मूल्यांकन गरौं, बालबालिकाहरूको कलिलो मन-मस्तिष्कमा यसबाट कस्तो असर परिरहेको छ ?

अंग्रेजीमा एउटा भनाइ पनि छ- 'मर्निङ सोज द डे" अर्थात यदि दिनको शुरूवात गतिलो भएन भने पूरै दिन खराब हुन सक्दछ । यदि भर्खरै यस धर्तीमा पाइला टेकेको एउटा बालकले चित्कारको आवाज सुनेर आँखा खोल्नु पर्छ भने, यदि उसले बम, गोला र बारुदको धुवाँ फैलिएको हावामा सास फेर्नु पर्छ भने अब भन्नुहोस्, त्यस बालको भविष्य भोलि गएर के होला?

अहिलेको यस कहाली लाग्दो स्थितिमा कैयौं बालबालिकाहरू पीडित भइरहेका छन्, जसलाई हाम्रो विकसित समाजले "द्वन्द्व पीडित बालबालिकाहरू" को उपनाम दिएको छ । यो कुरालाई अलि पर पन्छाएर हामीले यदि आफ्नै कुरा गर्‍यौं भने पनि हामी विद्यार्थीहरूलाई विद्यालय जानको निम्ति पहिले एफ.एम. सुन्नु पर्छ- कतै बन्द त छैन ? यो कुरा बुझेपछि मात्र हामी तयार हुन पाउँदछौं ।

अझ कतिपय बालबालिकाहरू त विद्यालय जानबाट नै बन्चित भएका छन् । किन विद्यालय नगएको भन्ने प्रश्नमा उत्तर आउँछ - विद्यालयमा तालाबन्दी छ । अलि गाउँतिर गएर वरपरको बस्ती चहारेर हेर्दा हामी पाउँछौं कि, त्यहाँका विद्यालयहरू त ट्रेनिङ सेन्टर र गाइवस्तुले आराम गर्ने ठाउँ भएको छ । जहाँ पहिले विद्यार्थीहरू बसेर ज्ञानगुणका कुरा आर्जन गर्थे र आफ्नो भविष्यको बाटो रोज्दथे ।

अहिले त यहाँ "साढेसाँढेको जुधाइमा बाच्छा-बाच्छीको मिचाइ" भन्ने उखान चरितार्थ भएको छ । विद्यालयमा विद्या आर्जन गर्न गएका विद्यार्थीहरू र विद्या प्रदान गर्नको निम्ति विद्यालय पुगेको शिक्षकहरू उतैबाट हराइरहेका छन् । कौडीको मूल्य भन्दा पनि कम भइसकको छ यहाँ मानिसको जीवनको मूल्य !

के सधैं यस्तै रहला त हाम्रो नेपाल? फेरि हामीले हाम्रो देशलाई सुन्दर, शान्त र विशाल भनी सम्बोधन गर्न पाऔंला त? म सम्पूर्णलाई प्रश्न राख्न चाहन्छु - कसैलाई केही माग गर्नु पर्‍यो- विद्यालय बन्द ! यसरी विद्यालयलाई यहाँ ढाल बनाएर अघि सारिएको छ ।

जब आपसमा मनमुटाव हुन्छ तब द्वन्द्व हुन्छ । यो द्वन्द्वको पनि कुनै कारण होला । कुनै एकपक्ष दोषी होलान्? तर यसमा हामी अबोध बालबालिकाहरूको के दोष रहेको छ ? हामीहरूलाई हातमा कापी-कलम दिएर जाउ अघि बढ, देशको निम्ति केही गर भनेर प्रेरणा प्रदान गर्नुको साटो किन बन्दुक समाउन बाध्य गराइरहेका छन् । विद्यार्थी भनेका राष्ट्रका भोलिका कर्णधार हुन्, जसलाई समाजमा सक्षम बनाएर बाँच्नको निम्ति विद्यालयले नै उचित शिक्षा प्रदान गर्ने गर्दछ । यो कुरा हामी आफैंले बुझ्नु पर्दछ । विद्यालय कुनै राजनीतिक थलो होइन, यो त एउटा पवित्र र निःस्वार्थ शिक्षा प्रदान गर्ने थलो हो, जहाँ कैयौं कलिला मुनाहरू रहेका छन् । यदि हामीले त्यस्तो थलोलाई नै हानी पुर्‍याउन थाल्यौं भने त्यहाँ रहेका कलिला मुना हुर्कनु भन्दा पहिले नै वर्वाद भएर जानेछन् । तहस-नहस भएर जानेछन् ।

त्यसैले म सम्पूर्णलाई आग्रह गर्न चाहन्छु कि विद्यालय र बालबालिकाहरू भनेका शान्ति क्षेत्र हुन्, त्यसैले यसलाई आफ्नो यथास्थितिमा नै रहन दिनुहोस् ।

विश्वप्रसिद्ध विचारक एंगेल्सले भनेका छन् कि- स्वर्गमा पुग्ने इच्छा छ भने पहिला बालक बनेर हेर । हो बालकहरू राष्ट्रका सम्पत्ति हुन्, बहुमूल्य गहना हुन् । तसर्थ, जहाँ बालकहरूको आँखामा आँसु, ओठमा पिडा र वेदनाका शब्दहरू हुन्छन्, त्यहाँको मानव जाति र त्यस राष्ट्रको निधारमा त्यो भन्दा ठूलो कलंक अन्य केही हुन सक्दैन । यस्तै कलंक हाम्रो मातृभूमिको निधारमा पनि लागेको छ । हाल आएर हाम्रो देश नेपालमा बाल शोषण भइरहेको हामी प्रशस्त मात्रामा भेटिरहेका छौं । आर्थिक

"यदि भर्खरै यस धर्तीमा पाइला टेकेको एउटा बालकले चित्कारको आवाज सुनेर आँखा खोल्नु पर्छ भने, यदि उसले बम, गोला र बारुदको धुवाँ फैलिएको हावामा सास फेर्नु पर्छ भने अब भन्नुहोस्, त्यस बालको भविष्य भोलि गएर के होला?"

अभावका कारण हातमा कापी-कलम बोकेर विद्यालय जानुपर्ने साटो गल्ली-गल्लीमा माग्दै हिंड्नु पर्ने जस्तो दयनीय अवस्थामा पनि कतिपय बालबालिकाहरू रहेका छन् । जसलाई दिनको निम्ति हामीसँग “कठै.....विचरा” भन्ने जस्तो तुच्छ शब्द बाहेक अरू केही छैन । ठूला-ठूला गोष्ठी, समारोह र सेमिनारहरूमा बाल अधिकारका बारेमा र त्यसैगरी बालशोषणका विरुद्धमा भाषण गर्ने बोझे भलादमीहरूको घरमा अझै बाल शोषण भइरहेका छन् । बाल उद्धारको नाममा आउने अनुदानलाई त्यस्ता बोझे भलादमीहरूले आफ्नो स्वार्थपूर्तिको निम्ति प्रयोग गरिरहेका छन् । यसरी बाल अधिकार केवल समारोह र गोष्ठीमा मात्र सीमित रहन पुगेको छ ।

बालकहरूको श्रमको सबभन्दा बढी शोषण भएको क्षेत्र भनेको होटल, पसल र त्यसैगरी गलैंचा कारखाना हुन् । होटलमा बिहान झिसमिसेदेखि मध्यरातसम्म बालकहरू जुठो भाँडाकुँडामा बसेको दयनीय अवस्था हामी सर्वत्र देखिरहेका छौं । साहु महाजनका छोराछोरीले सुकिला लुगा लगाएर अघि हिंडिरहेका बेला एकातर्फ बालश्रमिक भई बाँचिरहेका पीडित बालकहरू उनीहरूको झोलाको भारी बोकी पछि पछि लागेर हिडिरहेको दृश्य हामी राजधानीको छातीमा प्रष्टै रूपमा भेट्न सक्छौं । गलैंचा कारखानामा पनि जबरजस्ती अपहरण गरी बेचिएका बालकहरूको कथाहरू त हामीले प्रशस्तै सुन्न र देख्न पाइरहेका छौं । बाल-हकहितको बारेमा जहाँ सेमिनारहरू हुन्छन्, त्यही सेमिनारहरूमा बालकका कोमल हातले बुनेका गलैंचाहरू प्रयोग गरिएको हुन्छ र जब त्यसमा सहभागीहरूका बुट पर्छ गलैंचा पनि पानी-पानी भएको अनुभव हुन्छ । जुन बालकको तन सफा, मन कोमल र हृदय सुकिलो हुनुपर्ने हो, जसको हातमा हलुका कापी-किताव, ओठमा मुस्कान र मुहारमा लाली हुनु पर्ने हो- ती बालबालिकाहरूको मन गह्वंगो, तन फोहोर र हृदय भयातुर रहेको छ । उनीहरूको हातमा फलामको औजार छ, ओठमा विषाद र गालामा मयल जमेको छ । प्लास्टिकका पोका र फुटेका सिसामा आफ्नो भविष्य केलाइरहेका त्यस्ता बालबालिकाहरूको जिम्मेवारी कसले लिने ? यो एउटा प्रश्न हाम्रो सामु खडा भएको छ । जसको समाधान पनि हाम्रो निकटमै रहेको छ । यदि हामीले सामाजिक विषमता र अन्यायपूर्ण व्यवहारलाई हटाउन सक्यौं भने अवश्य पनि बाल-शोषण जस्तो घृणित कार्यमा केही कमी आउन सक्दछ । सामाजिक विषमता निर्मूल भएपछि कुनै पनि बाबु-आमाको पेट खाली रहने छैन र कुनै पनि बालक अप्रत्यक्ष रूपमा बेचिनु पर्दैन ।

दुई-चार वटा शहरका संभ्रान्त मातापिताका छोराछोरीहरू घाँटीमा टाई भिरेर स्कुल जाँदैमा बालअधिकारको प्रत्याभूति हुन सक्दैन । जबसम्म हुम्ला र जुम्लाका केटाकेटीहरू स्कुल जाने समयमा भेंडा चराउन खर्कमा जानु पर्छ तबसम्म बालशिक्षाको उचित वितरण हुन नसकेको मान्नै पर्छ ।

देशमा अहिले व्याप्त हिंसा र द्वन्द्वको स्थिति पनि यही आर्थिक असमानता र सामाजिक विषमताले निम्त्याएको हो । राज्यको यो कमजोरी कसैको निम्ति राजनीतिक बखेडाको खेती भएको छ । राजनीतिको उकालो चढ्ने यस भऱ्याङले भने हाम्रो भविष्यमाथि टेकिरहेको छ । त्यसैले अब बेला आइसकेको छ जागौं र आजैदेखि शान्तिपूर्ण वातावरणमा जुटौं ।

बालबालिका र विद्यालयलाई आजैबाट, अहिल्यैबाट शान्तिक्षेत्र घोषणा गरी यही विन्ति र अनुरोधका साथ म आफ्नो विचारहरू यहीं टुंग्याउँदै बिदा चाहन्छु-तपाईं हामीलाई उचित वातावरण दिनुहोस् हामी तपाईंलाई सुनौलो नेपाल दिनेछौं ! यो हाम्रो वाचा भयो । नमस्ते ।

> **“सामाजिक विषमता निर्मूल भएपछि कुनै पनि बाबु-आमाको पेट खाली रहने छैन र कुनै पनि बालक अप्रत्यक्ष रूपमा बेचिनु पर्दैन ।”**




## राजनीतिक स्वार्थको लागि हामीलाई नै आफ्नो निशाना बनाउनु हुन्छ किन ?

**– सुभाङ्ग पराजुली, कक्षा ७, सिद्धार्थ बोर्डिङ स्कुल, बुटवल**

अन्तरराष्ट्रिय बाल अधिकार दिवसको उपलक्ष्यमा वृहत सभाको आयोजना गरी बालअधिकारबारे सचेतना फैलाउने उद्देश्यले कम्मर कसिएको यो अवसरमा मलाई पनि आफ्ना मनका भावनाहरू अभिव्यक्त गर्ने सौभाग्य प्रदान गर्नु भएकोमा सर्वप्रथम आयोजकप्रति म र मेरो विद्यालयको तर्फबाट हार्दिक आभार टक्र्याउन चाहन्छु ।

आदरणीय महानुभावहरू, बाल अधिकार र बाल विकासका नारा घन्किरहेको यस अवसरमा खै कसरी म आफ्ना मनका भावनाहरू अभिव्यक्त गरुँ? म यहाँ उभिएर भाषण गरिरहेको बेला सायद देशको कुनै कुनामा म जस्तै निर्दोष कुनै बालकको हत्या भइरहेको होला । हजारौं बालबालिकाहरू सडकका थोत्रा बोरासँग लडीबुडी खेलिरहेका होलान् । हजारौं बालबालिकाहरू जुठा भाँडाहरू मस्काउँदै होलान् । म जस्तै थुप्रै बालबालिकाहरूलाई अपहरण गरी कोही बन्दुक बोकाउँदै होलान् भने कतिपय विद्यालयहरू बम-बारुदले ध्वस्त हुँदै होलान्- रणभूमिमा परिणत भएका होलान् । यस्तो अवस्थामा बाँचिरहेका हामी बालबालिकाको तर्फबाट खै कसरी म आफ्नो र आफुले पाउनु पर्ने अधिकारको बारेमा कुरा गरौं ! हामीले यति बेला भोग्नु परेको नियतीबारे जो कोही पनि अनभिज्ञ हुनुहुन्न होला । राज्यपक्ष तथा गैरराज्यपक्षबाट जारी द्वन्द्व आ-आफ्नै राजनीतिक स्वार्थको लागि भइरहेको हुनु पर्छ भन्ने हामी अन्दाज गर्दछौं । तर, प्रश्न छ, तपाईंहरू आफ्नो स्वार्थको लागि हामीलाई नै आक्रमणको निशाना बनाउनु हुन्छ किन ?

एउटा पक्ष विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थी र शिक्षकहरूलाई अपहरण गरी बन्दुक बोकाउन व्यस्त छ । फेरि अर्को पक्ष चाहिँ गिरफ्तार गरी यातना दिने वा बेपत्ता पार्ने काम गरिरहेको छ । यस्तो अवस्थामा तेस्रो पक्ष भन्ने चाहिँ यी सबै दृश्यहरू मुकदर्शक बनी टुलुटुलु हेरिरहेको जस्तो हामीलाई लागेको छ ।

आदरणीय महानुभावहरू, आजको कार्यक्रमले यसतर्फ यहाँहरूको ध्यान पूराको पूरा जानेछ भन्ने मैले विश्वास लिएको छु ।

# बालबालिकाहरूको राष्ट्रिय मञ्च

नेपाल ट्रेड यूनियन महासंघ, कन्सर्न-नेपाल, सीविन-नेपाल, उप्का-नेपाल र बालबचाउ नर्वे-नेपालको संयुक्त आयोजनामा गत मंसीर ७ र ८ गते श्रमिक बालबालिकाहरूको दुई दिने राष्ट्रिय भेला काठमाडौंमा सम्पन्न भयो ।

देशका विभिन्न भागमा बालश्रमिकहरूद्वारा सञ्चालित क्लबहरूमा कार्यरत बालबालिकाहरूलाई राष्ट्रिय रूपमा एक ठाउँमा ल्याई राष्ट्रिय समिति निर्माण गर्ने उद्देश्यले सम्पन्न उक्त भेला कार्यक्रममा उद्घाटन सत्र समेत भिन्न-भिन्न सत्रहरूमा बालश्रमिकहरूको समस्या र त्यसको समाधान सम्बन्धमा व्यापक छलफल गरी एघार जना श्रमिक बालबालिकाहरू रहनुभएको राष्ट्रिय तयारी समिति गठन गरिएको छ ।

राष्ट्रिय भेलाको उद्घाटन सत्रको प्रमुख अतिथि माननीय श्रम राज्य मन्त्री उर्वादत्त पन्त हुनुहुन्थ्यो । सत्रको अध्यक्षता रेष्टुराँमा कार्यरत बालश्रमिक अजित महर्जनले गर्नुभएको थियो । कार्यक्रममा बालश्रमिक मिनु थापा, आइएलओका पीटर डालीस, बाल बचाउ नर्वेका भल्टर टिन्डरहल्ट, जिफन्टका उपाध्यक्ष विष्णु रिमाल, सीविनका तारक धिताल र कन्सर्नका विजय सैंजु समेतले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो ।

उद्घाटन सत्रमा राष्ट्रिय भेलाका संयोजक जियमबाबु श्रेष्ठले कार्यक्रमका बारेमा प्रकाश पार्नुभएको थियो । सत्र सञ्चालन बालश्रमिक आत्माराम न्यौपानेले गर्नुभएको थियो ।

दोस्रो सत्रमा, सहभागी श्रमिक बालबालिकाहरूले चारवटा समूहमा बसी आ-आफ्नो क्षेत्रमा भइरहेको समस्या तयार गरे । यसमा सीवीनका शुभ पोखरेलले सहजकर्ताको रूपमा सहयोग गर्नु भएको थियो । त्यसैगरी अर्को सत्रमा सहभागी बालबालिकाहरूले आ-आफ्नो क्षेत्रमा सञ्चालित क्लबहरूको सञ्चालन र समस्याबारे अनुभव आदान-प्रदान गरे । यस सत्रमा जिफन्टका कवीन्द्र शेखर रिमालले सहयोग गर्नु भएको थियो । त्यसपछि बालश्रमिकको समस्या समाधान कसरी भन्ने विषयमा छलफल कार्यक्रम भएको थियो । कार्यक्रममा जिफन्टका हरिदत्त जोशीले सहयोग गर्नुभएको थियो ।

दोस्रो दिन, सहभागी बालश्रमिकहरूले एक आपसमा छलफल गरी यिनै समस्याहरूलाई लिएर आगामी वर्षमा बालश्रमिकहरूको राष्ट्रिय सम्मेलन गर्ने निर्णय गऱ्यो । राष्ट्रिय सम्मेलनको तयारीको लागि विभिन्न क्षेत्रको प्रतिनिधित्व हुने गरी राष्ट्रिय तयारी समिति गठन गरियो । त्यसपछि पत्रकार सम्मेलन गरी निम्न प्रतिबद्धता जाहेर गरियो :

- बालश्रम आर्थिक विपन्नताका कारण मात्र होइन, परम्परागत चिन्तन, सामाजिक परिवेश, अशिक्षा, छुवाछुत, अस्पष्ट सरकारी नीति इत्यादिले गर्दा पनि बालश्रमिकहरूको जन्म भएको हो । बालश्रम तोड्नको लागि संगठित रूपबाट पीडित पक्षहरूकै संलग्नतामा अल्पकालीन तथा दीर्घकालीन योजनाहरू बनाई कार्यान्वयन गर्न सम्बन्धित पक्षहरू बढी जिम्मेवार हुनु पर्छ ।
- बालश्रमिकहरू कार्यरत क्षेत्रमा हुने गरेका शारीरिक, मानसिक, आर्थिक शोषण साथै काम गर्ने सिलसिलामा हुने अंगभंग, दुर्व्यवहार, अश्लिल शब्द प्रयोग गरेर गरिने अपहेलनाहरू र बाल मस्तिष्कमा पारिने दुस्परिणामलाई सम्बन्धित पक्षले आत्मसात गरी तुरुन्त रोक्नु पर्ने साथै अनावश्यक प्रलोभन देखाएर काममा लगाउने प्रवृत्ति अविलम्ब रोकिनु पर्ने । यस विरुद्ध जानेलाई कानुनी कार्वाही गरी सामाजिक बहिष्कार गरिनु पर्ने ।
- बालश्रमिकहरू कार्यरत रहिरहेको अवस्थामा आवश्यक पर्ने आधारभूत आवश्यकताहरू स्वास्थ्य, शिक्षा, गास, वास र कपडाको साथै हुन सक्ने सामान्य भवितव्य खतरा, अंगभंगको उचित क्षतिपूर्तिको व्यवस्था सम्बन्धित पक्षबाट गराउने तथा दवाव दिने ।
- श्रमिक बालबालिकाहरूको पक्षमा कार्यरत संघ-संस्थाहरूले आवश्यकताको पहिचानदेखि योजना तर्जुमा र अनुगमन मूल्यांकन गर्दा श्रमिक बालबालिकाहरूलाई समेत सहभागी गराई कार्य गर्नु पर्ने ।
- बालश्रमिकहरू पनि सक्षम नागरिकहरू सरह हुन्, त्यसैले बालश्रमिकहरूलाई प्रभाव पार्ने विषयहरूमा विभिन्न स्तरमा नै आवाज बुलन्द पार्नसंस्थागत प्रतिनिधित्व गरिनु पर्ने ।
- श्रमिक बालबालिकाहरूमाथि हुने गरेका जातीय तथा अन्य भेदभावहरू समेत तत्काल अन्त्य गरिनु पर्ने ।
- कानुनको कार्यान्वयनका लागि सम्बन्धित निकायमा दवाव सिर्जना गर्ने ।
- श्री ५ को सरकार र द्वन्द्वरत माओवादी पक्ष दुवैसँग युद्धविराम गरी देशमा स्थायी शान्तिको माग गर्दछौं । कुनै पक्षबाट कुनै पनि बहानामा बालबालिकालाई युद्धमा संलग्न गराउन हुँदैन ।

राष्ट्रिय भेलामा घर-रेष्टुराँमा काम गर्ने, उद्योगमा काम गर्ने, गिटी कुट्ने, पत्रिका बेच्ने, सर्कसमा काम गर्ने, बाल भरिया, सडकमा रहेका बालबालिका लगायत २० वटा जिल्लामा श्रमिक बालबालिकाको क्लबमा कार्यरत बालश्रमिकहरूको सहभागिता रहेको थियो ।

**प्रस्तुति : कवीन्द्र शेखर रिमाल**

### छलफलमा बालश्रमिकहरूले आफ्नो समस्या यसरी राखे :

- थोरै ज्यालामा धेरै काम गर्नु पर्ने
- दिनको १४/१५ घन्टा काम गर्नु पर्ने
- क्षमताभन्दा बढी काम लगाउने
- छुट्टी नपाउने, पढ्न नपाउने
- स्कुल जान पाए तापनि अभ्यास गर्न नपाउने
- जति काम गरे पनि हात रित्तै हुने
- चाहिंदो कपडा नपाउने
- बिरामी पर्दा वा चोटपटक लाग्दा आराम नपाउने आवश्यक उपचार नपाउने
- तलब आमाबाबु वा दलाललाई दिने, हामीलाई आवश्यक खर्च पनि नहुने
- सानो भएकै कारण ठूलाले हेप्ने
- प्लास्टिक टिप्दा वा पत्रिका बेच्दा नगर प्रहरी र पुलिसले पत्रिका र पैसा लुट्ने, पिट्ने र थुन्ने
- तालिम बिना नै जोखिमपूर्ण काम गर्नु पर्ने
- झूटा आरोप लगाएर बेइज्जत गर्ने र पिट्ने
- सानो काम बिराउँदा वा बिग्रँदा पनि गाली गर्ने, पिट्ने, ज्याला काट्ने
- अश्लिल शब्द प्रयोग गरेर जिस्क्याउने, गाली गर्ने आदि



## सन्दर्भ : अन्तरराष्ट्रिय बाल अधिकार दिवस

# युद्ध होइन शान्ति देउ, जनतालाई बाँच्न देऊ !



**चूडामणि जंगली**

बालबालिकाको मस्तिष्क कोरा कागज जस्तै हो। बालबालिकाहरूलाई भविष्यमा कस्तो बनाउने, देशको लागि कस्तो योगदान पु¥याउने नागरिक तयार पार्ने सम्बन्धमा हामी घर-परिवार, समाज र राज्यपक्षको ठूलो भूमिका रहेको हुन्छ। हाम्रो देशका व्यापारिक केन्द्र, उद्योग-व्यवसाय, खेती-किसानी, घर र सडकमा बालश्रम प्रयोग भइरहेको छ। बालबालिकाहरूको शोषण भइरहेको छ। निकृष्ट प्रकारका काममा समेत हाम्रा बालबालिकाहरूको प्रयोग भइरहेको छ। यसरी हाम्रा लाखौं बालबालिकाहरू सृजनात्मक विकासको बदला सडकमा फ्याँकिएका छन्, हुनेखाने मानिसहरूका चुलो-चौका र नानीहरूको स्याहार-सम्भार गर्न विवस छन्। उनीहरू कसैका साधन वा पुर्जा भएका छन्।

हाम्रा बालबालिकाहरूको सुन्दर भविष्य निर्माण गर्नका लागि चेतना, विवेक, मानवता र खुला हृदयको खाँचो छ। अझ राज्यको त दक्ष नागरिक उत्पाद गर्न अत्यन्त महत्वपूर्ण जिम्मेवारी र भूमिका रहन्छ। बालबालिकाको असल भविष्यको बारेमा घर-परिवार, समाज र राज्यपक्षले पु¥याउनु पर्ने जिम्मेवारी पूरा हुन सकेन भने बालबालिकाहरू खराब संस्कार, शारीरिक दुर्वलता, चारित्रिक विकृति र अन्य विविध दुस्चक्रमा फस्न पुग्दछन्।

अन्तरराष्ट्रिय बालअधिकार महासन्धिले १८ वर्षमुनिका बालबालिकाहरूलाई बालकमा गणना गरेको छ। नेपालको प्रचलित ऐन कानुनले १६ वर्ष उमेर नपुगेकालाई बालबालिकाको मान्यता प्रदान गरेको छ। १४ वर्ष मुनिका बालबालिकाहरूलाई श्रमिकका रूपमा कुनै पनि प्रकृतिको काममा लगाउन निषेध गरेको छ। अन्तरराष्ट्रिय श्रम संगठन (आइएलओ) को १७ जुन १९९९ मा पारित अभिसन्धि १८२ ले ७ वटा क्षेत्रलाई निकृष्ट प्रकारका बालश्रमको रूपमा छनौट गरेको छ। त्यस्तो प्रकारका श्रममा कार्यरत बालबालिकाहरूलाई रोक्न संबद्ध राष्ट्रहरूलाई बेलाबेलामा सचेत समेत गराएको छ।

नेपालको मध्य र सदूर पश्चिमाञ्चल क्षेत्रमा राष्ट्रिय कलंकको रूपमा रहेको कमैया प्रथाको सम्बन्धमा २०५७ साल साउन २ गते नेकपा एमालेले संसदमा स्थगन प्रस्ताव राखेपछि सरकार कानूनी हिसाबले त्यसको अन्त्यको घोषणा गर्न बाध्य भयो। सामन्त तथा जमिन्दारहरूले कमैयाहरूलाई ठूलो संख्यामा दासको रूपमा राखी पशुवत व्यवहार गरेका थिए। यसको विरोधमा नेपाल ट्रेड यूनियन महासंघले २०५३ सालमा कमैया मुक्ति मञ्चको निर्माण गरी निरन्तर आन्दोलन गरेर राज्य तथा अन्य सामाजिक संघ-संस्थाहरूलाई कमैया मुक्तिको बारेमा बोल्न दिशानिर्देश गरेको सबैलाई विदितै छ।

> **“सबै जिम्मेवार पक्षहरूले आफ्ना निजी स्वार्थ त्यागी राष्ट्र, जनता र बालबालिकाहरूको हितको निमित्त सहमति र सहकार्यको खोजी गर्नु आवश्यक छ।”**

कमैयाहरू मुक्त भएपछि मुक्त कमैयाहरूको थातबास र आय आर्जनको पक्षमा राज्यले पूर्ण व्यवस्था गर्न सकिरहेको छैन। अहिले पनि कतिपय मुक्त कमैयाहरू पुनः जमिन्दारहरू कहाँ नै फर्किरहेका छन्। कतिपय राज्य विरुद्धको विद्रोहमा सामेल भएका छन्। कतिपयले आफ्ना साना बालबालिकाहरू शहरका धनीमानी, कर्मचारी, हाकिम र राजनीतिक व्यक्तित्वहरूका घरमा घरेलु श्रमिकका रूपमा थोरै ज्यालामा दलाल मार्फत काममा पठाउने गरेको पाइएको छ। गरिबीको कारण अभिभावकहरू त्यस्तो निर्णय लिन बाध्य भएका छन्। अहिलेको अवस्थामा उनीहरूका लागि राज्यले कुनै पनि प्रकारको रोजगारी दिने भनेको डाँडापारीको घाम जस्तै भएको छ। यो पनि बालअधिकारवादीहरूका लागि ठूलो चुनौतीको विषय भएको छ।

देशमा बढ्दै गइरहेको द्वन्द्व, हिंसा, विस्थापन र आतंकले बाल मनोविज्ञानमा दुरगामी, नकरात्मक प्रभाव परिरहेको छ। अहिलेसम्मको युद्धले सयौं बालबालिकाहरूको मृत्यु भइसकेको छ। नाकाबन्दी, नेपाल बन्द जस्ता गतिविधिका कारण लाखौं बालबालिकाहरूले विद्यालयमा नियमित अध्ययन गर्न पाइरहेका छैनन्। किताब र कलम बोक्ने हातहरूलाई घातक हतियार बोक्न लगाइन्छ। उनीहरू बम र बारुदको कहाली लाग्दो धुँवामा परिरहेका छन्। बालबालिकाहरूको कलिला मस्तिष्कमा मानवता र समवेदना हराएको छ।

चलिरहेको द्वन्द्वको कारण दिन प्रतिदिन रोजगारीका क्षेत्रहरू बन्द हुने क्रम जारी छ। युवाहरू बेरोजगारीले निराश भएर विद्रोहमा संलग्न हुन र विदेशी भूमिमा कष्टपूर्ण जीवन बिताउन बाध्य भइरहेका छन्। बालकहरू काममा लागिरहेका छन्। यस्तो अवस्थामा नेपाल ट्रेड यूनियन महासंघले “बालबालिका स्कुलमा, युवाहरू काममा” भन्ने नारा उठाउँदै आइरहेको छ। यो नारालाई कार्यान्वयन गर्न सबै जिम्मेवार पक्षहरू लाग्ने हो भने राष्ट्रलाई अशान्तिबाट मुक्त गरी अग्रगमन तर्फ बढाउन सकिन्छ। बालबालिकाहरू भविष्यका कर्णधार हुन्, राष्ट्रका उर्वर विरुवा हुन् र शान्ति र विकासका बलिया आधार हुन्। उनीहरूको सुन्दर भविष्यको कल्पना नै राष्ट्र प्रेम हो। सबै जिम्मेवार पक्षहरूले आफ्ना निजी स्वार्थ त्यागी राष्ट्र, जनता र बालबालिकाहरूको हितको निमित्त सहमति र सहकार्यको खोजी गर्नु आवश्यक छ। यस कार्यमा ढिला गर्नु आफ्नो खुट्टामा आफैले बन्चरो हान्नु सरह हो।

२० नोभेम्वर २००४ का दिन अन्तरराष्ट्रिय बालअधिकार दिवस विभिन्न कार्यक्रम गरी मनाउने गरेको पाइन्छ। हाम्रो देशमा ठूलाबडा भनाउँदाहरूले बालबालिकाको नाममा मिठाइ बाँड्ने र देखावटी काम गरेर जनताको आँखामा छारो हाल्ने काम धेरै वर्षदेखि गर्दै आइरहेका छन्। कतिपयले बाल दिवसको नाममा राज्यको दुकुटीलाई आफ्नो पोल्टामा हाल्ने काम पनि गरेका छन्। जसको कारणले बालबालिकाहरूको अधिकारको बारेमा खासै प्रगति भएको देखापरेको छैन। देशको वर्तमान जटिल परिस्थितिमा हाम्रा बालबालिकाहरूले भोग्दै आइरहेको दुःख, कष्ट तथा पीडाप्रति हामी ज्यादै संवेदनशील भएका छौं। त्यसैले हामी बालबालिकाहरू प्रतिको आफ्नो दायित्व सार्वजनिक रूपमा अभिव्यक्त गर्न र आम जनसमुदाय तथा सरोकार पक्षहरूसँग हातेमालो गरी अगाडि बढ्न दृढ छौं। हाम्रो मुलुकमा अब यस खालका विपत्ति र विनासलाई रोक्न राष्ट्रिय सहमतिका आधारमा अगाडि बढ्ने आँट सबै पक्षबाट गर्नु जरुरी छ।

# आइसिएफटियू, जीयुएफ उच्चस्तरीय मिशनको नेपाल भ्रमण



उमेश उपाध्याय

स्वतन्त्र ट्रेड यूनियनहरूको अन्तरराष्ट्रिय केन्द्र (आइसिएफटियू) र विषयगत अन्तरराष्ट्रिय संघहरू (जियूएफ) को संयुक्त प्रतिनिधि मण्डलले यसपाली मंसिर १-४ को अवधिमा नेपालको भ्रमण गऱ्यो । ५ सदस्यीय यस टोलीको नेतृत्व आईसिएफटियूका सहायक महासचिव ओलीभिएराले गरेका थिए ।

नेपालमा चलिरहेको हिंसात्मक द्वन्द्व र प्रजातान्त्रिक प्रक्रियामा आएका अवरोधले श्रमिक वर्गमाथि पनि ठूलो पीडा थोपरेको छ । रोजगारी गुम्ने र जिविकाको समस्या मात्रै नभएर आफू बस्ने र काम गर्ने थलोबाट विस्थापित हुनु परेको समस्या पनि नेपाली श्रमजीवीहरूले भोगिरहेछन् । साथै, लाखौं श्रमिकहरू आप्रवासी श्रमिकको रूपमा मुलुक छाड्न बाध्य भएका छन् । द्वन्द्वका कारक पक्षहरूले हत्या र यातना पनि श्रमिकहरूको भागमा डरलाग्दो गरी थोपरेका छन् । यसर्थ द्वन्द्वको समाधान, शान्तिको बहाली र प्रजातान्त्रिक प्रक्रियाहरूको निर्वाध संचालन नै आजको आवश्यकता हो । हाम्रो महासंघले यस सिलसिलामा राष्ट्रिय-अन्तरराष्ट्रिय मंचहरूमा यिनै कुराहरू राख्दै आएको छ । गत वर्ष मंसीर महिनादेखि नै अन्तरराष्ट्रिय ट्रेड यूनियन संघहरू, अन्तरराष्ट्रिय ट्रेड यूनियन केन्द्रहरू तथा आईएलओ समेतलाई उच्चस्तरीय मिशन नेपाल आई अध्ययन गर्न र स्थितिलाई विश्व अगाडि राखी विश्व जनमतलाई आम नेपाली जनता र नेपाली श्रमजीवीको भावना र पक्षमा क्रियाशील बनाउन हामीले प्रयत्न शुरू गऱ्यौं । नेपाल ट्रेड यूनियन महासंघको अग्रसरतामा नेपाल ट्रेड यूनियन महासंघ र नेपाल ट्रेड यूनियन कांग्रेस समेतको संयुक्त पहल शुरू गरियो । फलतः नेपालमा यस प्रकारको उच्चस्तरीय मिशन पठाई स्थितिको अध्ययन गर्न र ट्रेड यूनियन महासंघहरूको कदमलाई अन्तरराष्ट्रिय ऐक्यबद्धता दिन आइसिएफटियू र जियूएफहरू उत्सुक पनि भए ।

**यस उच्चस्तरीय मिशनले निम्न उद्देश्य राखेको थियो ।**

- नेपालमा राजनीतिक र ट्रेड यूनियनहरूको अवस्थाको मूल्यांकन गर्ने
- ट्रेड यूनियनहरू, श्रमिकहरू र श्रमिक परिवारप्रति ऐक्यबद्धताको भावना अभिव्यक्त गर्ने ।
- उपयुक्त पदाधिकारी र निकायहरूसँग मजदुर र ट्रेड यूनियनहरूका चासो र सरोकारका विषयहरू छलफल गर्ने ।
- द्वन्द्वको यो अवस्थामा कठिनाइसँग जुध्न ट्रेड यूनियनहरूले लिन सक्ने र लिनु पर्ने रणनीतिहरू पहिचान गर्ने ।

**मिशनले निम्न संगठन र समूहसँग छलफल र बैठकहरू गऱ्यो :**

- जिफन्टको नेतृत्व
- एनटीयूसीको नेतृत्व
- मानव अधिकारवादीहरू तथा पहिलेका सरकार-माओवादीवार्ताका सहजकर्ताहरू
- शिक्षक संगठनहरू
- नेपाल बार एशोसियशन
- नेपाल मेडिकल एशोसियशन
- नेपाल इन्जिनीयर्स एशोसियशन
- लेखक र पत्रकारहरू
- महिला संगठनहरू

**मिसनले छलफलका लागि निम्न कार्यालयहरूमा भ्रमण गऱ्यो :**


- फ्रेडरिक इर्वट फाउण्डेशनको कार्यालय
- एनटीयूसी/जिफण्ट संयुक्त बोर्डको सचिवालय
- राष्ट्रिय मानव अधिकार आयोगको कार्यालय
- संयुक्त राष्ट्र विकास कार्यक्रम (यूएनडीपी)
- गृहमन्त्रालय - गृहमन्त्री
- सूचना तथा संरचार मन्त्रालय - मन्त्री
- प्रधानमन्त्रीको कार्यलाय - प्रधानमन्त्री
- आइएलओ
- नेकपा एमालेको कार्यालय - महासचिव
- नेमकिपाको कार्यालय - अध्यक्ष
- नेपाली कांग्रेसको कार्यालय - सभापति

मंसीर ४ गतेको दिन पत्रकार सम्मेलन गरी यो उच्चस्तरीय प्रतिनिधि मण्डलले आफ्नो मिशनको कार्यक्रम पूरा भएको घोषणा गरेको थियो ।

नेपाल ट्रेड यूनियन महासंघसंग (मंसीर २ गते) यस मिशनको छलफल बैठक भयो । बैठकमा अध्यक्ष मुकुन्द न्यौपानेको नेतृत्वमा १० जनाको समूहले छलफल गरेको थियो । महासंघको तर्फबाट वर्तमान स्थिति र महासंघका धारणाहरू लगायत सान्दर्भिक खबरका कटिंग सहितको विवरण फाइल प्रतिनिधि मण्डलका प्रत्येक सदस्यलाई दिइएको थियो । यस अघि पनि आइसिएफटियू एसिया प्रशान्त क्षेत्रीय कार्यालयको तर्फबाट साउन महिनामा एक भ्रमण दल आएको थियो ।

भर्खरै सम्पन्न यस उच्चस्तरीय प्रतिनिधि मण्डलको अध्ययन भ्रमणको अन्त्यमा आयोजित पत्रकार सम्मेलनमा मिशनको निष्कर्ष थियो - प्रजातान्त्रिक प्रकृयालाई अवरुद्ध गरेर तथा हक-अधिकारको कटौती गरेर यस्ता द्वन्द्वको समाधान हुदैन, बरु प्रजातान्त्रिक प्रकृया र हक-अधिकारलाई झन निर्वाध ढंगले प्रयोग गर्ने वातावरण बनाएर नै समाधान गर्न सकिन्छ । नेपालका हामी ट्रेड यूनियनहरूको साथमा छौं, र तपाइहरूले भोगिरहेका समस्याप्रति अन्तराष्ट्रिय समुदायको ध्यानाकर्षण गर्न हामी कदम अघि बढाउने छौं ।

यो मिशनले फर्केपछि छिटै नै आफ्नो रिर्पोट तयार गरी सार्वजनिक गर्ने बचनबद्धता व्यक्त गरेको छ ।





रुद्र गौतम

# विश्वमा गरिबी

विश्व जनसंख्याको निकै ठूलो भाग गरीबहरूको छ । १९९० को दशकमा विश्वका अति गरीब जनसंख्या २९ प्रतिशतबाट घटेर २३ मा पुग्यो । यसको प्रभाव एसियामा पनि सकारात्मक रह्यो । विश्वका कूल गरीबहरू मध्ये ७० प्रतिशतको वसोवास अफ्रिका र एसियामा मात्र भएको कुराको पुष्टि विभिन्न अध्ययनहरूले गरेका छन् । नेपाली समाजमा गरिबी ब्यापक छ । विभिन्न अध्ययनहरूले गरिबीको रेखामुनि रहेका जनसंख्याको हिस्सा कूल जनसंख्याको ७० प्रतिशत भन्दा बढिरहेको अनुमान गरेका छन् । श्री ५ को सरकारले आठौं योजनाको अन्त्यमा गरिबीको रेखामुनि रहेका जनसंख्या कूल जनसंख्याको ४२ प्रतिशत अनुमान गरी नवौं योजनाको अन्त्य सम्ममा त्यसलाई ३२ प्रतिशतमा झार्ने लक्ष्य लिएको थियो । जुन नवौं योजनाको अन्त्य सम्ममा ३८ प्रतिशतमा मात्र झरेको अनुमान गरी चालु दशौं योजनामा ३० प्रतिशतमा झार्ने लक्ष्य सहित योजना अगाडि राखिएको छ । तर उक्त लक्ष्य पूरा हुने कुरामा विश्वास गर्न सक्ने भरपर्दो आधार भने अहिले सम्म देखिएका छैनन् ।

**तालिकाः १ प्रतिव्यक्ति आय, आयको असमान वितरण र निरपेक्ष गरिबी**

| देश | प्रतिव्यक्ति आय (अमेरिकी डलरमा) | | | निरपेक्ष गरिबीको रेखामुनिका जनसंख्या (प्रतिशतमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | विनिमय दरका आधारमा | क्रयशक्ति समताका आधारमा | आयको वितरण (गिनी इन्डेक्स) | दैनिक एक डलर भन्दा कम | दैनिक दुई डलर भन्दा कम | दैनिक १४.४० डलर भन्दा कम | रोजगार जनसंख्या मध्ये गरीबको अनुपात |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| संयुक्तराज्य अमेरिका | ३५,०६० | ३५,०६० | ४०.८ | | | १४.० | |
| नर्वे | ३७,८५० | ३५,८४० | २५.८ | | | | |
| डेनमार्क | ३०,२९० | २९,४५० | २४.७ | | | ८.० | |
| बेल्जियम | २३,२५० | २७,३५० | २५.० | | | १२.० | |
| जर्मनी | २२,६७० | २६,२२० | ३०.० | | | १२.० | |
| फिनल्याण्ड | २३,५१० | २५,४४० | २५.६ | | | ४.० | |
| स्वीडेन | २४,८२० | २५,०८० | २५.० | | | ५.० | |
| संयुक्त अधिराज्य | २५,२५० | २५,८७० | ३६.१ | | | १३.० | |
| चिली | ४,२६० | ९,१८० | ५७.५ | | १८.४ | | ४.२ |
| दक्षिण अफ्रिका | २,६०० | ९,८७० | ५९.३ | ११.५ | ३५.८ | | १२.६ |
| रसियन फेडरेसन | २,१४० | ७,८२० | ४८.७ | ७.० | २५.१ | | |
| ब्राजिल | २,८५० | ७,२५० | ५९.१ | ९.० | २५.३ | | ५.१ |
| रुमानिया | १,८५० | ६,२९० | २८.२ | २.८ | २७.५ | | |
| काजकिस्तान | १,५१० | ५,४८० | ३५.३ | | १५.३ | | |
| पेरु | २,०५० | ४,८०० | ४६.२ | १५.५ | ४१.४ | | १६.८ |
| युक्रेन | ७७० | ४,६५० | २९.० | २.९ | ४५.६ | | |
| चीन | ९४० | ४,३९० | ४०.३ | १८.५ | ५३.७ | | १९.१ |
| इजिप्ट | १,७७० | ३,७१० | २८.९ | ३.१ | ५२.७ | | ३.४ |
| इण्डोनेशिया | ७१० | २,९९० | ३१.७ | ७.७ | ५५.३ | | १५.७ |
| भारत | ४८० | २,५७० | ३७.८ | ४४.२ | ८६.२ | | ४५.४ |
| बङ्गलादेश | ३६० | १,७२० | ३३.६ | २९.१ | ७७.८ | | ३०.० |
| **नेपाल** | **२३०** | **१,३५०** | **३६.७** | **३७.७** | **८२.५** | | **३८.९** |
| केन्या | ३६० | ९९० | ४४.५ | २६.५ | ६२.३ | | २७.३ |
| नाइजेरिया | २९० | ७८० | ५०.६ | ७०.२ | ९०.८ | | ७२.४ |
| माली | २४० | ८४० | ६०.५ | ७२.८ | ९०.५ | | ७५.१ |
| तान्जानिया | २८० | ५५० | ३८.२ | १९.१ | ५९.६ | | २०.५ |

# : एक झलक

**गरिबीको रेखा भनेको के हो**

गरिबीलाई सामान्यतया सापेक्ष गरीब र निरपेक्ष गरीब गरी दुई प्रकारले नाप्ने गरिन्छ। सापेक्ष गरिबी भनेको जनसंख्याको त्यो समूह हो जसको न्यूनतम आधारभूत आवश्यकता -गास, वास, कपास, शिक्षा, स्वास्थ्य, यातायात आदि पूरा गर्नका लागि आवश्यक आम्दानी हुँदैन। त्यति आय नभएका जनसंख्यालाई गरिबीको रेखामुनि रहेका जनसंख्या भनिन्छ। यस्ता आवश्यकता पूरा गर्ने आय भिन्न-भिन्न मुलुकमा भिन्न-भिन्न हुन्छ (नेपालमा रु. ४४०४ लाई आधार मानिएको थियो) र गरिबीको रेखा भन्दा तलका जनसंख्याको हिस्सा पनि फरक-फरक हुन्छ र कतिपय मुलुकमा त्यस्ता जनता नहुन पनि सक्दछन्। तर सापेक्ष गरिबी भनेको एक व्यक्तिसँग अर्को व्यक्तिको तुलना भएको हुँदा यो कहिल्यै पनि शून्य हुन सक्दैन। त्यसैले गरिबीको तुलना गर्दा निरपेक्ष गरिबीलाई लिने गरिन्छ।

तालिकामा जम्मा ८ वटा कोलमहरू छन्। ती कोलमहरूले अलग अलग अर्थ बोकेका छन्।

**कोलम** १: यसमा विश्वका अति विकसित मुलुक अमेरिका, बेलायत, जर्मनी, स्वीडेनदेखि लिएर कम विकसित नेपाल, केन्या, नाइजेरिया, माली तथा तान्जानिया गरी २६ वटा मुलुकहरूको नाम उल्लेख छ।

**कोलम** २: यस कोलममा विभिन्न देशका जनताको प्रतिव्यक्ति आयलाई अमेरिकी डलरमा देखाइएको छ। यो प्रतिव्यक्ति आय विभिन्न देशका मुद्राको अमेरिकी डलरसँगको विनिमय दरको आधारमा हिसाब गरिएको छ। यसरी हेर्दा एकजना अमेरिकीको सरदर वार्षिक आम्दानी एक जना नेपालीको भन्दा १५२ गुणा बढी छ। त्यसैगरी छिमेकी मुलुक चीन र भारतको तुलनामा नेपालीको प्रतिव्यक्ति आय क्रमशः ४ र २ गुणा कम छ।


**कोलम** ३: यस कोलमले पनि प्रतिव्यक्ति आय नै देखाएको छ तर कोलम २ को आय विभिन्न देशको मुद्रा विनिमयको आधारमा हिसाब गरिएको हो भने यस कोलममा मुद्राको किन्न सक्ने क्षमताका आधारमा हिसाब गरिएको छ। यस सिद्धान्त अनुसार विभिन्न देशका जनताले उपभोग गर्ने साझा वस्तु तथा सेवाको प्याकेज निर्धारण गरी त्यो प्याकेज प्राप्त गर्न खर्च गर्नु पर्ने मुद्राको आधारमा प्रतिव्यक्ति आय निकालिन्छ। अर्थात प्रतिव्यक्ति आय मुद्रामा नभएर वस्तु तथा सेवामा निर्धारण गरिन्छ। उदाहरणको लागि नेपालमा एक छाक सामान्य खाना खान तीस रूपैयाँ खर्च गर्नु पर्छ भने त्यस्तै खाना खान अमेरिकामा दुई अमेरिकी डलर अर्थात रु. १४८ खर्च गर्नु पर्ने हुन्छ। यसरी वस्तुको क्रयशक्तिका आधारमा एक अमेरिकी डलर बराबर १५ नेपाली रूपैयाँ पर्न आउँदछ जब कि विनिमयका आधारमा एक अमेरिकी डलर बराबर ७४ नेपाली रूपैयाँ हुन्छ। यसका आधारमा कोलम २ र ३ मा रहेको फरक के बुझ्नु पर्दछ भने जुन देशमा निर्धारित प्याकेजको वस्तु तथा सेवाको सरदर मूल्य सस्तो हुन्छ, त्यस देशको प्रतिव्यक्ति आय कोलम २ मा भन्दा बढी हुन्छ र मूल्य महँगो भएमा कम हुन्छ। यो विश्लेषणको आधारमा एक जना नेपालीको वार्षिक आम्दानी कोलम २ को भन्दा झण्डै ७ गुणा बढी देखिन्छ।

**कोलम** ४: जुनसुकै देश, चाहे त्यो साम्यवादी होस् वा पूँजीवादी, राष्ट्रिय आयको वितरणमा असमानता पाइन्छ र असमानताको मात्रामा पनि कम-बेसी हुन्छ। कुन देशमा कति असमानता छ भनेर थाहा पाउनको लागि **गिनी इण्डेक्स** निकालिन्छ। **गिनी इण्डेक्सको** मूल्य ० देखि १०० को बीचमा हुन्छ। सो मूल्य जति बढी हुन्छ असमानता त्यति नै बढी भएको मानिन्छ र कम भएमा कम। तालिका अनुसार हाम्रा छिमेकी देश भारत र चीन लगायत विभिन्न देशमा आयको वितरण हाम्रो देशको भन्दा असमान रहेको पुष्टि हुन्छ।

**कोलम** ५, ६, ७, ८: यी चारवटै कोलमहरूले सम्बन्धित देशका जम्मा जनसंख्यामध्ये निरपेक्ष गरिबीको रेखामुनि रहेका जनसंख्याको प्रतिशत बताउँछन्। कति आयलाई गरिबीको रेखा मान्ने भन्ने विषय त्यति सजिलो छैन। त्यो आय देशको विकासको अवस्था, मुद्राको क्रयशक्ति र समय अनुसार फरक फरक हुन्छ। धनी मुलुकमा बढी हुन्छ भने गरीब मुलुकमा कम। कोलम ५ ले प्रतिव्यक्ति दैनिक १ अमेरिकी डलरभन्दा कम आय भएका जनसंख्यालाई देखाएको छ भने कोलम ६ मा २ अमेरिकी डलर भन्दा कम आय भएकालाई र कोलम ७ ले १४.४ अमेरिकी डलर भन्दा कम आय भएकालाई। कोलम ८ ले चाहिँ आय गरिबीको रेखामुनि रहेको श्रमिक जनसंख्यालाई देखाएको छ। अन्तरराष्ट्रिय प्रचलनका आधारमा नियाल्दा एक अमेरिकी डलरभन्दा कम दैनिक आय भएकालाई निरपेक्ष गरिबीको रेखामुनि राख्ने चलन छ। तर विकसित देशमा भने दैनिक १४.४ अमेरिकी डलरभन्दा कम आम्दानी भएकालाई यो श्रेणीमा राखिन्छ।

**"सापेक्ष गरिबी भनेको एक व्यक्तिसँग अर्को व्यक्तिको तुलना भएको हुँदा यो कहिल्यै पनि शून्य हुन सक्दैन। त्यसैले गरिबीको तुलना गर्दा निरपेक्ष गरिबीलाई लिने गरिन्छ।"**

# आफ्नै मामाको हलिया जस्तो म, मनोहरि सिवाकोटी



जन्म : २०१८
**बाबुको नाम : शशिप्रसाद सिवाकोटी**
**आमाको नाम : लछिमा सिवाकोटी**
**जन्मस्थान : हाङपाङ, ताप्लेजुङ**

**तपाईंको बाल्यकाल कसरी बित्यो ?**

मेरो जन्म पहाडको एउटा गरीब परिवारमा भएको हो । पारिवारिक अवस्था अत्यन्त कमजोर भएकोले मेरो काका, फुपूहरू घर छोडेर आसामतिर लागे । काकाहरू गएको दुई वर्षपछि मेरो बा पनि केही कमाइ ल्याउने आसमा आसामतिरै जानुभो तर त्यहाँ पनि उहाँले कुनै प्रगति गर्न सक्नु भएन र दुई वर्ष पछि जस्ताको तस्तै घर फर्केर आउनु भो । हाम्रो आर्थिक स्थिति अरू जटिल बन्दै गयो र हामी आफ्नो जन्मथलोमा गुजारा गर्न नसक्ने स्थितिमा पुग्यौं ।

**त्यसपछि तपाईंको परिवार कता गयो त?**

म त जन्मेको मात्र हाङपाङमा हो । म गर्भमा छँदै बाआमालाई समेत लिएर आसाम जानु भएछ । त्यहाँ पनि गुजाराको कुनै अवस्था न बनेपछि पहाडै फर्की आउनुभएछ र म जन्मेको सात महिना पछि झापाको बयरडागीमा बसाइ सर्नु भएछ । यो सबै कुरा मैले आमाको मुखबाट सुनें । म आफू केही कुरो थाहा पाउने हुँदा हाम्रो परिवारले प्यारेलाल अग्रवाल भन्ने माडवारीको जमिन ठेक्कामा लिएको थियो । त्यतिबेला झापामा राजवंशी र सतारहरूको मात्र बस्ती थियो । पहाडेहरू छिटफुट मात्र थिए ।

**जग्गा कति कमाउनु भएको थियो ?**

हाम्रा बालाई माडवारीले चार बिघा भनेर कुत ठेगेको रहेछ । बाले होला भनेर धेरै वर्षसम्म चार बिघाको कुत बुझाउनुभो तर त्यत्रो जग्गा कमाएर पनि हामीलाई खान पुगेन । पछि पहाडबाट मान्छेहरू झर्दै गए । केही टाठाबाठा पनि आए । भूमिसुधारले जग्गा नापी गर्न थालेपछि गाउँ पंचायतबाट हाम्रो जग्गा नापी हुँदा दुई बिघा आधा मात्र रहेछ । नौ वर्षसम्म हामीले चार बिघाको कुत बुझाइ सकेका थियौं । हामी जस्ता मान्छेहरू त्यहाँ धेरै रहेछन् । सबैले आवाज उठाए । हाम्रो पक्षबाट पनि यो फाल्टो कुत मिनाहा हुनु पर्छ भनेर मान्छेले आवाज उठाए ।

**तपाईंहरूले तिरेको कुत मिनाहा या फिर्ता भयो त ?**

कुत फिर्ता गर्ने कुरा त परै जावस् हामीले न्याय पाउँ भनेर दिएको उजुरीमा पनि हाम्रो पक्षमा फैसला भएन । गाउँ पंचायतले हालसम्मको कुरा बिर्सेर अबदेखि अढाइ बिघाकै दिने भनेर गरेको निर्णय पनि माडवारीले मानेन । हामीले पनि त्यो भन्दा माथिको कुत दिन मानेनौं र यसै बापत मेरो बालाई माडवारीले दुई दिन चन्द्रगढीमा थुनायो । मेरो आमा प्रसाईको छोरी भएकोले देवीप्रसाद प्रसाईले छुटाएर ल्याए ।

**त्यसपछि परिवार कसरी चल्यो त ?**

माडवारीसँग मुद्दा चल्दाचल्दै ०२८ सालमा कन्काइमा भयानक बाढी आयो र सारा खेत बगाएर लग्यो । मान्छे भागेर बाँचे । धेरैका गाईवस्तु र घर बगायो । हामी पनि भागेर बाँच्यौं । हामीले कमाएको खेत सबै पुरियो । त्यहाँबाट हामी मदरगाछ भन्ने खयरघारीमा सऱ्यौं । त्यहीं सबै बाढी पीडितहरू झुप्रा बनाएर बसे । हामी पनि झुप्रो बनाएर बस्यौं । नौ महिना जति त्यहीं झुप्रोमा बसेर कुनै गुजाराको उपाय नभएपछि हामी लालपानी सुरुङ्गा सऱ्यौं ।

**सुरुङ्गा गएपछिको पेशा के रह्यो ?**

मेरा बा-आमाले सतारको जग्गा अधियामा जोत्न थाल्नुभयो । त्यहाँ आमाको दिदी भएकोले उहाँकै सहारामा गएका थियौं । म १० वर्षको थिएँ र मदरगाछ स्कूलमा पहिले नै नाम लेखि सकेको थिएँ । बाढी र मुद्दाको झमेलाले यता र उता सर्दा मेरो पढाइ टुटेको थियो । फेरि दुई कक्षामा नाम लेखाएर पढ्न थालें ।

**अनि, त्यहाँको बसाइ स्थायी भयो ?**

त्यहाँ एक वर्ष सतारको जग्गा कमाएपछि हामीले पुरानो माईको तीरमा काँसघारी फाडेर जमिन आवाद गऱ्यौं । कठिन मेहनत गरेर एक वर्षमा आवाद गऱ्यौं । तीन वर्षमा त्यसलाई खेतमा परिणत गऱ्यौं र अन्न बाली उब्जने बनायौं । तर जब धान फल्न थाल्यो सुरुङ्गा तुल्सीबारीको विष्णु दहाल भन्ने मान्छेले मेरो जग्गा भनेर दावा गऱ्यो । हाम्रो पक्षमा बोल्ने मान्छे कोही भएन । उसले सतार उचाल्यो । दुई वर्षसम्म हामीले चन्द्रगढीमा मुद्दा लड्यौं । उसले वर्षैपिच्छे धान लुटेर लान थाल्यो । हामी लुटिन थालेपछि र हाम्रो पक्षबाट लड्ने कोही नभएपछि उसलाई कुत बुझाउन समेत तयार भयौं । तर उसले मानेन र लठैतहरू प्रयोग गरिरह्यो । मेरा बा, भिनाजु सबैलाई कुटेर घाइते बनायो । त्यसपछि हामीले कुटपीटको मुद्दा हाल्यौं र ऊ केही दिन थुनियो । तरपनि खेत हामीले आफ्नो बनाउन सकेनौं । फेरि अर्काको कमाउन थाल्यौं । उसले प्रशासनमा पैसा खर्च गऱ्यो । पैसाको सामु हामी निरिह भयौं ।

**त्यस्तो अवस्थामा तपाईंले आफ्नो पढाइ कसरी बढाउनु भो ?**

मेरो पढाइ ५ कक्षा पूरा भयो । म पढेको स्कूलमा त्यति मात्र पढाइ हुन्थ्यो । मेरो पढ्ने इच्छा भएको र घरबाट पढाउन नसक्ने भएकोले म मामाघर अनारमनी, बुट्टाबारी गएर ६ कक्षामा नाम लेखाएँ ।

**त्यहाँ गएपछि तपाईंको दिन राम्रो भयो ?**

गएको ६ महिनासम्म राम्रै भयो । भान्जा-भान्जीलाई राम्रो गर्नु पर्छ भन्थे । पढ्ने समय पनि निक्लिन्थ्यो । ६ महिना पछि मलाई घरको काममा अधिक लाउन थाले । भैंसी हेर्ने, घाँस काट्ने, राँगा जोत्ने, पाटा काट्ने, पाटा खाडीमा लगेर हाल्ने जस्ता यावत काममा मलाई जोत्न थाले । अब म पढ्न बसेको भान्जा भन्दा पनि हलिया कमैयाको रूपमा रूपान्तरण भएँ । तीन जना हली घरमा थिए, मेरो जिन्दगी उनीहरूको भन्दा फरक थिएन । वर्षमा एक जोडा भन्दा लुगा दिइँदैनथ्यो । म समय बचेको बेला दिनमा स्कूल जान्थें । स्कूलबाट फर्कनासाथ हली गोठालीमै लाग्थें । मास्टरले "तँ आइज, म बर्खे छुट्टीमा सित्तैं कोचिङ पढाइ दिन्छु" भन्दा पनि मैले छुट्टी पाइन । साथीहरू बाटोबाट बोलाउँथे । म हलो समाइरहेको हुन्थें । मेरो दिल जल्थ्यो तर मेरो दिलको कुरो न मामाले बुझ्दथे न माइजूले ।

**यस्तो अवस्था झेलेर तपाईं मावलमा कति बस्नु भयो त ?**

म हली जस्तो भएर काम गरेको देखेपछि उनीहरूले मेरो आमाबाबुलाई पनि त्यहीं बोलाए । मामाको २२ बिघा

> **"म गर्भमा छँदै बाआमालाई समेत लिएर आसाम जानु भएछ । त्यहाँ पनि गुजाराको कुनै अवस्था न बनेपछि पहाडै फर्की आउनुभएछ र म जन्मेको सात महिना पछि झापाको बयरडागीमा बसाइ सर्नु भएछ ।"**

जमिनको बीचमा २ बिघा र आधा ऐलानी जग्गा रहेछ। त्यही जग्गा कमाएर खाओ भनेर बोलाए। हामीले त्यो ऐलानी जग्गा कमायौं र त्यहाँबाट राम्रै उत्पादन पनि हुन थाल्यो। म पनि मामाघर छोडेर आमा-बासँगै बस्न थालें। जब जग्गा राम्रो बन्यो, हामीले गाई वस्तु पालेर मल हाल्यौं, त्यसपछि मामाले हामीसँग जग्गाको कुत माग्न थाले। हामीले ऐलानी जग्गा हाम्रो आफ्नै नाममा दर्ताको प्रक्रिया चल्दैछ, कस्तो कुत हो भन्दा "तिमीहरूलाई हामीले राखेको हो, हामीलाई बुझाउनु पर्छ" भन्ने मामाको जवाफ आयो। मामाघरसँग आवत-जावत बन्द भयो। दशैंको टिकाटाला समेत बन्द भयो। यहाँसम्म कि मेरो आफ्नै मामा-माइजूले आमालाई बोक्सीको आरोप समेत लगाए। भैंसी मरे पनि तैंले खाइस् भन्ने, बच्चा तुहे पनि तैं बोक्सीले लगिस् भन्ने तुच्छ व्यवहारमा उनीहरू उत्रे। पहिले हामी हली गोठाला जस्ता भएर उनीहरूको काम गर्दा सबै खुसी थिए जब हामीले आफ्नो गरी खाने सोच्यौं उनीहरू यसरी हाम्रा वैरी बने।

**यस्तोमा तपाईंको भूमिका कस्तो रह्यो ?**

म आफन्तकै दुर्व्यवहारबाट दिक्क भएर घरबाट हिंडें। भारतको पंजावको लुधियानामा पुगें। मसँग एक जना देवेन्द्र तिवारी भन्ने साथी पनि थियो।

**पंजाबको लुधियाना पुगेर के गर्नु भयो ?**

पंजाबमा मेरो सानीमाको छोरो काम गर्थ्यो। उसैको आसमा हामी काम सिक्न र पैसा कमाउन भनेर त्यहाँ गएका थियौं। तर त्यहाँ सानीमाको छोरो फेला परेन। हामी बेसहारा जस्ता भयौं। बाटामा जाँदा रेलमा एक जना पंजाबी आर्मीको मान्छे भेटिएका थिए। ती आर्मीको मान्छेले हामीलाई नेपाली भनेर चिनेपछि राम्रै सोधीखोजी गरे र हामीलाई उनैले त्यहाँका नेपालीहरूसँग सम्पर्क पनि गराइ दिए। त्यहाँ भेटिएका नेपाली मध्ये एक जना हेटौंडा घर भएका झपड बहादुर कार्की र कपिलवस्तुका गमर बहादुर गुरुङले हामीलाई आफ्नो कोठामा राखेर काम खोज्न थाले। मैले पहिले काम पाएँ। त्यो काम पनि झपड बहादुरले अन्त काम नपाएसम्मको लागि भनेर राखिदिएका थिए। त्यहाँ मलाई तीन सय रुपियाँ दिइन्थ्यो। बस्नु उसैकहाँ थियो। हामी साथमा केही नभएर आत्तिन थालेका थियौं। त्यो बेला यतिको काम पाउँदा म अति हर्षित भएँ। उता साथीलाई काम खोज्दै थियौं, एउटा ठग नेपालीले उनलाई फेला पारेछ र उनी नराम्रो गरी ठगिए।

**त्यसपछि तपाईंको जीवन कसरी अघि बढ्यो ?**

टायर कारखानामा एक महिना काम गरेपछि मलाई गमर गुरुङले जी.के. अटो इन्जिनियरिङमा काम खोजी दिए। क्वाटर सहित ६०० तलब थियो। त्यहाँ मैले एक वर्ष काम गरें र एक वर्षपछि घर आएँ। घर आउँदा भाइ टी.बी. लागेर मर्न लागेको रहेछ। भाइलाई औषधि गरें। तीन महिना बसेर म फेरि पन्जाब फर्कें। तर फर्केको केही दिनमै इन्दिरा गान्धीको हत्या भयो। यो हत्याले सारा पंजाब अशान्त भयो। जतासुकै कर्फ्यु लाग्न थाल्यो। सबै उद्योग बन्द हुन थाले। मैले काम गर्ने कारखाना पनि बजारमा माल नगएकोले बन्द भयो। कारखाना मालिकले हामीलाई सुख्खा रोटी ख्वाएर एक महिनासम्म पाल्यो। पछि आन्दोलन केही मत्थर भयो र म नेपाल फर्कें।

**नेपाल फर्केपछि के गर्नु भो ?**

नेपाल फर्केर तीन महिना घर बसें। त्यसपछि कामको खोजीमा काठमाडौं आएँ। काठमाडौंमा आएर ड्राइभिङ सिकेर लाइसेन्स पनि लिएँ। भवन निर्माण हुने ठाउँमा ज्यामी काम गर्न थालें। बालुवा गिटी बोक्ने, इटा बोक्ने, घर निर्माण सम्बन्धी यावत सबै काम गरें। ड्राइभरको विज्ञापन निस्केका धेरै ठाउँमा अन्तरवार्ता दिएँ तर कहीं पनि नाम निक्लेन। यस्तै बेला ज्यामी काम गर्दागर्दै पेन्टर टिकाराम थापासँग भेट भयो। टिकाराम थापाले मलाई हेल्परको काममा लगाउनुभो। त्यसपछि मैले पेन्ट गर्न सिकें। त्यसैबेला धेरै कर्मी, सिकर्मी, पेन्टरहरूसँग पनि चिनाजानी भयो। मैले आफ्नो पेट पाल्नेसम्म कमाउन थालें। मेरो डेरामा विद्यार्थीहरू पनि बस्थे। त्यसैबेला विनोद श्रेष्ठसँग चिनाजानी भयो। उहाँ त्यहाँ संगठन निर्माण गर्न जानु हुँदो रहेछ। विनोद श्रेष्ठसँग चिनाजानी भएपछि हाम्रो आवतजावत बढ्यो। हामी पेन्टरहरूको संगठन बनाउने कुरा चल्यो त्यसपछि ०४२ सालमा बानेश्वर संखमुलमा आफ्नै कोठामा ५ जनाको एउटा कमिटी बन्यो। म पेन्टर प्रारम्भिक कमिटीको सदस्य बनें। यसपछि म निरन्तर यसै कमिटीमा अगाडि बढ्दै गएँ। यसपछि म विद्यार्थीका कार्यक्रममा निरन्तर जान थालें। र, धेरै मान्छे चिन्ने मौका पाएँ।

**केन्द्रीय कमिटीमा कहिले पुग्नु भो ?**

०५१ सालमा भएको पहिलो राष्ट्रिय सम्मेलनमा म केन्द्रीय कमिटीमा उठेको थिएँ, तर हारें। हारेपछि तल्लो कमिटीमा बसेर काम गरिरहें। यसको ६ महिना पछि उपत्यका नगर कमिटी बन्यो र म त्यसको अध्यक्ष बनें। दोस्रो राष्ट्रिय सम्मेलनमा म पुनः केन्द्रीय कमिटीमा उठें, सहसचिवमा छानियो। त्यो बेला हाम्रो पेन्टरको छुट्टै केन्द्र थियो। ०५४ सालमा आएर पेन्टर, बिजुली, प्लम्बर निर्माण सबै एकै ठाउँमा मिलाएर एउटै केन्द्र बन्यो। यसपछि म सहसचिवबाट केन्द्रीय सदस्य रहें। ०५५ साल फागुनमा क्युपेक नेपालको अधिवेशन भयो र म फेरि सहसचिव भएँ। यो बेला सम्म क्युपेकको काम देशका ११ भन्दा बढी जिल्लामा फैलिसकेको थियो। यसै बीच मलाई संगठनले कोषाध्यक्षको कामको जिम्मा दियो। ०५९ मा भएको क्युपेकको दोस्रो राष्ट्रिय अधिवेशनले मलाई पुनः केन्द्रीय कोषाध्यक्षमा छान्यो। हाल त्यही पदमा बसेर काम गरिरहेको छु।

**तपाईंले संगठनमा लाग्नु भन्दा अगाडि र पछाडिको जीवनमा के भिन्नता पाउनु भो ?**

यो क्षेत्रमा आउनु भन्दा अगाडि म गरीब किसानको छोरो थिएँ। त्यहाँ एक्लो थिचिएको, आफन्तैबाट शोषणको चपेटमा परेर जीवन अन्धकारमा परेको महसुस हुन्थ्यो। जीवन कहाँ पुग्छ ठेगान थिएन। जब मजदुर क्षेत्रमा प्रवेश गरियो त्यहाँ समूहसँग काम गर्न थालियो। संगठन बन्यो। संगठनले राजनीतिक, सामाजिक चेतना दियो। आज म केही कुरा बुझ्ने भएको छु र आफ्नो वर्गप्रति सचेत छु।

**नेपाल ट्रेड यूनियन महासंघको बारेमा केही भन्नु छ ?**

महासंघले मलाई शिक्षादीक्षा पनि दियो। मलाई शैक्षिक कार्यक्रममा बाहिर पनि पठायो। स्वदेशभित्रै विभिन्न तालिम प्रशिक्षणमा पठाएर मेरो क्षमता बढाउने काम पनि गऱ्यो। महासंघले मलाई राष्ट्रिय परिषदको सदस्य पनि बनायो। यसको लागि म महासंघप्रति सधैं आभारी छु। र, आफ्नो क्षमता र सीप आफ्नो वर्गको हितमा लगाइ रहनेछु।

**प्रस्तुति – मुकुन्द न्यौपाने**

> **"आफ्नै मामा-माइजूले आमालाई बोक्सीको आरोप समेत लगाए। भैंसी मरे पनि तैंले खाइस् भन्ने, बच्चा तुहे पनि तैं बोक्सीले लगिस् भन्ने तुच्छ व्यवहारमा उनीहरू उत्रे।"**

# नेपालको वर्तमान द्वन्द्व र यसको भूराजनीतिक असर

राजन भट्टराई

नेपालमा जारी द्वन्द्व र यसले मुलुकको आन्तरिक जीवनका विभिन्न पक्षमा पारेको असरका बारेमा दैनिक जस्तो समाचार र लेखहरू सुन्न र पढ्न पाइन्छ । तर बढ्दो हिंसात्मक घटनाले नेपालको अन्तरराष्ट्रिय सम्बन्ध, प्रतिष्ठा र अन्य मुलुकहरूको नेपालप्रतिको चासो अर्थात नेपाल र यस क्षेत्रको भूराजनीतिमा पारेको असरका बारेमा भने त्यति धेरै चर्चा-परिचर्चा भएको पाइन्न । जारी हिंसात्मक द्वन्द्वले नेपालको परम्परागत रूपमा रहिआएको भूराजनीतिक अवस्था, मुलुकको वैदेशिक सम्बन्ध, प्रतिष्ठा र अन्तरराष्ट्रिय भूमिकामा के कस्तो असर पारिरहेको छ ? आजको विश्वव्यापीकरणको युगमा कुनै पनि मुलुकका लागि यसको अन्तरराष्ट्रिय सम्बन्धको विषय त्यति नै महत्वपूर्ण हुन्छ जति उसका लागि राष्ट्रिय राजनीतिका विषयहरू हुने गर्दछन् । त्यसमा पनि एसियाकै ठूला दुई देशहरू चीन र भारतको बीचमा अवस्थित भएको र राष्ट्रिय अर्थतन्त्रको ठूलो हिस्सा वैदेशिक सहयोग र ऋणमा भर पर्नुपर्ने हाम्रो जस्तो देशका लागि त यो विषयको महत्व अझ धेरै छ ।

**भूराजनीति**

भूराजनीतिक शब्दको प्रयोग सबैभन्दा पहिले स्वीडेनका राजनीतिशास्त्री रुडोल्फ जेलेनले सन् १८९९ मा गरेका हुन् । भूराजनीतिको व्याख्या गर्दा शुरूमा रुडोल्फले खासगरी कुनै पनि मुलुकको भौगोलिक अवस्था, अझ त्यसमा पनि त्यस देशको सामुद्रिक र पहाडीय बनोटको अवस्था र यसको सामरिक र रणनीतिक महत्वलाई मात्र उल्लेख गरेको पाइन्छ । तर यसको व्याख्या हुँदै जाने क्रममा भूराजनीति भन्नाले राज्यको भौगोलिक स्थान, आकार, प्राकृतिक सम्पदाको अवस्था र जनसंख्या र यसको वनावटलाई मात्र होइन त्यस मुलुकको आर्थिक विकासको अवस्था, बौद्धिक र सूचना सञ्चारको क्षेत्रमा भएको विकास, सामरिक हैसियत, सामाजिक र साँस्कृतिक अवस्था, विश्वमा दुर्लभ ठानिएका वन्यजन्तुहरूको अवस्था, अन्तरराष्ट्रिय राजनीतिमा भूमिका र वैदेशिक सम्बन्धको अवस्थालाई समेत लिइने गरिएको छ ।



फोटो साभार: नेपाल

परम्परागत रूपमा कुनै पनि मुलुकको भौगोलिक आकार र त्यसका अन्य भौतिक संरचनाहरू नै त्यस मुलुकको आन्तरिक र बाह्य सुरक्षाका लागि, वैदेशिक सम्बन्ध निर्धारणका लागि र राज्यको अन्तरराष्ट्रिय हैसियतका लागि समेत निर्णायक बन्ने गर्दथे । जसलाई त्यस राज्यको भूराजनीतिक बनोट भनी भन्ने गरिन्थ्यो ।

तर बढ्दो विश्वव्यापीकरण, राष्ट्र-राष्ट्रहरू बिचको आर्थिक, व्यापारिक, सामरिक, प्राविधिक क्षेत्रको अन्तरनिर्भर्ता, अन्तरराष्ट्रिय संघसंस्थाहरूको विकास, विस्तार र अन्तरराष्ट्रिय कानुनको विकासले स्थिति फेरिएको छ । आज हिजोको जस्तो भौगोलिक आकार र जनसंख्याका आधारमा मात्र त्यस राष्ट्रको आन्तरिक र बाह्य सुरक्षा अवस्थाको निर्धारण, त्यसको अन्तरराष्ट्रिय भूमिका र उसको भूराजनीतिक अवस्थाको हैसियत जनिदैन । आकारमा सबैभन्दा ठूलो हुँदैमा रुस विश्वमा सबै भन्दा शक्तिशाली मुलुक बन्न सकेको छैन भने सबैभन्दा बढी जनसंख्या भएर मात्र चीनले शक्तिशाली राष्ट्रको हैसियत प्राप्त गर्दै गएको होइन । अमेरिका भौगोलिक आकारमा ठूलो भएर र जापानका जनसंख्या धेरै भएर शक्तिशाली भएका होइनन् । त्यसो मात्र हुँदो हो त भौगोलिक र जनसंख्या (३४ लाख मात्र) दुवै हिसाबले दक्षिण पूर्वी एसियाको सबै भन्दा सानो मुलुक सिंगापुर आफूभन्दा भौगोलिक र जनसंख्याका हिसाबले सैयौं गुणा ठूला छिमेकी इण्डोनेसिया, मलेसिया र थाइल्याण्ड जस्ता मुलुकहरूलाई उछिन्दै आर्थिक र प्राविधिक हिसाबले यस क्षेत्रकै शक्तिशाली मुलुक बन्न सक्ने थिएन होला ।

**नेपालको भूराजनीतिक महत्व र बढ्दो अन्तरराष्ट्रिय चासो**

नेपालको भूराजनीतिक अवस्थाबारे चर्चा गर्दा एकातर्फ अन्य मुलुकहरू जस्तै यसको भूबनोट, भौगोलिक आकार, जनसंख्या र जनसंख्याको बनावट, महत्वपूर्ण प्राकृतिक सम्पदाहरू आदिलाई लिने गरिन्छ भने अर्कोतर्फ अझ महत्वपूर्ण रूपमा नेपालको भौगोलिक स्थानलाई लिइने गरेको पाइन्छ । नेपाल विश्वका अति कम

विकसित मुलुकहरू मध्येको एक हो । यसको भौगोलिक आकार, जनसंख्या, आर्थिक विकास, सूचना प्रविधिको विकास र सामरिक हैसियत यस क्षेत्र र संसारकै सामान्यभन्दा सामान्य राष्ट्रहरूकै सरह छ । एसियाका दुई शक्तिशाली मुलुकहरू चीन तथा भारत बीच अवस्थित भएका कारण र विश्वमा क्रमिक रूपमा दुर्लभ बन्दै गएको जलस्रोत विश्वकै अग्ला हिमालहरूका कारण छिमेकी मुलुकहरू र विश्वका अन्य शक्तिशाली राष्ट्रहरूका लागि पनि नेपालको महत्व दीर्घकालिक एवं रणनीतिक छ । अझ त्यसमा आर्थिक विकास द्रुततर गतिले अगाडि बढाइरहेका र महाशक्ति राष्ट्रका लागि प्रतिस्पर्धामा उत्रिएका चीन र भारतका लागि हाम्रो मुलुकको जस्तो जलस्रोतको अपार भण्डार र हाम्रो प्राकृतिक सम्पदा दीर्घकालीन महत्वको रहेको छ ।



आज विश्वको कुनै एक भागमा घटेको घटनाले संसारभर असर पार्दछ । त्यसमा पनि सीमा जोडिएका मुलुकहरूमा त्यसको प्रत्यक्ष असर पर्ने नै गर्दछ । नेपालको राजनीतिक स्थायित्व, आर्थिक विकास र सामाजिक अवस्थासँग चीन र भारत दुवै मुलुकहरूको स्वार्थ प्रत्यक्ष रूपमा गाँसिएको छ । यहाँ घट्ने हरेक घटनाहरूको प्रत्यक्ष असर आफ्ना मुलुक भित्र खासगरी नेपालसँग सीमा जोडिएका स्थानमा पर्ने भएका कारण चीन र भारत दुवै नेपालको वर्तमान अवस्थाप्रति अत्यन्त सजग छन् । दुवै मुलुकसँग हाम्रो लगभग खुला सीमाना भएका कारण यहाँको असर भारतको पश्चिम बंगाल, बिहार, उत्तर प्रदेश, झारखण्ड, उत्तराञ्चल र हिमाञ्चल राज्यहरूसम्म पर्दछ भने चिनियाँ स्वशासित क्षेत्र तिब्बतको धेरै भूभागमा पर्दछ । त्यस्तै भारत र चीनमा घट्ने घटनाहरूको असर पनि नेपालमा प्रत्यक्षरूपमा पर्ने गर्दछ । जस्तो सन् १९६० र ७० को दशकमा भारतको पश्चिम बंगाल र बिहारमा चलाइएको नक्सलवादी आन्दोलनको प्रभाव होस् या सोही समयमा भएको तिब्बतको खम्पा विद्रोहको नेपालमा प्रभाव परेको थियो । यद्यपि नेपाल बाहेकका दुवै मुलुकहरू भौगोलिक र जनसंख्याका हिसाबले ज्यादै ठूला भएका कारण नेपालमा घट्ने घटनाको प्रभावको मात्रा सीमित क्षेत्रमा मात्र पर्ने गर्दछ । तर पनि नेपालका राम्रा र नराम्रा सबै घटनाको प्रभाव पर्ने भएका कारण दुवै मुलुकहरूका लागि नेपाल र नेपालको राजनीतिक, आर्थिक र सामाजिक अवस्थाले असर पारिराखेको हुन्छ ।

नेपालको वर्तमान द्वन्द्व निरन्तर जारी रहेमा यसले नेपालको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्र अझ बिग्रने र नेपाल गृहयुद्धको लामो चपेटामा फस्न सक्ने सम्भावना पनि छ । जसले गर्दा नेपाल असफल राष्ट्रमा परिणत हुन सक्नेछ । असफल राष्ट्रहरू सधैंभरी अन्य शक्ति राष्ट्रहरूको स्वार्थको क्रीडास्थल बन्ने गरेका छन् । उदाहरणका रूपमा अफगानिस्तानलाई लिन सकिन्छ । सन् १९७९ मा तत्कालीन सोभियत संघको सैनिक हस्तक्षेप विरुद्ध लड्ने नाममा अमेरिकाले कट्टरपन्थी तालिवानहरूलाई आर्थिक र सामरिक हिसाबले सहयोग उपलब्ध गराएको थियो । तर पछि जब सोभियत सेना अफगानिस्तानबाट फिर्ता भयो, सत्तामा तिनै अमेरिका समर्थित कट्टरपन्थी तालिवानहरू आए र अन्तत: अलकायदा जस्तो आतंककारी संगठनले फस्टाउने मौका पायो । जसले सन् २००१ को सेप्टेम्बर ११ मा न्यूयोर्क र वासिंगटनमा आक्रमण गराउन सफल भयो । त्यसपछि अफगानिस्तानमाथि अमेरिकी नेतृत्वमा आक्रमण गरियो र आज अफगानिस्तान अमेरिकी र युरोपेली सैनिकहरूको कब्जामा छ । भोलि नेपाल अर्को अफगानिस्तान नबनोस् र यहाँ पनि अफगानिस्थानमा जस्तै विदेशी सेनाहरू आउने अवस्था उत्पन्न नहोस् भनी ध्यान दिनु छिमेकी भारत र चीनका लागि दायित्व मात्र नभई उनीहरूको राष्ट्रिय स्वार्थसँग पनि गाँसिएको विषय हो ।

नेपालको अवस्थाप्रति छिमेकी मुलुकहरूको चासो बढ्नुको अर्को कारण भनेको ती देशहरूको नेपालसँगको व्यापार र उनीहरूले गरेको आर्थिक लगानीको सुरक्षाको विषय पनि हो । मात्राको हिसाबले सानै भए पनि नेपालसँगको व्यापारमा भारत र चीन दुवै अत्यधिक नाफामा छन् । त्यसमा पनि नेपालको बजार भारतका लागि त लगभग एकलौटी नै रहेको छ । त्यस्तै भारतीय र भारतीय मूलका नेपालीहरूको लगानी पनि नेपालमा उल्लेख्य

> **"नेपालको वर्तमान द्वन्द्व निरन्तर जारी रहेमा यसले नेपालको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्र अझ बिग्रने र नेपाल गृहयुद्धको लामो चपेटामा फस्न सक्ने सम्भावना पनि छ ।"**

रहेको छ । भारत र चीन बीचको व्यापार वृद्धिका लागि पनि नेपाल उपयुक्त स्थान हो । विगतमा भारत र चीनको व्यापार नेपाल भएरै हुने गरेको थियो । हालै आएर भारतले आफ्नो मुलुकका ढुवानीका साधनहरूले नेपाल भएर तिब्बती सीमासम्म जानका लागि नेपालसँग अनुमतिको प्रस्ताव राखिसकेको छ । दुवै मुलुक आर्थिक विकासमा लम्केको र विश्वकै अधिक जनसंख्या भएका देशहरू भएकाले पनि भविष्यमा यी दुई मुलुकका बीच हुने व्यापारमा नेपालको भूमिका अझ धेरै बढ्न सक्ने कुरालाई नकार्न सकिन्न ।

यिनै विभिन्न कारणहरूले गर्दा नेपाल र नेपालको भूराजनीतिक महत्व दुवै छिमेकी मुलुकहरूका लागि बढ्दो छ । त्यसैले दुवै मुलुकहरू नेपालमा आफ्नो प्रभाव र आफ्नो मुलुक अनुकूलको राज्यसत्ता स्थापना होस् भन्ने कुरामा ध्यान दिइरहेका हुन्छन् । गत चार वर्षदेखि भारतले शाही नेपाली सेनालाई दिँदै आएको सैनिक सहयोग र सामरिक महत्वको प्राविधिक सहयोगमा उल्लेखनीय वृद्धि गरेको छ भने चीनले पनि परम्परागत सहयोगलाई निरन्तरता दिँदै नेपालले मागे अनुसार अन्य सैनिक र प्राविधिक सहयोग दिने वचन जाहेर गरेको छ ।

**"गत चार वर्षदेखि भारतले शाही नेपाली सेनालाई दिँदै आएको सैनिक सहयोग र सामरिक महत्वको प्राविधिक सहयोगमा उल्लेखनीय वृद्धि गरेको छ ।"**

परम्परागतरूपमा नेपालप्रति भारत र चीन बाहेकका अन्य मुलुकहरूले (शीतयुद्धकाललाई छोडेर) त्यति धेरै ध्यान दिएको पाइँदैन । खासगरी दोस्रो विश्वयुद्ध पश्चात विश्वको महाशक्तिमा उदाएको अमेरिकाले यस क्षेत्रमा पूर्वी र दक्षीणपूर्वी एसियामा जस्तो आफ्नो ध्यान केन्द्रित गरेको थिएन । तर हाम्रो उत्तरी विशाल छिमेकी मुलुक चीनको चमत्कारिक आर्थिक विकास र विश्वकै एक शक्ति राष्ट्रका रूपमा भएको उपस्थिति र दक्षिणको छिमेकी भारतले पनि विगत केही वर्षयता देखाएको द्रुततर आर्थिक विकासले अमेरिकी र अन्य युरोपेली र एसियाली राष्ट्रहरूको ध्यान तानेको छ । यसले नेपालको भूराजनीतिक महत्व अझ बढेको छ ।

सेप्टेम्बर ११, २००१ को आतंककारी घटना पछि भारत, अमेरिका लगायतका मुलुकहरूले नेपालमा सञ्चालित माओवादी आन्दोलनलाई आतंकवादी आन्दोलन भनी घोषणा गरेका छन् । उनीहरूले एकातर्फ शाही नेपाली सेनाका लागि माओवादीसँग लड्न सैनिक सहयोगमा व्यापक वृद्धि गरेका छन् भने अर्कोतर्फ खासगरी अमेरिका र भारतले सेनाको माध्यमबाट आफ्नो प्रभावलाई विस्तार गर्दै लगेका छन् । अमेरिकाको नेपालप्रतिको सहयोगमा एकाएक वृद्धि हुनुमा अमेरिकाको मामला सम्बन्धी जानकारहरूले माओवादी आन्दोलन मात्र कारण नभई अमेरिकाले यस क्षेत्रमा आफ्नो प्रभाव र प्रभुत्व विस्तारका लागि गरेको हो भनिरहेका छन् । अमेरिकाले आफ्नो सहयोग रणनीतिकरूपमा महत्व राख्ने सैनिक क्षेत्रमा केन्द्रित गरेको छ । अमेरिकीहरू सन् १९६० को दशकमा दक्षिण अमेरिका र दक्षिणपूर्वी एसियाली मुलुकहरूमा जस्तै नेपालमा पनि सेनाभित्र आफ्नो प्रभाव विस्तार गरी यहाँको राजनीति, आर्थिक क्षेत्रमा आफ्नो प्रभुत्व स्थापित गराउन चाहन्छन् भन्ने जनाउँदछ ।

त्यस्तै बेलायतले पनि नेपालको वर्तमान अवस्थाप्रति आफ्नो ध्यान केन्द्रित भएको भनी सैनिक र गैरसैनिक सहयोगमा उल्लेख्य वृद्धि गरेको छ । विगत लामो समयदेखि बेलायती गोर्खा सैनिकमा नेपालीको उपस्थिति, विगतमा आफ्नो उपनिवेशकालमा रहेको घनिष्ठ सम्बन्ध र यस क्षेत्रमा आफ्नो पुरानो प्रभावलाई ध्यानमा राखेर सहयोगलाई बढाएको जनाएको छ । त्यसैगरी विश्वव्यापीरूपमा मानवअधिकारको संरक्षण र प्रवर्धनमा आफूलाई अग्रपंक्तिमा उभ्याउँदै आएका युरोपेली र स्क्याण्डिनेभियन राष्ट्रहरूले नेपालमा भइरहेको हत्या, हिंसा र बढ्दो मानवअधिकार उल्लंघनका घटनाहरूले आफ्नो ध्यान आकृष्ट गराएको र नेपाललाई दिइँदै आएको विकास निर्माणको सहयोगमा वृद्धि गर्न र शान्ति स्थापनाका लागि जुनसुकै सहयोग गर्न पनि तयार रहेको जनाउँदै आएका छन् ।

संयुक्त राष्ट्रसंघले पनि नेपालको वर्तमान


विजया दशमी तथा शुभ–दीपावली २०६१ को उपलक्ष्यमा सम्पूर्ण उद्योग व्यवसायी तथा श्रमिक वर्गमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**महालक्ष्मी मैदा मिल्स प्रा. लि.**
**दुहवी, सुनसरी**

अवस्थाप्रति आफ्नो ध्यान आकृष्ट भएको भनी बारम्बार बताउँदै आएको छ। संयुक्त राष्ट्रसंघका महासचिवले आजभन्दा अघि तीन पटकसम्म नेपालको वर्तमान अवस्थाप्रति राष्ट्रसंघ गम्भीर भएको र यसको निदानका लागि सहयोगका हातहरू बढाउन तयार रहेको जनाउ दिएका छन्। त्यस्तै राष्ट्रसंघका अन्य पदाधिकारीहरूबाट पनि बारम्बार यो अवस्थालाई लिएर चिन्ता जाहेर गरिएको छ। दोस्रो विश्वयुद्ध पछि खासगरी राष्ट्रसंघको गठन र मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएपछि विश्वका कुनै पनि मुलुकभित्र घट्ने मानवअधिकार उल्लंघनका घटनाहरू अन्तरराष्ट्रिय चासोको विषय बन्ने गरेका छन्। त्यसमा पनि अझ शीतयुद्धको अन्त्यपश्चात त यो विषयले झनै महत्व पाएको छ र विभिन्न मुलुकहरूमा जारी हत्या-हिंसा र मानवअधिकारको उल्लंघन रोक्न संयुक्त राष्ट्रसंघको सहमतिमा वैदेशिक हस्तक्षेप गरी यस किसिमका घटनाहरू रोक्ने प्रयत्न भएका छन्। विश्वमा शान्ति कायम गर्ने र मानव अधिकारको संरक्षण र विस्तार गर्ने उद्देश्यका साथ स्थापित राष्ट्रसंघका लागि यो विषय दिन प्रतिदिन चुनौतीपूर्ण बन्दै गएको छ। आजको विश्वमा हिजोको जस्तो सार्वभौमिकता सम्पन्न मुलुकभित्र सरकारले आफ्ना जनताप्रति जे जस्तोसुकै व्यवहार गरे पनि विश्वजनमतले चुपचाप सहने स्थिति छैन। चाहे त्यो उत्तरी इराकमा कुर्दहरूमाथि सद्दाम हुसेनको सरकारद्वारा गरिएको ज्यादतीको विषय होस् या रुवाण्डामा १० लाख भन्दा बढी जनताको कत्लेआम हुँदाको अवस्था होस् या हालैको सुडानको डाफर क्षेत्रमा भएको हत्याका घटनाहरू हुन्। मानवअधिकार उल्लंघनका यस किसिमका घटनाका विरुद्ध जनमत निर्माण गर्न र राष्ट्रसंघ लगायत अन्य शक्तिशाली मुलुकका सरकारलाई हस्तक्षेपका लागि दवाव दिने काम हुँदै आएको छ र नियन्त्रणका लागि अन्तरराष्ट्रिय फौजहरू पठाइँदै पनि गरिएको छ। यसर्थ नेपालमा बढ्दै गएको हत्या-हिंसाको श्रृङ्खला बढ्दै गएमा अन्तरराष्ट्रिय जनमतको दवावमा राष्ट्रसंघको अनुमतिले यहाँ पनि अन्य मुलुकमा झैं वैदेशिक हस्तक्षेप हुने सम्भावनालाई नकार्न सकिन्न।

**अन्त्यमा**

माओवादी विद्रोह मूलतः नेपालको आन्तरिक राजनीतिक, सामाजिक र आर्थिक अवस्थाका कारण उत्पन्न भएको हो। तर पनि विगत नौ वर्षदेखि जारी हिंसा र यसका कारण बढेको धन जनको क्षति, मानव अधिकार उल्लंघनका घटनाहरू र यससँग संलग्न व्यक्तिहरूले छिमेकी मुलुकका भूमिलाई प्रयोग गरिरहेका घटनाहरू र तिनलाई नियन्त्रण गर्ने क्रममा राज्यको असफलताले गर्दा छिमेकी मुलुकहरू र अन्य अन्तरराष्ट्रिय समुदायको ध्यान क्रमिक रूपमा नेपालप्रति बढ्दो छ। यसबाट नेपालको परम्परागत रूपमा स्थापित अन्तरराष्ट्रिय प्रतिष्ठामा मात्र होइन यसले वैदेशिक सम्बन्धमा वा नेपालको भूराजनीतिक अवस्थामा पनि दूरगामी असर पार्दै लगेको छ। एकातर्फ द्वन्द्वले अन्तरराष्ट्रिय शक्ति राष्ट्रहरूबाट सैनिक सहयोगमा वृद्धि भइरहेको छ भने अर्कोतर्फ यसको अन्तरराष्ट्रिय प्रतिष्ठा र विश्वसनियतामा पनि गम्भीर असर पर्दै गएको छ। यसैको कारण पनि हो कि विगत केही वर्षयता देखि कुनै पनि राष्ट्रप्रमुख वा सरकारप्रमुखहरूले नेपालको भ्रमण गरेका छैनन् भने नेपालका सरकार प्रमुखलाई पनि राजकीय भ्रमणका लागि निम्त्याएका छैनन्। द्वन्द्वले आन्तरिक रूपमा त मुलुकलाई क्षत विक्षत पारेकै थियो यसले क्रमशः नेपालको परम्परागत रूपमा रहिआएको सुमधुर अन्तरराष्ट्रिय सम्बन्धमा पनि नकारात्मक असर पारिसकेको छ र नेपालको प्रतिष्ठा विश्वसामु दिन प्रतिदिन घट्दो छ।

**"एकातर्फ द्वन्द्वले अन्तरराष्ट्रिय शक्ति राष्ट्रहरूबाट सैनिक सहयोगमा वृद्धि भइरहेको छ भने अर्कोतर्फ यसको अन्तरराष्ट्रिय प्रतिष्ठा र विश्वसनियतामा पनि गम्भीर असर पर्दै गएको छ।"**

**विजया दशमी तथा शुभदीपावली २०६१ ले देशमा स्थायी शान्ति तथा सुख समृद्धि हासिल गर्न सफलता मिलोस्, उद्योगका सम्पूर्ण मजदुर कर्मचारीहरू, उद्योगसँग सम्बन्धित सबै पक्षहरू र उपभोक्ता महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।**

**अशोक प्रसाद मल्ल**
**महाप्रबन्धक**
**उदयपुर सिमेन्ट उद्योग लि., परिवार,**
**जलजले, उदयपुर**

*विजया दशमी तथा शुभ दीपावली २०६१ ले सम्पूर्ण देशवासीहरूमा सुख, शान्ति, समृद्धि तथा आम नागरिकको मानव अधिकार बहालीको लागि युद्ध विराम र दिगो शान्ति स्थापनामा सफलता मिलोस् यही हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।*

**मानव अधिकार र वातावरण**
**विकास केन्द्र (हुरेण्डेक)**

**२०६१ सालको विजयादशमी एवं शुभदीपावलीको पुनित अवसरमा सम्पूर्ण देशवासी एवं यात्रु महानुभावहरूमा सुख, शान्ति, समृद्धिको**
**हार्दिक मंगलमय शुभकामना**

**प्रेम राई, अध्यक्ष एवं**
**हिमाली यातायात व्यवसायी संघ, परिवार,**
**उदयपुर**

# इराकमा मान्छे काट्ने भनेको त खसी काट्ने जस्तै रहेछ !



मञ्जु थापा

गत भदौको कुरा हो, गोंगबुको **आर एन म्यानपावर**ले एउटा विज्ञापन निकाल्यो "कुवेतको लागि ड्राइभर चाहियो ।" त्यस म्यानपावरमा गएर बुझ्दा ड्राइभरको लागि काम प्रशस्त पाइन्छ, दिनको जम्मा ८ घण्टा काम गर्नु पर्छ, २००० हजार डलर मासिक तलब पाइन्छ भन्ने कुरा जानकारी पाएँ । त्यस म्यानपावरमा गएर म लगायत अन्य ३५ जनाले ड्राइभरको भिसामा फर्म भरेर आयौं । त्यसको केही महिना पछि भिसा आएको फोन पाइयो । पैसा बुझाउनु पर्छ भनेकोले मैले आफूसँग पुग्दो पैसा नभएकोले बल्ल-बल्ल ऋण गरी रु. १ लाख २० हजार बुझाएँ । तर जाने बेलामा त्यहाँको दलालले हामी इण्डियाबाट जानु पर्छ भनेर लग्यो । जहाँबाट गए पनि नेपालमा बेरोजगार भएर बस्नु भन्दा त विदेश जानु उचित ठानेर कुवेत जानको लागि गत भदौ महिनामा मुम्बई पुगें ।

कुवेत जाने भनेर त गइयो तर त्यहाँ गएपछि कहिले भिसा आएको छैन भन्ने, कहिले केही दिन कुर्नु पर्छ, भिसा आउन समय लाग्ने भयो भनेर भन्ने । यसरी हामीलाई झुक्याइरहेको रहेछ । केहि दिनमा हामीले थाहापायौं हामी त नराम्रोसंग फसेका पो रहेछौं । हामीलाई लैजाने नेपाली दलालले त त्यहाँको भारतीय दलाललाई बेचेर हिंडेको पो रहेछ । हामी मुम्बइमा एउटै कोठामा २०, २५ जना एक छाक खाना खान खाएर १५ दिन जति बस्यौं । त्यसपछि त्यो भारतीय दलालले पनि हामीलाई कुवेत लाने दलालको हातमा जिम्मा लगाइ दियो । बल्ल हामी कुवेत पुग्यौं ।

पहिला त कुवेतमा काम गर्न आइएकोमा ढुक्क भएँ । हामीले गर्नु पर्ने काम चाहिँ अमेरिकन आर्मीको क्याम्प भित्र गाडी चलाउने भनिएको थियो । काम सजिलो हुन्छ र सुरक्षा पनि हुन्छ भनेर भनिएको थियो । तर जब हामीले चलाउने गाडी देख्यौं हाम्रो सात्तो गयो । किनभने हामीले कहिल्यै त्यस्तो ठूलो र ३६ चक्के गाडी देखेका थिएनौं । चलाउन नसक्ने हो कि ? मलाई डर लाग्यो । अर्कोतिर कतै दुर्घटना हुने हो कि भनेर चिन्ता लाग्यो । गाडी भने मरुभूमिमा चलाउनु पर्ने । सबैतिर बालुवा नै बालुवा थियो । त्यसमाथि पनि तातो हावाले गर्दा हात, मुख र खुट्टाका औंलाहरू सुनिन र फुट्न थाले । बाटो एकदमै लामो दुरीको हुन्थ्यो । कतै पानी पनि पाइँदैन थियो । प्रत्येक दिन बिहान ५ बजेबाट गाडी चलाउन शुरू गरेपछि रातिसम्म चलाउनु पर्थ्यो । समयको कुनै ठेगान नै हुँदैन थियो । हामीले भनेको स्थानमा जसरी भए पनि सामानहरू पुऱ्याउनु नै पर्दथ्यो । चाहे रातको २ बजे किन नहोस् भनेको स्थानमा सामानहरू जसरी भए पनि लगिदिनु पर्दथ्यो ।

सुनसान रात होस् वा उराठ लाग्दो मरुभूमिको बाटो, त्यसमा पनि ४५ डिग्रीदेखि ६० डिग्रीसम्मको प्रचण्ड गर्मीमा ३५ किलो जतिको गैंडाको छालाबाट बनेको ज्याकेट र टोपी लगाएर दिनभरी गाडी चलाएको चलायै गर्नु पर्ने थियो । मैले गर्नु पर्ने मुख्य काम भनेको विभिन्न ठाउँमा अमेरिकन आर्मीहरूको लागि खानाका सामानहरू र आर्मीको क्याम्पहरू ओसार-पसार गर्नु पर्ने थियो । साथै टिनका ठूला-ठूला घरहरू गाडीमा राखेर सम्बन्धित र सुरक्षित ठाउँमा पुऱ्याउनु पर्ने थियो । कुनै कारणबस गाडी बिग्रियो वा दुर्घटना भयो भने आफूले लगेको सामान इराकीहरूको हातमा पर्न नदिन गाडी त्यहीं जलाएर आउनु पर्दथ्यो । मरुभूमिमा बाँचेर आयो भने ठिकै छ नत्र कामदारहरूको खोज तलास चाहिँ गर्दैन थियो । कतिपय गाडी चलाउने साथीहरू बीच बाटोमा पानी खान नपाएर मरेको पनि देखें । कसैलाई गोली लागेर हिंड्न नसक्दा त्यहीं छोडेर आएको पनि देखें । तर उनीहरूको जीवन बीमा चाहिँ हुँदैन थियो ।

एक दिनको कुरा हो, केही दिन पछि हामीलाई काम गर्नको लागि कुवेतबाट इराकमा पठाउन थाल्यो । जुन हाम्रो करार पत्र विपरित थियो । त्यहाँका दलालहरूले यहाँ काम छैन अब तिमीहरूले अर्को हाम्रो क्याम्पमा गएर काम गर्नु पर्छ भन्यो । नेपालीहरूलाई झुटो कुरा गरेर, तलब पनि धेरै हुन्छ, काम पनि सजिलो छ भनेर हामी मध्ये २७ जनालाई काम गर्न इराक लगेको थियो । इराकमा काम गर्न लगेको १२ जनाको मृत्युको खबर केही दिन अघि मात्र सुनेकोले पनि त्यहाँ जान मन लागेन । तर जबरजस्ती म लगायत अन्य १७५० जनालाई कुवेतबाट रातारात इराकमा पठाइयो ।

त्यहाँ इराकको बोर्डर अप्पतालीमा युद्ध हुँदा छरिएको गोली र बारुदहरू एक ठाउँमा थुपार्ने, भत्किएका घरहरू सफा गर्ने, मर्मत गर्ने र ढलहरू खन्ने जस्ता कार्यहरू गर्नु पर्ने थियो । कतिपय स्थानहरूमा त नपड्किएको बम र बारुदहरू जताततै मिल्किराखेका हुन्थे । मनमा एकदमै त्रास बोकेर दिनभरी काम गर्नु पर्दथ्यो । कति बेला के पड्कीने हो थाहा थिएन, टाढा-टाढा बम बारुदहरू पड्केको ठूलो आवाज सुनिइन्थ्यो । ड्राइभरको काममा भनेर हामीलाई इराकमा लेवरको काममा लगाइयो । म लगायत अरू ११७ जनाले क्याम्पभित्र हामीले काम गरेको तलब नपाएपछि तलब सहित जीवन बीमाको माग गऱ्यौं । हाम्रो कुरा कसैले सुनेनन् । त्यसपछि हामीले काम गर्न छाड्यौं । हामीलाई कि त ड्राइभरको काम दे, होइन भने सबैलाई नेपाल पठाइदे भनेर आन्दोलन पनि गऱ्यौं । त्यसपछि हामी नेपालीहरूलाई छुट्टा-छुट्टै ठाउँमा आखाँमा पट्टी बाँधेर राखियो । साथीहरूसँग कुरा गर्न नदिने, भिडियो रेकर्ड गर्ने र भेट्न समेत दिइएन । हामीले चुपचाप काम नगरे मारेर फालिदिने, पहिला पनि धेरैलाई काटेर फालिसकेको भनेर डर देखाइन्थ्यो । कति दिनसम्म त रुँदै रात कटाएँ । नेपालमा भएको आफ्नो परिवारहरूलाई सम्झेर रुनु सिवाय अन्य कुनै विकल्प थिएन ।

हामीहरू हड्तालमा बसेको २ दिन पछि हामीलाई बेच्ने इण्डियन दलाललाई बोलाएर काम नगरेको कुरा बताइएछ । त्यो दलालले एक्कासी मलाई मार्छु भनेर तरवार लिएर आयो । त्यसबेला नेपाली साथीहरूले बचाइ दिए र म रातभरी पानीको टंकीमा लुकेर बसें । भोलि बिहान म पुलिसकोमा जान लागेको बेला अर्को दलालले मेरो टिकट दिन्छु भनेर मलाई एक्लै बोलायो । यो भन्दा पनि पहिला पाँच जना नेपालीहरूलाई घर पठाउने भनेर गायब बनाएको घटना पनि ताजै थियो । त्यसैले मैले पनि अब म अर्काको देशमा मर्ने भएँ केही गर्न सकिनँ भन्ने सोचेको थिएँ । तर त्यहाँ भित्र रहेका अफिसरहरूले सामान्य सोधपुछ गरेर दलालसँग टिकट मागेर एयरपोर्टसम्म लगेर छोडिदिए । मेरा अरू साथीहरूलाई के गरे थाहा भएन ।



कृष्णबहादुर थापा

हवाइजहाज चढेपछि कुवेत र इराकमा दुःख गरी, जोखिम मोलेर काम गरेको सम्झें । काम गर्दा पैसा त पाइनँ तर पनि बाँचेकोमा खुशी थिएँ । तब ममा कुनै पनि हालतमा नेपाल पुग्छु भन्ने आँट आयो । साथमा एक पैसा पनि थिएन । खाना खान नपाएको धेरै दिन भइसकेको थियो, तर पनि हँसिलो मुहार लिएर बहराइन हुँदै आफ्नो देश नेपाल आइपुगें ।

# जेण्डर समानताको यात्रामा स्वीडेनको अनुभव

**राजनीतिमा महिला**

स्वीडेन जेण्डर समानताको रूपमा संसारकै पहिलो नम्बरमा पर्ने देश हो । यहाँको संसद र स्थानीय निकायमा महिला सहभागिता ४८ प्रतिशत र मन्त्री परिषदमा ५० प्रतिशत रहेको छ । समाजमा आधा हिस्साको रूपमा रहेका महिलाहरूको हरेक क्षेत्रमा आधा सहभागिता हुनु पर्ने कुरालाई पहिलो शर्त मान्ने यस देशको संसदमा एकजना सभामुख र तीन जना उप सभामुखमा पनि महिला र पुरुष दुई-दुई जना रहेका छन् । संवैधानिक राजतन्त्र रहेको यस देशमा सभामुख राष्ट्रिय प्रोटोकलमा राष्ट्राध्यक्ष (राजा) पछिको दुई नंवरमा पर्दछन् । मन्त्री मण्डलको गठन, विघटन, सपथग्रहण, निर्वाचनको घोषणा सबै सभामुखले नै गराउँछन् । संसदमा राजाको भूमिका चार वर्षको एकपटक नयाँ संसदको निर्वाचन भएपछि संसदको उद्घाटन गर्ने मात्र हुने गर्दछ ।

समानुपातिक निर्वाचन प्रणाली भएको यस देशमा हाल संसदमा रहेको सात वटामध्ये ६ वटा पार्टीले आफूलाई महिलावादी घोषणा गरेका छन् र निर्वाचनको उम्मेदवारको सूची तयार गर्दा महिला र पुरुषको नाम पालैपालो राखिने कुरा यी सबै राजनीतिक पार्टीले घोषणा नै गरेर लागू गरेका छन् । यस नीतिले गर्दा निर्वाचित निकायमा महिलाको समानुपातिक सहभागितामा विकास भएको छ ।

महिलाको संख्यात्मक सहभागिता झण्डै समानुपातिक भए पनि सामाजिक, मनोवैज्ञानिक र सांस्कृतिक रूपमा जेण्डर समस्या अझै पनि पूर्ण रूपमा निर्मूल भएको छैन । यसैकारण महिला र जेण्डर समानताको कुरा उठाउन वाम पार्टीले संसदमा छुट्टै समानता कमिटी बनाएर जेण्डर विषयमा आफ्नो गम्भिरतालाई प्रष्ट्याएको छ ।

निश्चित तह र क्षेत्रमा, निश्चित संख्यामा महिला सहभागी हुन पुगेपछि अब महिला केन्द्रित नीति र कार्यक्रम आवश्यक छैन भन्ने सोच राख्ने हामीहरूलाई यसले वास्तविकता त्यस्तो नहुँदो रहेछ भन्ने कुरा सिकाएको छ । यस वर्ष संसदमा सरकारको १२१ बुँदे कार्यक्रममा जेण्डर सम्बन्धी १३ वटा प्रस्ताव पेस गरिएका छन् । जसमध्ये लिंगीय दुरुत्साहनबाट महिलामा पर्ने मानसिक, भौतिक, मनोवैज्ञानिक र आर्थिक क्षतिको क्षतिपूर्तिको व्यवस्था गरिनु पर्छ भन्ने विषय प्रमुख प्रस्तावको रूपमा रहेको छ ।

हाम्रो सन्दर्भमा नयाँ कुरा हुनसक्छ, संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक पार्टी संचालनको लागि प्राप्त मतको आधारमा राष्ट्रिय बजेट मार्फत पैसा दिइँदो रहेछ, जसले गर्दा पार्टीहरू चन्दा संकलनको लफडाबाट मुक्त हुन्छन् र जनताको काममा केन्द्रित हुन सक्दछन् ।

"मानिसको शरीर वस्तु होइन, जसको किनबेच हुन सकोस्" - स्वीडेनको राजनीतिक वृत्तले यस कुरालाई गम्भीरतापूर्वक मनन गरेको छ । यौन व्यापारलाई गैर कानुनी मात्र होइन, अपराध ठहर गर्ने विश्वकै एक मात्र देश स्वीडेन हो । यहाँ यौन सेवा बेच्नेलाई होइन, किन्नेलाई अपराधी ठहर गरी ६ महिनासम्म कैद गरिने कानुनी व्यवस्था छ । उनीहरूको सोचाइमा यौन सेवा किन्ने सबल पक्ष र बेच्ने कमजोर पक्ष मानिन्छ । कल्याणकारी राज्यको सिद्धान्त अनुसार राज्यले जहिले पनि कमजोर पक्षको रक्षा गर्नु पर्दछ । त्यसैले, कानुनको उल्लंघन गरी यौन सेवाको किनबेच हुन्छ भने बेच्ने कमजोर पक्षलाई राज्यले संरक्षण दिनु पर्दछ र किन्ने सबल पक्षलाई कार्वाही गर्नु पर्दछ भन्ने सोच रहेछ । यस विषयमा नर्वे, डेनमार्क लगायत अन्य स्क्याण्डिनेभियन राष्ट्रहरूमा छलफल जारी रहेको छ ।



विन्दा पाण्डे

**महिला विरुद्ध हिंसा : स्वीडेनको प्रमुख समस्या**

महिला विरुद्ध हुने हिंसा स्वीडेनको महिला आन्दोलनको सबैभन्दा ठूलो समस्या रहेको छ । झण्डै ५० प्रतिशत महिला वलात्कार, यौन दुरुत्साहन, कुटपिट, अश्लिल चित्र-प्रदर्शन लगायतका हिंसाबाट पीडित रहने गरेको उनीहरूको भनाइ छ । यीनी सबै खाले समस्याबाट पीडितलाई सहयोग गर्ने उद्देश्यले २६ वर्ष पहिला स्थापना भएको महिला सेल्टरमा पीडित महिलालाई संरक्षण र सहयोग दिइन्छ । महिलामाथि हुने यस्ता कुनै पनि हिंसा विरुद्ध कानुनी, भौतिक, मानसिक र मनोवैज्ञानिक सहयोग प्रदान गर्न देशभरमा ढेड सयभन्दा बढी महिला सेल्टरहरू संचालनमा छन् । यी सेल्टरहरूमा स्वीडेनमा वसोवास गर्ने आप्रवासी समेतले बोल्ने भाषाको माध्यमबाट सहयोग दिने हुँदा २० वटा भन्दा बढी भाषामा यी सेवाहरू प्रदान गरिने व्यवस्था छ । अहिले पनि धेरै पीडितहरू प्रहरी चौकीमा जान नरुचाउने कारण यी सेल्टरहरूमा दैनिक १३० वटा भन्दा बढी मुद्दाहरू आउने गर्दछ ।



मूल रूपमा स्थानीय निकाय र आंशिक रूपमा केन्द्रीय सरकारबाट प्राप्त आर्थिक सहयोगमा संचालन गरिएका यी सेल्टरहरूमा धेरै जनशक्ति स्वयंसेवकका रूपमा कार्यरत छन्। सचेत नागरिकले आफ्नो सामाजिक दायित्व कसरी अनुभूत र बहन गर्दछन् भन्ने कुरा यी सेल्टर संचालनको संयन्त्र र जनशक्ति परिचालनले दिंदो रहेछ।

यी सेल्टरहरूको पहिलो काम पीडितलाई सुरक्षा र सहयोग प्रदान गर्ने भए पनि महिला विरुद्ध हिंसाको विषयमा नीतिगत सुझाव तयार गरी सरकारलाई दिने, तथ्यांकहरू संकलन गर्ने, विद्यालय र स्थानीय निकाय मार्फत महिला स्व-रक्षा तालिमहरूमा सहभागी हुन बालिका र महिलाहरूलाई प्रेरित गर्ने जस्ता काम पनि यसको उद्देश्यमा पर्दछ। आन्तरिक स्रोत परिचालन र स्वयंसेवामा आधारित भएकोले पनि समाजमा यी सेल्टरहरूप्रति उच्च सम्मान र यसको सिफारिसको उच्च महत्व हुनुलाई स्वाभाविक मानिन्छ।

**महिला स्व-रक्षा : आत्म विश्वासको मूल आधार**

स्वीडेनका जनसंगठन मध्ये युवा संघको काम सबैभन्दा प्रभावकारी रहेको छ। यस संघले आफ्नो काम १३/१४ वर्षका किशोर-किशोरीदेखि २४/२५ वर्षका युवाहरूको बीच केन्द्रित गरेका छन्। आफ्नो संघको सदस्य र नेतृत्वमा लगभग ६० प्रतिशत महिला रहेको युवा संघको अर्को महत्वपूर्ण काम महिला नेतृत्व विकास हो। महिलामा रहेको शारीरिक कोमलता र संवेदनशीलतालाई मानव समाजमा रहेका दानव प्रवृत्तिका मानिसहरूले कमजोरीको रूपमा लिने र महिला विरुद्ध हिंसा गर्ने कुकार्य जेण्डर सूचकांकमा एक नंबरमा रहेको स्वीडेनमा पनि प्रशस्त मात्रामा रहेको कुरा माथि नै उल्लेख गरिसकिएको छ।

> **"स्वीडेनमा सुत्केरी/सुत्केरो बिदा १३ महिना छ, जसमध्ये दुई महिना पुरुषले लिनै पर्ने प्रावधान रहेको छ।"**

यस कुरालाई त्यहाँको युवा संघहरूले गम्भीरतापूर्वक लिएका छन् र महिलाको स्वरक्षाका लागि आत्मविश्वास विकास सबैभन्दा महत्वपूर्ण हो भन्ने कुरामा सहमत हुँदै महिला स्व-रक्षाको कार्यक्रमलाई प्रमुख रूपमा संचालन गर्दै आएका छन्। यो काम खासगरी विद्यालय र समुदाय आधारित गरेर संचालन गरिन्छ। हिंसाको पीडित पक्ष महिला हुने कारण त्यस्ता हिंसा हुन सक्ने वातावरण पहिचानको मनोवैज्ञानिक पक्ष र हिंसाबाट बच्ने प्राविधिक तरिकाको बारेमा उनीहरूलाई तालिम दिइन्छ। यसमा महिला नै प्रशिक्षक हुने र महिला मात्रै सहभागी हुने गर्दछन्। यसले महिलामा आत्मविश्वास बढाउनुका साथै परिस्थितिबस हिंसाको वातावरण देखापरेमा त्यसबाट आफू कसरी जोगिने भन्ने कुराको ज्ञान र सीप सिकाइन्छ।

पुरुष सहभागीको बीचमा पुरुष प्रशिक्षकले छलफल गराउँछन्। कस्तो अवस्थामा पुरुषबाट महिला विरुद्ध हिंसा हुन सक्दछ? भन्ने बारेमा उनीहरूको मनोवृत्तिको बारेमा छलफल गरी यस्ता हिंसा रोक्न वा पीडित पक्षलाई सहयोग गर्न पुरुषको भूमिका के हुनसक्छ भन्ने बारेमा जानकारी राख्दछन्। यसले पुरुषमा जेण्डर सचेतना बढाउनुका साथै समस्यामा परेका महिलालाई सम्भावित दुर्घटनाबाट जोगाउन सहयोग गर्दछ।

**श्रमको संसारमा जेण्डर विषय**

महिला सहभागिता र जेण्डर समानता स्वीडिस ट्रेड यूनियन आन्दोलनको एउटा प्रमुख विषय हो। श्रमको क्षेत्र र यूनियनको सदस्यमा महिला-पुरुष सहभागिता समान संख्यामा रहेको छ। तरपनि यूनियनको नीति निर्माण तहमा महिला सहभागिता कम छ।

सेवा क्षेत्रमा काम गर्ने श्रमिकमध्ये झण्डै आधा श्रमिक करारमा काम गर्दछन्। त्यसमध्ये, ९० प्रतिशत महिला छन्। पार्ट टाइम र करारमा काम गर्नु पर्ने बाध्यताले मूलतः महिला श्रमिकको पारिश्रमिक, क्यारियर र सेवा अवधि पछि पाउने पेन्सनमा ऋणात्मक असर पारेको छ।

स्वीडेनमा सुत्केरी/सुत्केरो बिदा १३ महिना छ, जसमध्ये दुई महिना पुरुषले लिनै पर्ने प्रावधान रहेको छ। यसमा हाल आएर कम से कम ५/५ महिना बाबु र आमाको लागि अनिवार्य गरिनु पर्छ र बाँकि तीन महिना मात्र ऐच्छिक हुनुपर्छ भन्ने कुरा यूनियनको मुद्दा बनेको छ। यसो हुँदा बच्चा हुर्काउन पुरुषको सहभागिता बढ्छ र अन्ततः बच्चाले बाबुलाई पनि आमा जत्तिकै मन पराउँछ। जुन, सम्बन्ध विच्छेदको दर ४५ प्रतिशतभन्दा माथि रहेको युरोपको समाजमा आजको सामाजिक आवश्यक बनेको छ।

पारिश्रमिकको हिसाबले महिलाहरूको औसत आम्दानी पुरुषको तलबको ८२ प्रतिशत मात्र छ। महिलाहरू बढी पार्ट टाइम र पारिवारिक जिम्मेवारीमा संलग्न रहनु पर्ने कारण यो भिन्नता हुन गएको उनीहरूको ठहर छ।

कार्यथलोमा दुई थरीका दुरुत्साहन पाइन्छन्, एउटा जेण्डर आधारित दुरुत्साहन र अर्को यौन दुरुत्साहन। कामको प्रकृति अनुसार कार्यक्षेत्र फरक हुने हुँदा, जेण्डर आधारित दुरुत्साहन शारीरिक श्रमका क्षेत्रमा बढी पाइन्छ भने महिला-पुरुषसँगै काम गर्ने मानसिक कामका क्षेत्रमा यौनजन्य दुरुत्साहन बढी पाइन्छ।


स्वीडेनको ट्रेड यूनियन आन्दोलनले जेण्डर विषयलाई आफ्नो प्रमुख विषय बनाएको छ, जसमा निम्न चारवटा विषय पर्दछन्।

- रोजगारी र आर्थिक उपार्जनको क्षेत्रमा समान अवसर
- पारिवारिक र घरायसी काममा समान सहभागिता
- नीति निर्माणको तहमा समान सहभागिता
- महिला विरुद्धको हिंसा, यौन दुराचार र लिंगीय दुरुत्साहनरहित समाजको निर्माण

यिनै चारवटा विषयमा केन्द्रित रहेर यूनियन आन्दोलनमा जेण्डर सम्बन्धी गतिविधिहरू अगाडि बढाइएका छन्। यूनियन आन्दोलनको सबै क्षेत्रमा महिलाको समान सहभागिता नभएसम्म यी कुनै पनि विषय जेण्डर दृष्टिकोणबाट पूर्णरूपमा प्रभावकारी बन्न सक्दैन भन्ने सोचसहित महिला नेतृत्व विकासका लागि ९४ प्रतिशत महिला रहेको क्षेत्रमा समेत महिला नेतृत्व विकास विशेष अभियानको रूपमा जारी छ।

# यासेर अराफात

## प्यालेस्टाइन आन्दोलनको एक युगको अन्त्य



जीवन प्रसाई

**म आज यहाँ शान्तिको प्रतीक जैतुनको हाँगा (जैतुनलाई शान्तिको प्रतीक मानिन्छ) र स्वतन्त्रताको बन्दुक लिएर आएको छु । मेरो हातबाट जैतुनको हाँगा नझरोस् !**

यासेर अराफत, संयुक्त राष्ट्रसंघ, १३ नोभेम्वर १९७४

नेताको अद्वितीय गुण उसका उपलब्धिहरूबाट मात्र होइन कि उसले सामना गरेका चुनौतीहरूबाट पनि नापिनु पर्छ । यदि यसै हो भने यासेर अराफात दोस्रो विश्व युद्ध पछिका एक महान नेता हुन् । उनका समकालीन फिडेल क्यास्ट्रो र नेल्सन मण्डेलाले त एउटा बनिबनाउ देशमा शासन प्रणाली परिवर्तन गरी आफूलाई स्थापित गरे । तर उनको परिस्थिति भने एकदम भिन्न थियो । उनीसँग त केवल शक्तिशाली वैरी इजरायल, निराश तथा अपमानित प्यालेस्टाइनी शरणार्थी जनता, (उनीहरू पनि धर्म आदिको कारणले विभाजित) साथै पूर्णरूपमा ध्वस्त अवस्थामा रहेका पूर्वाधारहरू विरासतमा प्राप्त थियो ।

धेरैले अराफात कायरोमा जन्मिएका भन्छन् । तर उनी आफूलाई जेरुसलेममै जन्मेको भन्ने गर्दछन् । जे भए पनि उनको बाल्यकालका केही वर्ष आफन्तको साथ जेरुसलेममा नै बित्यो । त्यसबखत प्यालेस्टाइन बेलायतको उपनिवेश थियो । एकरातको कुरा हो - उनका काकाको घरमा बेलायती सैनिकहरू प्रवेश गरी परिवारका सबै सदस्यहरूलाई कुटपिट मात्र गरेनन्, घरका सम्पूर्ण फर्निचरहरू पनि भाँचभुच गरिदिए । यो घटनाको असर बालक अराफातमाथि नराम्रोसँग पर्‍यो । केही वर्षपछि उनी कायरो सरे । उनको शिक्षा-दीक्षा इजिप्टको राजधानी कायरोमा भयो । उनले १९५६ मा सिभिल इन्जिनियरको उपाधि प्राप्त गरे । विश्वविद्यालयमा हुँदै एक प्रतिष्ठित विद्यार्थी नेताको रूपमा उनको उदय भइसकेको थियो । यसैबेला प्यालेस्टाइन भूमि जोर्डन, इजरायल र इजिप्टले बाँडीचुँडी हड्पे, प्यालेस्टाइन भन्ने ठाउँ संसारको मानचित्रबाट नामेट पार्ने दुस्प्रयास गरे ।

इन्जिनियर भइसकेपछि केही वर्ष उनले इजिप्टको सार्वजनिक निर्माण विभागमा काम गरे । यसपछि कुवेतमा बसाइ सरेर उनी आफ्नै निर्माण कंपनीको काममा लागे । तर फुर्सदको समयमा उनले राजनीतिक क्रियाकलापमा आफूलाई समर्पित गरी "अल फताहा" भन्ने एक भूमिगत संगठनको निर्माण गरे । सन् १९५९ तिरको कुरा हो, आफूले संचालन गरेको पत्रिका मार्फत इजरायल माथि किन धावा बोल्नु पर्छ भन्ने कुराको राम्रोसँग प्रचार-प्रसार गरे । सन् १९६४ को अन्त्यतिर उनी कुवेत छाडी पूर्णकालीन रूपमा प्यालेस्टाइन जनताको नाममा राजनीतिमा होमिए ।

यसैबेलाको अरव लिगले आफ्नो कठपुतली संगठनको रूपमा प्यालेस्टाइन मुक्ति संगठन (पिएलओ) को गठन गरायो । १९६७ तिर अरब-इजरायल बीच ६ दिनसम्म भिषण युद्ध भयो । यो युद्धमा अरवहरू नराम्रोसँग हारे । त्यसपछि फताहाले पिएलओलाई आफ्नो कब्जामा लियो । त्यस बेलादेखि यस संगठनको नेता अराफात रहँदै आए ।

जोर्डनभित्र नै अराफातले आफ्नो सेना र संगठनको शक्तिमा आफ्नो स्वतन्त्र



**जन्म** : २४ अगस्ट, १९२९, जेरुसेलम
**आमा** : प्यालेस्टाइन मूलकी
**बाबु** : प्यालेस्टाइन तर इजिप्सियन, पुर्खा व्यापारी
**पूरा नाम** : महमद अव्देल राउफ अराफात अल कायदा अल हुसेन
**बाल्यकाल** : जेरुसेलम र कायरो
**शिक्षा** : सिभिल इन्जिनियर, कायरो विश्वविद्यालयबाट
१९५८ : अल फताहा गुप्त संगठन निर्माण
१९६९ : पिएलओको कार्यकारी समितिको सभापति
**विवाह** : सुहाताविल
**सन्तान** : एक छोरी जाह्वा
**मृत्यु** : नोभेम्बर ११, २००४, ७५ वर्षको उमेरमा फ्रान्समा भएको थियो ।

अस्तित्व कायम गरेर इजरायल विरुद्ध गुरिल्ला आक्रमण गर्दैरहे । तर यो कुरा जोर्डनका नरेश हुसेनलाई असह्य भयो र पिएलओ माथि पूर्ण प्रतिबन्ध लगाइयो । उनले फेरि आफ्नो संगठनको कार्यालय लेवनानमा सारे । यहाँ अराफात इजरायली गुप्तचर संगठन मोसादका अनेकौं हत्याका षड्यन्त्रबाट बच्न सफल भए तापनि आफू र आफ्नो संगठन बचाउन संगठनको कार्यालयलाई ट्युनिसमा सार्न बाध्य भए ।

लेवनानमा रहँदा नै उनले आफूलाई कुटनीटिक क्षेत्रमा राम्ररी स्थापित गरिसकेका थिए । अराफातले १९८८ को संयुक्त राष्ट्रसंघको शीतकालीन अधिवेशनमा इजरायलसँगको सहअस्तित्वमा जोड दिंदै सबै प्रकारका विध्वंसकारी क्रियाकलापको विरोध गरे । यो काम पिएलओको घोषित नीतिसँग मिल्दो थिएन । तैपनि उनी १९८९ मा पिएलओको प्रमुख एवं प्यालेस्टाइन राज्यको राष्ट्रपतिको रूपमा निर्वाचित भए । अराफातले लिएको नीति विश्व परिस्थिति अनुरूप थियो भन्ने प्रमाणित गऱ्यो ।

सन् १९९१ मा इजरायली प्रधानमन्त्री नचाहँदा नचाहँदै पनि पिएलओसँग वार्ताको टेबलमा बस्न बाध्य भए । यसको लगत्तै इजरायल र अमेरिकामा चुनाब भयो र नयाँ नेतृत्वले ती राष्ट्रलाई डोऱ्यायो । फलस्वरूप इजरायली प्रधानमन्त्री इभ्याक रविन र अराफातले गाजा र जेरिकोमा प्यालेस्टाइनी शासन र अन्य क्षेत्र चाहिँ स्वशासन अन्तर्गत रहने कुरामा सहमति जनाए । यसैलाई ओस्लो संझौता भनिन्छ । यस कार्यको उच्च मूल्यांकन गर्दै १९९३ मा अराफात, सिमोन पेरेज एवं इभ्याक रविनलाई संयुक्त रूपमा शान्तिका लागि नोबल पुरस्कारबाट सम्मानित गरियो ।

अराफातको शान्तिपूर्ण एवं सहअस्तित्वको प्रतिबद्धताका बावजुद श्रृङ्खलाबद्ध आतंककारी कार्यवाही तथा इजरायलको राज्य आतंकले गर्दा आस्लो संझौता त्यतिकै ओइलायो । त्यसपछि अमेरिका र इजरायलले आफ्नो शक्तिको भरमा अराफातको सान्दर्भिकता सकिएको घोषणा गरे । इजरायलले आफ्नो पर्यटन मन्त्रीको आत्मघाती बम आक्रमणमा मृत्यु भएपछि पिएलओको प्रधान कार्यालयलाई घेराबन्दी गरी अराफातलाई रमल्लामा नै सीमित पाऱ्यो ।

जीवनका उत्तरार्धतिर एकातिर इस्लामिक उग्रवादीहरूको दबदबा बढ्दै गयो भने अर्कोतिर प्यालेस्टाइन युवाहरूको धैर्य पनि टुट्दै गयो । अराफातलाई आर्थिक हिनामिना र अति तानाशाहा जस्ता आरोप पनि लागे । तर समग्रमा जस्तो कि उनका एकजना प्रखर आलोचक उरी एमनेरी भन्छन् : वहाँ एक सच्चा राष्ट्रवादी हुनुहुन्थ्यो । वहाँ परलोक भएको जति जति समय बित्दै जान्छ, वहाँ प्रतिको सम्मान झन् झन् बढ्दै जानेछ । साहस, दृढता, शान्ति र जुझारूपन अराफातबाट सिक्नै पर्ने गुणहरू हुन् ।

**विजया दशमी तथा शुभ-दीपावली २०६१ को**
**उपलक्ष्यमा सम्पूर्ण यात्रुवर्गमा शुभकामनाका साथै**
**सडकमा हिड्दा, बाटो काट्दा ध्यान दिनु पर्ने ट्राफिक नियमलाई पालना गरी दुर्घटनाबाट आफू बच्न र अरूलाई पनि बचाउनका लागि सहयोग गर्नु हुनेछ भन्ने हार्दिक कामना गर्दछौं ।**

**अध्यक्ष**
**तथा कोशी बस व्यवसायी संघ, परिवार, इटहरी**

**विजया दशमी तथा शुभ-दीपावली २०६१ को**
**उपलक्ष्यमा सम्पूर्ण उद्योग व्यवसायी तथा श्रमिक वर्गमा**
**हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**अमि एपरेल्स प्रा. लि.**
**खनार, सुनसरी**

# श्रमका क्षेत्रलाई शान्ति क्षेत्र घोषणा गर ! कार्यथलोको सुरक्षा गर !

नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट) को राष्ट्रिय कमिटीको तेस्रो पूर्ण बैठक यही २०६१ साल मंसीर ९ गते अध्यक्ष मुकुन्द न्यौपानेको अध्यक्षतामा सम्पन्न भएको छ। बैठकले महासंघको वर्तमान वार्षिक कार्य योजनाको मूल्यांकन गरेको छ। बैठकले देशको राजनीतिक परिस्थिति, श्रम क्षेत्रका समस्या र भावी कार्यक्रम बारे गरेको निम्न समसामयिक निर्णयहरू सार्वजनिक गर्न यही मंसीर १० गते पत्रकार भेटघाटको आयोजना गर्‍यो।

१. २०५२ साल फागुन १ देखि शुरू भएको हिंसात्मक विद्रोहले दश हजार भन्दा बढी नेपालीको ज्यान गइसकेको छ। विद्रोह शुरू भएदेखि यो वर्षको कात्तिक १७ गतेसम्म सार्वजनिक भएको मर्नेहरूको सख्यालाई हेर्ने हो भने पनि हरेक दिन सरदर ३.३३ जना नेपाली मरिरहेका छन्। श्रम क्षेत्रको मात्रै हिसाब गर्ने हो भने पनि कृषि मजदुर, शिक्षक, कर्मचारी, आम मजदुर, स्वास्थ्यकर्मी, फोटोग्राफर, पत्रकार, कानुन व्यवसायी र इन्जिनियर गरेर राज्य तथा विद्रोही दुवैले २,४३१ जना श्रमिकहरूको ज्यान लिइसकेका छन्। अपहरण गरिएका, वेपत्ता पारिएका तथा अंगभंग हुने गरी सताइएकाहरूको संख्या पनि कहाली लाग्दो रहेको महासंघले महसुस गरेको छ।

२. वेला वेलाको धम्की तथा विध्वंसबाट श्रम क्षेत्र गिजोलिएको छ। यस्ता घटनाले श्रमिकहरूको आधारभूत अधिकार - **कामको अधिकार** समेत खोसिएको निष्कर्ष बैठकले निकालेको छ। जारी हिंसात्मक द्वन्द्वले गाउँ, बजारबाट श्रमिकहरूको ठूलो संख्यालाई विस्थापित गरेको छ। कामको खोजीमा राजधानी र ठूला शहरहरूमा आएका श्रमिकहरू आसै-आसमा भोक-भोकै दिन बिताउन बाध्य छन्। कतिपय श्रमिकहरू आफ्ना भएका झिटीझाम्टा बेचेर विदेश पलायन हुँदैछन्। तेस्रो मुलुकमा, विशेष गरी अरव देशमा कामको खोजीमा गएका नेपालीहरू नेपाली अनुहारका मानव तस्करबाट इराक जस्ता देशहरूमा मृत्युको मुखमा फ्याँकिएका छन्। तुलनात्मक रूपमा सुरक्षित ठानिएका देशहरूमा कामको खोजीमा लालायित युवाशक्ति वैदेशिक रोजगारीमा रहेको स्वदेशी तथा विदेशी माफियाको चर्को ठगीमा पिसिएका छन्। राज्य यी सबै घटनामा मुकदर्शक वा अन्यायीहरूकै मतियार बन्न पुगिरहेको जस्तो देखिएको छ।

३. अहिले हाम्रो देशको राजनीतिक परिस्थिति अन्यौल, दुविधा र संक्रमणको बाटोबाट गुज्रिरहेको छ। प्रजातन्त्रमा निर्वाचित प्रतिनिधिमूलक संस्थाहरूको अनिर्वाचित राजकीय निकायमा नियन्त्रण हुन्छ। हालको परिस्थिति भनेको त्यसको ठीक विपरित स्थिति हो। विश्वको इतिहासलाई हेर्ने हो भने पनि नेपालको वर्तमान स्थितिबाट गुज्रिएका देशहरूमा प्रजातन्त्र पक्षधर शक्ति बीचको वेमेल र विभाजनले अति दक्षिणपन्थी वा अति वामपन्थी अधिनायकवादी शक्तिलाई मलजल गरेको पाइन्छ। तर विडम्वना, जनताको जीवन यस्तो चरम संकटमा पर्दा पनि राज्य, संवैधानिक वा मूलधारका राजनीतिक दलहरू र यहाँसम्म कि नागरिक समाजका संस्थाहरू समेत गम्भीर देखिँदैनन्। सामान्य अवस्थामा जस्तै यो असहज परिस्थितिमा पनि एकले अर्काको उछित्तो काट्ने, उछिन पाछिनको राजनीति गर्ने र पानीमाथिको ओभानो बन्ने प्रवृत्ति ज्यूँका त्यूँ रहेको छ। कम्तीमा पनि संवैधानिक शक्तिहरू एउटै ठाउँमा उभिएर प्रजातन्त्र, शान्ति र अग्रगमनका लागि साझा कार्यक्रम अघि बढाउनु पर्ने जनताको माग विपरित स्वयं संवैधानिक दलहरू बीच कटाक्ष, आपसी कलह र गैर जिम्मेवार अभिव्यक्ति सार्वजनिक हुने दुर्भाग्यपूर्ण स्थिति अहिले छ। त्यसैले महासंघ यो प्रवृत्ति प्रति गम्भीर विमति जनाउँदै निम्नानुसारको माग गर्दछ -

**सरकारले जवाफ दिनै पर्छ**

- ✓ विश्वमा नागरिक वेपत्ता पार्ने राष्ट्रको सूचीमा चढि सकेको हाम्रो देशमा विवादास्पद "आतंकवाद तथा विध्वंसात्मक गतिविधि नियन्त्रण अध्यादेश (टीएडीओ)" अनपेक्षित संशोधन सहित किन जारी गरियो ? यो कामको सत्ताधारी दलहरूद्वारा सार्वजनिक गरिएको ४३ बुँदे न्यूनतम साझा सहमतिको कार्यक्रमसँग कहाँ तादात्म्यता छ ?
- ✓ भ्रष्टाचार, विकृति र राष्ट्रिय सम्पत्तिको दुरूपयोगलाई रोक्ने वाचा सहित सत्तारोहण गरेको बहुदलीय सरकारले आम संचारका माध्यममा सार्वजनिक भए अनुरूप राज्यको कोषको दुरूपयोग गरेको हो कि होइन ? होइन भने त्यसको प्रमाण सहित किन खण्डन हुँदैन ? हो भने त्यस्तो दुस्कार्य गर्ने अधिकार कसले दियो ?



- ✓ अहिले कतिपय दैनिक उपभोगका सामानहरूको मूल्य अचाक्ली बढेको छ । बजारमा त्यस्ता सामानहरूको कृत्रिम अभाव जारी छ । जनतालाई राहत दिने ठूलो वाचा सहित सत्ता सम्हालेको यो सरकारको यसमा जवाफ के छ ?
- ✓ यो सरकारको सबैभन्दा आधारभूत जिम्मेवारी भनेको शान्ति बहाली र प्रजातान्त्रिक अधिकारलाई पुनः लिकमा ल्याउने हो । युद्ध विराम, वार्ता, निर्वाचन र अग्रगामी निकास सम्बन्धी वर्तमान सरकारको आधिकारिक धारणा के हो ? किन मन्त्री-मन्त्री बाट फरक-फरक धारणा सार्वजनिक भइरहेका छन् ?

**सत्ताधारी दलहरूले जवाफ दिनै पर्छ**

- ✓ माथि उल्लेखित विषयमा ४ सत्ताधारी दलहरूको आधिकारिक धारणा के हो ? 'सर्वदलीय' भन्ने नाममा बहुरूपी धारणा सार्वजनिक गर्न पाइन्छ कि पाइँदैन ? 'माछा देखि दुला हात, सर्प देखे पाखा हात' को नीति दलहरू, दलका फरक-फरक नेताहरू किन गरिरहेका छन् ? 'बहुदलीय समन्वय समिति' को निर्देशनमा ४३ बुँदे साझा सहमतिको आधारमा सरकारले काम गर्छ भन्ने सत्ताधारी दलहरूले गरेको सार्वजनिक प्रतिबद्धता आम नेपाली जनताले भुलेका छैनन् । अहिले यी दलहरू "सर पर्दा सत्ताधारी जस्तो र अप्ठ्यारोमा विपक्षीको जस्तो" द्वैध भूमिका किन प्रदर्शित गरिरहेका छन् ? चर्चित 'बहुदलीय समन्वय समिति' ले के गरिरहेछ ? सरकारबाट भएका अनुत्तरदायी काम प्रति यसको जिम्मेवारी छ कि छैन ? सत्ताधारी दलहरूले सरकारमा सम्मिलित मन्त्री वा समितिका नेताको टाउकोमा जिम्मेवारी पन्छाएर उम्कन कसरी पाउँछन् ?
- ✓ शान्तिको लागि 'शान्ति सचिवालय' गठन भएको सबैलाई थाहा छ। त्यसमा सत्ताधारी दलहरूको शीर्षस्थ नेताहरू हुनुहुन्छ र त्यसको सहयोगका लागि मन्त्रीस्तरीय सुविधाको उपभोग गर्ने गरी अन्य नेताहरू सम्मिलित उपसमिति पनि छ । यो सचिवालय प्रति जनताले उच्च अपेक्षा राखेका थिए तर हालसम्म त्यसले गरेको कामको रूपमा आम संचारमा "बैठक भयो, बैठक हुँदैछ र बैठक सकियो" भन्दा बढी केही सार्वजनिक भएको पाइँदैन । यदि सचिवालयले केही गरि नै रहेको छैन भने यस्तो खर्चिलो सचिवालय किन ? यदि 'यसले काम गरिरहेको छ' भने त्यसको परिणाम शून्य किन ?

**विपक्षी दलहरूले जवाफ दिनै पर्छ**

- ✓ अहिले हाम्रो देशमा हिंसात्मक विद्रोह जारी छ । विद्रोहको आँखाबाट हेर्दा सत्तामा रहेका हुन् वा सडकमा, जनप्रतिनिधिमूलक हुन् वा पारम्परिक वंश आधारित संस्था, सबै नै राज्यपक्षीय शक्ति हुन् । विद्रोहलाई समाधान गर्न यी सबै शक्तिहरूको आ-आफ्नो भूमिका अनुरूप जिम्मेवारी हुन्छ । तर हाम्रा विपक्षी दलहरू 'चर्का कुरा' र अर्कालाई धारे हात मात्र लगाएर किन बसिरहेका छन् ? आ-आफ्नो राजनीतिक वा पदीय आकांक्षाको गणितीय जोड-घटाउको आधारमा एउटै धारणालाई 'औंसी र पूर्णे' जस्तै उनीहरूका धारणा किन पीङ खेलिरहेका छन् ? सडकका अवरोधले एउटा सरकार त ढल्ला तर त्यसपछि हुने घटनाको पुनरावृत्तिलाई विपक्षी दलहरू किन थाहा नपाए जस्तो गरिरहेका छन् ? सत्ताबाहिर रहँदा 'उस्तै उस्तै' रहेका साझा धारणाको आधारमा 'राज्य पक्षीय शक्तिको रूपमा' दलहरू किन अघि बढ्दैनन् ?

**विद्रोही पक्षले जवाफ दिनै पर्छ**

- ✓ नेकपा (माओवादी) ले आफ्नो हिंसात्मक द्वन्द्व ' **श्रमजीवी जनताको पक्षमा, जनताको लागि र समाजको अग्रगामी आमूल परिवर्तनको लागि**' भनेको छ । यदि त्यही मान्यता हो भने उनीहरू श्रमिकहरूको हित विपरित उनीहरूको "**कामको अधिकार**" माथि किन आक्रमण गरिरहेका छन् ? किन कलकारखाना, उद्योग धन्दालाई निशाना बनाइरहेका छन् ?
- ✓ उनीहरू साम्यवादी-प्रजातन्त्रको पक्षमा छन् भने गरीब जनता माथि जोर जबरजस्ती किन गरिरहेका छन्?
- ✓ उनीहरू सुन्दर भविष्यको लागि लडिरहेका हुन् भने स्कूललाई नै किन निशाना बनाइरहेका छन् ? बालबालिकाको भविष्य किन बरबाद गरिरहेका छन् ?

हाम्रो महासंघ सम्बद्ध सबै पक्षसँग यी प्रश्नको जवाफ चाहन्छ । सरकार बनाउने र सरकार गिराउने निरन्तरको अस्वस्थ राजनीतिक खेलमा लाग्नु भन्दा पहिलेसम्पूर्ण संवैधानिक शक्तिहरूलाई एक हुन आव्हान गर्दछ र त्यसपछि 'राज्यको रूपमा' एक भएर विद्रोही शक्तिसँग शान्ति वार्ता मार्फत विद्यमान द्वन्द्वको अन्त्यको लागि पहल गर्न सबैलाई आव्हान गर्दछ । हामी एकातिर आपसी कलह गरिरहने र अर्कोतिर भने "यो गर्छु र त्यो गर्छु" भन्दै 'अग्रगामी निकास'का रंगीन पुलिन्दा जनताको आँगनमा झटारो हान्ने कामलाई सतही, गैर जिम्मेवार र समयको वर्बादी मात्र ठान्दछौं । यस्तो कामलाई हामी जनताप्रतिको धोका समेत महसुस गर्दछौं ।

**त्यसैले हामी अब हिंसा र द्वन्द्व विरुद्ध शान्तिको पक्षमा निरन्तर श्रमिक परिचालन गर्ने योजना सहित आव्हान गर्दछौं**

- ✓ 'बालबालिका शान्ति क्षेत्र हुन्' भन्ने नारामा गत मंसीर ५ गते हामीले बुटवलमा पश्चिमाञ्चलका जनता र तिनका विभिन्न संगठनसँग हातेमालो गर्दै जनशक्ति परिचालन गर्‍यौं । अब यसै गरी डिसेम्बर १८ (पुस ३ गते) मा इटहरीमा पूर्वाञ्चलस्तरीय, ८ मार्चमा काठमाडौंस्तरीय र अप्रिल २८ मा वीरगंज आधारित नारायणी अञ्चलस्तरीय श्रम शक्ति परिचालन गर्दैछौं । उक्त कार्यक्रमहरूमा हातेमालो गर्न हामी नागरिक समाजका सम्पूर्ण संघ-संस्था, आमसंचार र जनसमुदायलाई आव्हान गर्दछौं ।
- ✓ हामी सबै प्रकारको गलत कार्यको विपक्षमा छौं । दलहरूको आन्तरिक कलह र दल-दल बीचको विवादको विपक्षमा छौं । 'शान्ति र प्रजातन्त्र' लाई केन्द्र मानेर त्यसैको पक्षमा उभिन सबैमा आव्हान गर्दछौं ।

**"हामी सबै प्रकारको गलत कार्यको विपक्षमा छौं । दलहरूको आन्तरिक कलह र दल-दल बीचको विवादको विपक्षमा छौं । 'शान्ति र प्रजातन्त्र' लाई केन्द्र मानेर त्यसैको पक्षमा उभिन सबैमा आव्हान गर्दछौं ।"**

आरती
सुरक्षा

जस्ता/कर्कटपाता

विश्वको अत्याधुनिक, कम्प्युटर प्रविधिद्वारा संचालित मेसिनबाट उत्पादन गरिएको उच्चस्तरीय, टिकाउ र किफायती आरती सुरक्षा जस्ता/कर्कटपाता विश्वासकासाथ प्रयोग गरौं। ... वर्षौं वर्षसम्म ढुक्क बनौं।

STEEL
SOLID
COMMITMENT

उत्पादकः
आरती स्ट्रीप्स् (प्रा.) लि.
टङ्की सिनवारी-१, विराटनगर, नेपाल,
फोनः २१-२५९०९/२५९१०

# महिला अधिकार अभिवृद्धि कार्यक्रमको योजना कार्यशाला



नेपाल ट्रेड यूनियन महासंघ, केन्द्रीय महिला मजदुर विभागको आयोजनामा यही कात्तिक १८ र १९ गते महिला अधिकार अभिवृद्धि कार्यक्रम अन्तर्गत २ दिने राष्ट्रिय योजना कार्यशाला ललितपुरमा सम्पन्न भयो । उक्त कार्यशालाले महिला मजदुरहरूको चेतना अभिवृद्धि गर्ने उद्देश्यले २००४ मा संचालित स्टडी सर्कल कार्यक्रमको समीक्षा गर्नुका साथै आगामी वर्ष २००५ को लागि योजना तयार गरेको छ ।

कार्यशालाको पहिलो दिन उद्घाटन समारोहमा महासंघका अध्यक्ष-मुकुन्द न्यौपाने, उपाध्यक्ष-ललित कुमार बस्नेत र महासचिव - विनोद श्रेष्ठले आ-आफ्नो मन्तव्य राख्नु भएको थियो । उद्घाटनका अवसरमा महासंघका उप-महासचिवहरू विन्दा पाण्डे, उमेश उपाध्याय, हरिदत्त जोशीको उपस्थिति रहेको थियो । त्यसैगरी पूर्वाञ्चल क्षेत्रीय संयोजक ओम कोइराला र मध्यमाञ्चल क्षेत्रीय संयोजक उद्वव केसीको पनि उपस्थिति रहेको थियो । कार्यक्रमको अध्यक्षता विभागका संयोजक विना श्रेष्ठले गर्नुभएको थियो भने संचालन सचिव पेम्बा लामाले गर्नुभएको थियो । कार्यशालाको दोस्रो दिन केएडी डेनमार्कका महिला ट्रेड यूनियनका प्रतिनिधिहरूको पनि सहभागिता रहेको थियो ।

योजना कार्यशालामा महासंघका क्षेत्रीय संयोजहरू, क्षेत्रीय महिला संयोजकहरू, अंचल कमिटीका अध्यक्ष तथा सचिवहरू, अंचल महिला मजदुर विभागका संयोजकहरू तथा महिला अधिकार अभिवृद्धि कार्यक्रमका संयोजकहरूको सहभागिता रहेको थियो । कार्यशालाले आगामी वर्षमा १२ वटा अञ्चलमा ट्रेड यूनियन आधारभूत ज्ञानका साथै विभिन्न विषयमा १३० वटा स्टडी सर्कल संचालन गर्ने योजना बनाएको छ ।

# नेपाल नाई ट्रेड यूनियनको गठन



हेयर ड्रेसर, सैलुन तथा ब्यूटीपार्लर क्षेत्रमा कार्यरत श्रमिकहरूको गत असोज २१ गते काठमाडौंको कमलपोखरी स्थित जैन भवनमा एउटा बृहत भेला सम्पन्न भयो ।
ट्रेड यूनियन महासंघका अध्यक्ष मुकुन्द न्यौपानेको प्रमुख आतिथ्यमा सम्पन्न सो भेलाले तुलसी ठाकुरको अध्यक्षतामा एघार सदस्यीय नेपाल नाई ट्रेड यूनियनको गठन गरेको छ । त्यसमा उपाध्यक्ष-हरि नारायण ठाकुर, सचिव-राम नगीना ठाकुर, सह-सचिव-गजेन्द्र ठाकुर, कोषाध्यक्ष- विन्दु ठाकुर र सदस्यहरूमा राजेन्द्र ठाकुर, संजय ठाकुर, रविन्द्र ठाकुर, हरेन्द्र ठाकुर, दुर्गा ठाकुर र जगन्नाथ ठाकुर रहनु भएको छ । यो नेपाल ट्रेड यूनियन महासंघको अठारौं सदस्य यूनियन भएको छ ।

काठमाडौंमा सर्वप्रथम २०१२ सालमा नाइहरूको संगठन 'नेपाल हजाम सेवा समिति' बनेको थियो । २०४७ सालमा काठमाडौंमा नाइहरूलाई बोलाएर अर्को संगठन 'नेपाल नाइ संघ' को स्थापना गरेको थियो । पीडित नाई श्रमिकहरूको भनाई अनुसार त्यस संगठनमा अध्यक्षले आफ्नो नातागोता पर्ने मान्छेहरू मात्र भेला गरी नाई संघको नाममा नाईहरूलाई ठग्ने काम गऱ्यो । र, आफ्ना समर्थकहरू मात्र जम्मा गरेर अध्यक्ष बनिरह्यो । त्यस संगठनले अध्यक्ष र महासचिव मिलेर बेनीराम फाइनान्स खोले । त्यस फाइनान्समा नाईहरूको पैसा जम्मा गर्न लगाएर सयौं नाईहरूलाई रुवाई लाखौं लाख रुपैया खाए । त्यसरी नै त्यस संघले पत्रिका निकाल्ने भनेर नाईहरूसँग सय-सय रुपैयाँ उठाए । पत्रिका पनि निकालेन । पीडित नाईहरू आफ्नो पैसाको हिसाब किताब माग्न गयो भने "तिमी हाम्रो संघको साथी होइनौ, निक्लिहाल" भनेर हप्काइ दप्काइ गर्थ्यो । नाईहरूको समस्या जस्तो आवारा केटाहरूले पसलभित्र आएर हप्काउने, कुटपीट गर्ने, पसलको सिसा फोर्ने दुःख दिने, साहुले कामबाट जबर्जस्त निकाल्ने, कुनै ठाउँमा ६० पर्सेन्ट दिने, कुनै ठाउँमा ५० पर्सेन्ट दिने यसरी ज्यालामा समेत भेदभाव गरी शोषण भइरहेको छ, यी समस्याको बारेमा त्यस संगठनले वास्तै गरेन । त्यसैले नयाँ ढंगले नाईहरूलाई संगठित र एकजुट गर्दै नाईहरूको सामाजिक रुपमै परिवर्तन गर्नु पर्ने महसुस गरी भेलाले नेपाल नाई ट्रेड यूनियनको गठन गरेको हो ।